सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ चैत २०८१, आइतबार (16 Mar 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३२९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एमसिसी परियोजनालाई पनि सरकारको बजेट सुनिश्चित

अमेरिकाले स्थगन फुकुवा नगरे आफैं स्रोत जुटाएर निरन्तरता दिने विकल्पमा सरकार





अघि बढिसकेका कामलाई निरन्तरता दिन खोजिएको हो

● **श्यामप्रसाद भण्डारी**, प्रवक्ता, अर्थ मन्त्रालय

एमसिसी परियोजनामा नेपाल सरकारको पनि लगानी छ। चालू आवमा नेपाल सरकारको तीन अर्ब ४५ करोड लगानी भइसकेको छ। हालसम्म दायित्व सिर्जना हुने गरी भएका कामलाई निरन्तरता दिनका लागि रकम सुनिश्चित गरिएको हो। नयाँ काम सुरु गर्ने वा नगर्ने भन्ने विषयमा भने औपचारिक निर्णय भइसकेको छैन।



सरकारले ऋण लिएर भए पनि परियोजनालाई निरन्तरता दिनुपर्छ

● **कुलमान घिसिङ**, सञ्चालक समिति सदस्य, एमसिए नेपाल

जहाँसम्म अमेरिकाले यो सहायतालाई निरन्तरता दिन्छजस्तो लाग्छ। यदि रोकियो नै भने पनि हामीलाई अपरिहार्य परियोजना भएकाले अरू दातृ निकायसँग ऋण लिएर वा आन्तरिक ऋण जुटाएर भए पनि अघि बढाउनुपर्छ। एमसिएका धेरै काम अघि बढेका छन्, यसलाई निरन्तरता दिनुपर्ने दायित्व पनि छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

अमेरिकाले स्थगन गरेको एमसिसी परियोजनालाई सरकारले आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमा स्रोत अभाव हुन नदिने गरी 'इयरमार्क' (बजेट सुनिश्चित) गरेको छ। इयरमार्कको अर्थ एमसिसीमार्फत बजेट नआउने अवस्थामा पनि सरकारले त्यसअन्तर्गतका परियोजनालाई निरन्तरता दिने योजना हो।



परियोजनामा के-के छन्, के भएका छन् काम ?

(पृष्ठ २)

एमसिसी परियोजनाअन्तर्गत विद्युत् प्रसारणलाइन र सडक पूर्वाधार निर्माणका केही काम सुरु भइसकेका छन्। एमसिसीको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड सात लाख डलर गरी यो परियोजनाको कुल रकम ७४.७ करोड डलर अर्थात् करिब एक खर्ब रुपैयाँ हो। तर, डोनाल्ड ट्रम्प अमेरिकी नेतृत्वमा आएसँगै एमसिसी सहयोग स्थगन गरेपछि परियोजनाको भविष्य संकटमा छ। यहीबिच सरकारले आफैं स्रोत जुटाएर भए पनि परियोजना अगाडि बढाउने विकल्प रोजेको छ। अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले एमसिसी परियोजनाअन्तर्गत हालसम्म अगाडि बढिसकेका कामलाई निरन्तरता दिन बजेट 'इयरमार्क' गरिएको बताए।

'एमसिसी परियोजनामा नेपाल सरकारको पनि लगानी छ। चालू आवमा नेपाल सरकारको तीन अर्ब ४५ करोड लगानी भइसकेको छ। हालसम्म दायित्व सिर्जना हुने गरी भएका कामलाई निरन्तरता दिनका लागि रकम सुनिश्चित गरिएको हो,' उनले भने, 'नयाँ काम सुरु गर्ने वा नगर्ने भन्ने विषयमा भने औपचारिक निर्णय भइसकेको छैन।'

» पृष्ठ २ मा क्रमशः

साढे २९ हजार कैदीबन्दीमा साढे १८ हजार बिरामी

६ हजार २८३ लाई विभिन्न दीर्घरोग, १२ हजार ३७५ जना दाँत, आँखा र छालाका बिरामी

केन्द्रीय कारागार अस्पतालमा सीमित रोगको मात्रै उपचार, छैन आइसियू र भेन्टिलेटर

गृहमै थन्किको कारागार सुधार कार्यदलले दिएको प्रतिवेदन

● **नारायणप्रसाद भट्टराई**
महानिर्देशक, कारागार व्यवस्थापन विभाग



चिन्ताले जिउँदो शरीर जलाउँछ भन्छन्। कैन्दीबन्दीहरू अलि चिन्तामै हुन्छन्, त्यसैले पनि रोग बढेको हुन सक्छ। धेरैमा मानसिक रोग बढेको देखिन्छ। शारीरिक र मानसिक रूपमा स्वस्थ बनाउने गरी काम गर्नुपर्छ, विभागले एक वर्षमा ४० कारागारमा मनोसामाजिक परामर्श दिने गरी काम गरिरहेको छ। त्यस्तै, कैदीबन्दीलाई योग, ध्यान र अभ्यास पनि गराउन थालेका छौं। कारागारभित्र इलम (विभिन्न काम) गर्नेमा रोग कम देखिएको छ भने काम नगर्नेमा बढी समस्या देखिएको छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशभरका ७६ कारागारमा एक हजार ६३० महिलासहित २९ हजार ४३५ कैदीबन्दी छन्। जसको ६३ प्रतिशतभन्दा धेरै अर्थात् १८ हजार ६५८ कैदीबन्दी बिरामी छन्। कारागार व्यवस्थापन विभागको तथ्यांकअनुसार क्यान्सर, मिर्गौला फेल, एचआइभी, दमजस्ता दीर्घरोग लागेका कैदी ६ हजार २८३ छन् भने १२ हजार ३७५ कैदीमा दाँत, आँखा र छालाको समस्या छ।

क्यान्सरका ३२, मिर्गौला फेल भएका २९, प्रेसरका एक हजार ९७८, मधुमेहका एक हजार १२ र मुटुरोगका १०९ बिरामी कैदीबन्दी रहेको केन्द्रीय

» पृष्ठ २ मा क्रमशः

■ कैदीबन्दीको उपचारमा मात्रै वार्षिक १५ करोड खर्च



स्वास्थ्य बिमा केन्द्रीय कारागार अस्पतालमा उपचार गर्दा मात्रै लागू हुन्छ। तर, यहाँ सीमित रोगको मात्रै उपचार हुन्छ। अन्य अस्पतालमा उपचार गर्दा सरकारले पैसा तिर्नुपर्छ। त्यसो त बिमा गरेका कैदीबन्दी बिरामी पनि ९३३ मात्रै छन्। अरूका लागि सरकारले नै पैसा तिर्नुपर्छ। उनीहरूको उपचारमै सरकारले वार्षिक औसत १५ करोड विनियोजन गर्ने गरेको छ। तर, यो रकम कहिलेकाहीं अपुगसमेत हुने गरेको केन्द्रीय कारागारका सूचना अधिकारी डा. कमल ढुंगानाले बताए। 'सरकारले छुट्याएको रकम र बिमाबाट कैदीबन्दीलाई उपचार गराइन्छ, तर बिमा ९३३ जनाको मात्रै छ, अन्यको उपचारमा खर्च गर्नुपर्छ, अझ जटिल रोग लागेकामा ठुलो रकम खर्च हुन्छ,' उनले भने, 'त्यसकारण उनीहरूलाई रोग लाग्न नदिन के गर्ने भन्नेबारे पनि सोच्नुपर्छ, कैदीबन्दीको उपचारमा करोडौं खर्च हुनु राज्यका लागि घाटा पनि हो।'

आठ महिनामै कैदीबन्दीको उपचारमा सात करोड ७८ लाख खर्च

सरकारले चालू आर्थिक वर्षमा कैन्दीबन्दीको उपचारका लागि केन्द्रीय कारागार अस्पताललाई १४ करोड ९१ लाख २८ हजार बजेट छुट्याएको छ। त्यसमध्ये पछिल्लो आठ महिनामा मात्रै सात करोड ७८ लाख खर्च भएको छ। वीर अस्पताललाई ६० लाख तिर्न बाँकी छ।



■ कारागार व्यवस्थापन विभागका पूर्वमहानिर्देशक काशीराज दाहाललाई प्रश्न-

कारागारमा बिरामी किन यति धेरै ?

● पहिलो त कैदीबन्दीको संख्याअनुसार कारागार छैनन्। क्षमताभन्दा दोब्बर-तेब्बरसम्म कैदीबन्दी राख्नुपर्ने बाध्यता छ। यसले कारागारमा भिड छ। अति भिडका कारण बसाइ र सुताइ सहज छैन। त्यसले कैदीबन्दीमा मानसिकसँगै प्रेसर र सुगरको समस्या बढ्दै छ। यी समस्याले विभिन्न दीर्घरोग निम्त्याउँछ।

● कैदीबन्दीमा छालासम्बन्धी रोग अझ धेरै छ। क्षमताभन्दा बढी बन्दी भएकै कारण उचित सरसफाइ हुन सकेको छैन। उचित सरसफाइ नहुँदा छालासम्बन्धी रोग निम्तिनु र भिडका कारण एकबाट अर्कोमा फैलिनु कारागारको जटिल समस्या बनेको देखिन्छ।

● नियमित स्वास्थ्य जाँच नहुनु पनि कारागारभित्रको एक प्रमुख समस्या हो। नियमित स्वास्थ्य जाँच हुने हो भने रोग सामान्य छँदा नै पहिचान भएर समयमै उपचार गर्न सकिन्छ। तर, रोग लागेर जटिल बनेपछि मात्रै थाहा हुँदा 'क्रोनिक' भइसकेको हुन्छ। त्यसैले कारागारमा दीर्घरोगी पनि उल्लेख्य छन्।

● कारागार अस्पतालमा कैदीबन्दीको चापको तुलनामा स्वास्थ्य जनशक्ति न्यून छ। कारागार अस्पतालमा स्वास्थ्यकर्मी जानै मान्दैनन्। त्यसैले बिरामी हुँदा समयमै उपचार पाएका छैनन्। त्यस्तै, औषधि नियमित सेवन गर्न सक्ने अवस्था पनि छैन।

● कारागारमा बिरामीको संख्या न्यूनीकरण गर्ने हो भने गम्भीर प्रकारका रोगीलाई छुट्टै राख्न पनि आवश्यक छ। पछिल्लो समय त कैदीबन्दीले अधिकारले दिएको सुविधा पनि पाएका छैनन्।

■ समाजवादी मोर्चाको निष्कर्ष-

जनतामा असन्तुष्टि बढ्दै जानुमा सरकारको कुशासन जिम्मेवार

१५ चैतमा काठमाडौंमा विरोध प्रदर्शनसहित जनसभा तय

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल माओवादीसहित चार दल सम्मिलित समाजवादी मोर्चाले 'प्रतिगामी र पुनरुत्थानवादी तत्त्वको सशक्त प्रतिवाद, गणतन्त्रको रक्षा र नेपाली विशेषताको समाजवादी यात्रा' वर्तमान राष्ट्रिय राजनीतिको कार्यभार भएको निष्कर्ष निकालेको छ। जनतामा असन्तुष्टि बढ्दै जानुमा सरकारको कुशासन जिम्मेवार रहेको ठहर गर्दै मोर्चाले प्रतिगमन र प्रतिक्रियावादी षड्यन्त्र विफल पार्न १५ चैतमा विरोध प्रदर्शनसहित जनसभा गर्ने तय गरेको छ।

मोर्चाले जनतामा एकपछि अर्को असन्तुष्टि र आक्रोश बढ्दै जानुमा सरकारको कुशासन र

» पृष्ठ २ मा क्रमशः



शनिबार समाजवादी मोर्चाले आयोजना गरेको पत्रकार सम्मेलन। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ **समाजवादी मोर्चाको निष्कर्ष-** सरकारको कुशासन र अस्तव्यस्तताका कारण नेपाली जनतामा एकपछि अर्को असन्तुष्टि र आक्रोश तीव्र रूपमा बढ्दै गएको छ। यसले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रको स्वाधीनता र नेपाली जनताको समाजवादको यात्रामा गम्भीर चुनौती देखा पर्दै छ। जनतामा पैदा भएको असन्तुष्टिलाई धमिलो पानी बनाई गणतन्त्रको विरुद्धमा राजतन्त्र पुनर्स्थापनाको षड्यन्त्रमा प्रतिगामी र पुनरुत्थानवादी तत्त्वहरू लागिपरेका छन्। त्यसको सशक्त प्रतिवाद गर्नु, गणतन्त्रको रक्षा गर्नु र नेपाली विशेषताको समाजवादको दिशामा अगाडि बढ्नु वर्तमान राष्ट्रिय राजनीतिको कार्यभार भएको छ।

■ बाँकेको जयन्दु बाल सुधारगृहमा तेस्रो झडप

लागुऔषधको अखडा बन्दै सुधारगृह



बालबन्दी लुटपाटमा उत्रिएपछि स्थानीय त्रासमा

(विस्तृत पृष्ठ ३)

राजनीति र प्रशासनबिचको द्वन्द्व कहिलेसम्म ?



अग्रलेख

● मेघराज शंकर

नेपालमा राजनीति र प्रशासनबिचको द्वन्द्व शासकीय सुधारका आममुद्दामा भन्दा पनि पद, प्रतिष्ठा, दम्भ र निहित स्वार्थ केन्द्रित देखिन्छ

(पृष्ठ ४)

गाजाको मौन महामारी र अन्तर्राष्ट्रिय समुदायको बेवास्ता



गाजामा अहिले विश्वमै धेरै अंगभंग भएका बालबालिका छन्। तर, त्यहाँको ध्वस्तप्रायः स्वास्थ्य प्रणाली उनीहरूको उपचार तथा हेरचाह गर्न असमर्थ छ।

(पृष्ठ ५)

स्थापना भयो उपभोक्ता अदालत

उपभोक्ताले आफू ठगिएको महसुस गरे अब क्षतिपूर्ति माग गर्दै अदालतमा जाने बाटो खुला

● **प्रधानन्यायाधीश भन्छन्-**
सन्तुलित न्याय उपभोक्ता अदालतको विशेष जिम्मेवारीमा पर्छ

(विस्तृत पृष्ठ ६)

■ ग्वार्को फ्लाइओभर निर्माणमा सरकारी निकाय र ठेकेदार कम्पनीको गम्भीर लापरबाही

कालोमाटोले सडकको भार थेग्न नसक्ने देखिएपछि भत्काएर पुनर्निर्माण गरिँदै ४० मिटर च्याम्प

मिलन विश्वकर्मा/नयाँ पत्रिका
तस्बिर : **दिपेन्द्र ढुंगाना**

निर्माणमा लगातार ढिलाइ भइरहेको चक्रपथको ग्वार्को चोकमा निर्माणाधीन फ्लाइओभर परियोजनामा झन्डै ४० मिटर लामो च्याम्प (फ्लाइओभर र सडकलाई जोड्न माटो भरेर निर्माण गरिएको विशेष संरचना)मा प्राविधिक समस्या देखिएपछि उक्त भाग भत्काएर पुनर्निर्माण थालिएको छ। फ्लाइओभरको पुलसँग जोडिएको सातदोबाटोतर्फको झन्डै ४० मिटर लामो च्याम्प पुनर्निर्माण (रेक्टिफिकेसन) गरिँदै छ।

निर्माण पूरा भएको च्याम्पको भागमा समस्या देखिएपछि सडक विभागले त्यसलाई भत्काएर पुनर्निर्माण गर्न निर्देशन दिएको थियो। त्यहाँ झन्डै २६ मिटर गहिराइसम्म कालोमाटो रहेको छ, जसको भारवहन क्षमता कमजोर हुन्छ। यसकारण च्याम्प निर्माण भएपछि जमिन थप दबिएर कंक्रिट प्यानल र ब्लकमा असर परेको थियो। ब्लक-ब्लकबिचमा हावा नै छिर्ने गरी

» पृष्ठ २ मा क्रमशः



फ्लाइओभरको पुलसँग जोडिएको सातदोबाटोतर्फको झन्डै ४० मिटर लामो च्याम्प पुनर्निर्माण गरिँदै।

फ्लाइओभरको अन्तिमपटक ९ पुस ०८१ सम्मका लागि म्याद थपिएको थियो। तर, त्यस अवधि पनि नसकिएपछि कम्पनीले १० पुस ०८१ यताबाट जरिवाना तिरेर काम गरिरहेको छ। यस परियोजनामा निर्माण कम्पनीले ठेक्का रकमको १० प्रतिशतसम्म जरिवाना तिर्नुपर्नेछ, जुन करिब एक करोड ७० लाख रुपैयाँ पर्न सक्छ। जरिवाना लाग्ने मितिबाट दुई सय दिनभित्र कम्पनीले काम सक्नुपर्नेछ। जति छिटो काम सकिन्छ, त्यति कम जरिवाना लाग्नेछ।

● सडक विभागका सिनियर डिभिजनल इन्जिनियर पूजन गिरी भन्छन्-

कालोमाटोमा लोड थपिँदै जाँदा जमिन दबिने समस्या देखियो, त्यसपछि विभागले पुनर्निर्माणका लागि निर्देशन दिएको हो

निर्माण सम्पन्न च्याम्पमा समस्या देखिएपछि विभागले पुनर्निर्माण गर्न निर्देशन दिएको थियो र सोहीअनुसार निर्माण कम्पनीले काम गरिरहेको छ। त्यहाँ कालोमाटो रहेको थियो, जसमा लोड थपिँदै जाँदा जमिन दबिने समस्या देखियो। त्यसकै असरले यसअघि बनाइएको च्याम्प प्रभावित भयो। प्यानल र ब्लक खुल्दा हावा छिर्ने अवस्था आयो, तर पर्खाल भने चर्किएको थिएन। त्यसपछि निर्माण कम्पनीलाई सुधार गर्न निर्देशन दिएका थियौं र अहिले सोहीअनुसार च्याम्प सुधारको काम भइरहेको छ। अन्य खण्डमा पनि कालोमाटो पाइए पनि ती भागमा भने हालसम्म कुनै समस्या देखिएको छैन। आगामी दिनमा समस्या नआउने गरी च्याम्पको पुनर्निर्माण भइरहेको र अहिले त्यहाँको जमिनको कालोमाटोलाई अधिकतम रूपमा दबाइएको छ। अर्थात्, अब त्यसमाथि च्याम्प बनाउँदा जमिन थप दब्नेछैन। यसैगरी च्याम्पको पर्खाल (प्यानल) जगमा पनि ढुंगाको पाइलिङ गरिएको छ।



पूजन गिरी

■ कहिले सकिन्छ काम ?

निर्माण कम्पनीले पछिल्लोपटक चैत मसान्तसम्म परियोजना पूरा गर्ने लिखित प्रतिबद्धता जनाए पनि सो सम्भव नहुने निश्चित भइसकेको छ। चैत मसान्तसम्ममा मुस्किलले च्याम्प पुनर्निर्माणको काम सकिने स्रोतको भनाइ छ। बिचमा थप समस्या देखिएन भने अन्य बाँकी काम गर्दा वैशाख मसान्तसम्म परियोजना तयार हुन सक्ने एक अधिकारीले बताए। विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालका अनुसार परियोजना चालू आर्थिक वर्षमै (असार मसान्तसम्म) पूरा भए पनि राहत हुने बताए। 'चैत मसान्तसम्म परियोजना तयार हुने सम्भावना देखिँदैन, तर असार मसान्तसम्म सकिए पनि धेरै सहज हुने थियो,' उनले भने।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नवराज सुवेदीको नेतृत्वमा राजावादीको नयाँ मोर्चाबन्दी

नयाँ पत्रिका

पूर्वराजा ज्ञानेन्द्र शाहले आह्वान गरेअनुसार राजसंस्था पुनर्स्थापनाको आन्दोलनका लागि राप्रपाका वरिष्ठ नेता एवं राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष नवराज सुवेदीको नेतृत्वमा मोर्चाबन्दीको तयारी भएको छ। पूर्वराजा शाहको इच्छाअनुसार ८६ वर्षीय उनले राजावादी आन्दोलनको मोर्चा सम्हाल्नेछन्।

सुवेदीले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापा, राप्रपाका शीर्ष नेताहरू पशुपतिशमशेर राणा, डा. प्रकाशचन्द्र लोहनी, विक्रम पाण्डे, धवलशमशेर राणा, पूर्वमन्त्री केशरबहादुर विष्ट, राजावादी अभियानका दुर्गा प्रसाईंलगायतसँग भेटेर छलफल गरिसकेका छन्। ०४६ पछि राजनीतिमा सार्वजनिक रूपमा सक्रिय नदेखिएका सुवेदीले पूर्वराजा शाहको इच्छाअनुसार मोर्चाको नेतृत्व गर्न लागेको नेताहरूको भनाइ छ।

राप्रपा र राप्रपा नेपालका नेताहरूले पूर्वराजाको छनोटमा सार्वजनिक रूपमा आलोचना नगरे पनि सुवेदीको नेतृत्वमा आन्दोलन निष्कर्षमा पुग्न नसकिने उनीहरूको आन्तरिक निष्कर्ष छ। यसबारेमा राप्रपाको आइतबार बस्ने केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा छलफल हुनेछ। 'उमेरले ८६ वर्षमा हिँडिरहनुभएका नेता सुवेदी हाम्रा लागि आदरणीय हुनुहुन्छ। तर उहाँले आन्दोलन हाँक्न सक्नुहुन्न,' राप्रपाका एक नेताले भने, 'सुवेदीलाई नयाँ पुस्ताले चिन्दैन। यो त तुलसी गिरीको नयाँ अवतार हो।'

राप्रपाले पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा मोर्चाबन्दीको इच्छा गरेको थियो भने राप्रपा नेपालले संस्कृतिविद् डा. जगमान गुरुङको नेतृत्वमा सबै राजावादी अटाउने मोर्चाबन्दी गर्न चाहेको थियो। 'सुवेदीजीको उमेरका कारण आन्दोलन अघि बढ्न सक्दैन, हामी निरास छौँ,' राप्रपाका अर्का नेताले टिप्पणी गरे। यद्यपि, उनको बचाउ गरेका अर्का नेताले भने सबै राजावादीहरूको साझा नेतृत्व सुवेदीबाहेक कोही पनि फेला नपरेको टिप्पणी गरे। 'राजेन्द्र लिङ्देन, कमल थापा, पशुपतिशमशेर राणा, प्रकाशचन्द्र लोहनी, धवलशमशेर राणा कसैको नेतृत्वमा कोही तयार नहुने, दुर्गा प्रसाईंदेखि केशरबहादुर विष्टसम्म अटाउने नेतृत्व सुवेदीको मात्रै हुने भयो। त्यसकारण उहाँलाई मान्न बाध्य भयौँ,' ती नेताले भने।

पूर्वराजा शाहले प्रजातन्त्र दिवसका अवसरमा देशवासीका नाममा जारी दस मिनेटको भिडियो सन्देशमा देशको समृद्धि र उन्नतिका लागि आफूलाई साथ दिन आह्वान गरेका थिए। उनले 'राष्ट्र जोगाउन र राष्ट्रिय एकता कायम गर्न' साथ दिन आह्वान गरेअनुसार आन्दोलन गर्ने राजावादीहरूको तयारी छ। उनीहरू २५ फागुनमा पूर्वराजा शाहको काठमाडौँमा स्वागतमा उत्रेको ठुलो जनसमूह देखेर हौसिएका छन्।

साढे २९ हजार...

पृष्ठ १ बाट क्रमशः

कारागार अस्पतालको तथ्यांक छ। त्यस्तै, हेपाटाइटिस बी र सी १५४, मानसिक रोग एक हजार ६७, क्षयरोग १५६, एचआइभी १३३ र दम ३२८ कैन्दीबन्दीलाई छ। १५० लाई पत्थरी, ३३० लाई हाडजोर्नी तथा नसासम्बन्धी रोग, ११० लाई यौन तथा भिरिंगी, १४४ लाई थाइराइड र १२१ जनालाई कुष्ठरोग छ भने बाँकी ४३० जनामा अन्य विभिन्न दीर्घरोग छ। विभिन्न दीर्घरोगबाट ग्रसित ६ हजार २८३ कैदीबन्दीको उपचारमा सरकारले ठुलो रकम खर्च गर्दै आएको छ।

स्वास्थ्य बिमा केन्द्रीय कारागार अस्पतालमा उपचार गर्दा मात्रै लागू हुन्छ। तर, यहाँ सीमित रोगको मात्रै उपचार हुन्छ। अन्य अस्पतालमा उपचार गर्दा सरकारले पैसा तिर्नुपर्छ। त्यसो त बिमा गरेका कैदीबन्दी बिरामी पनि ९३३ मात्रै छन्। अरूका लागि सरकारले नै पैसा तिर्नुपर्छ। उनीहरूको उपचारमै सरकारले वार्षिक औसत १५ करोड विनियोजन गर्ने गरेको छ। तर, यो रकम कहिलेकाहीँ अपुगसमेत हुने गरेको केन्द्रीय कारागारका सूचना अधिकारी डा. कमल ढुंगानाले बताए।

'सरकारले छुट्याएको रकम र बिमाबाट कैदीबन्दीलाई उपचार गराइन्छ, तर बिमा ९३३ जनाको मात्रै छ, अन्यको उपचारमा खर्च गर्नुपर्छ, अझ जटिल रोग लागेकामा ठुलो रकम खर्च हुन्छ,' उनले भने, 'त्यसकारण उनीहरूलाई रोग लाग्न नदिन के गर्ने भन्नेबारे पनि सोच्नुपर्छ, कैदीबन्दीको उपचारमा करोडौँ खर्च हुनु राज्यका लागि घाटा पनि हो।'

कारागार व्यवस्थापन विभागका अनुसार रोगको अवस्था हेरेर उपचारमा सहजीकरणका लागि बिरामी कैदीबन्दीलाई कारागार स्थानान्तरण पनि गरिन्छ। उपत्यकाबाहिरका कारागारका बिरामीलाई उपचारका लागि काठमाडौं ल्याउनुपर्‍यो भने केन्द्रीय कारागार अस्पताल वा यो अस्पतालले समन्वय गरेका अन्य अस्पतालमा पुर्‍याइन्छ। मानसिक रोगीलाई उपचार गर्न नक्खु कारागार लगिन्छ र त्यहाँबाट समन्वय भएको अस्पतालमा उपचार गर्न लगिन्छ। त्यस्तै, क्यान्सर भएकालाई भरतपुर क्यान्सर अस्पताल लगिन्छ भने अन्य जटिल रोग देखिएकालाई केन्द्रीय कारागार अस्पतालमा लगिन्छ। यहाँबाट कारागार अस्पतालले अन्य अस्पतालमा आवश्यकताअनुसार रेफर गर्छ।

सुन्धाराका तीन कारागार भवनभित्र मात्रै एक हजार ६३१ बिरामी छन्। महिला बन्दी बसेको भवनमा २१३, बन्दीगृहमा ९२३ र जगन्नाथ देवल भवनमा ४९५ कैदीबन्दी बिरामी छन्।

विभागका महानिर्देशक नारायणप्रसाद भट्टराई अधिकांश कैदीबन्दी चिन्ताका कारण रोगी बन्ने गरेको बताउँछन्। 'चिन्ताले जिउँदो शरीर जलाउँछ भन्छन्। कैन्दीबन्दीहरू अलि चिन्तामै हुन्छन्, त्यसैले पनि रोग बढेको हुन सक्छ। धेरैमा मानसिक रोग बढेको देखिन्छ,' उनले भने, 'शारीरिक र मानसिक रूपमा स्वस्थ बनाउने गरी काम गर्नुपर्छ, विभागले एक वर्षमा ४० कारागारमा मनोसामाजिक परामर्श दिने गरी काम गरिरहेको छ। त्यस्तै, कैदीबन्दीलाई योग, ध्यान र अभ्यास पनि गराउन थालेका छौँ। कारागारभित्र इलम (विभिन्न काम) गर्नेमा रोग कम देखिएको छ भने काम नगर्नेमा बढी समस्या देखिएको छ।'

केन्द्रीय कारागार अस्पतालमा सीमित रोगको मात्रै उपचार, छैन आइसियू र भेन्टिलेटर

देशभरका कैदीबन्दीलाई लक्षित गरेर सुन्धारामा खोलिएको केन्द्रीय कारागार अस्पतालमा सीमित रोगको मात्रै उपचार हुन्छ। अस्पतालमा ३० वटा ओपिडी बेड छन्। इमर्जेन्सी बेड तीनवटा मात्रै छन्।

आइसियू र भेन्टिलेटरको सुविधा अस्पतालमा नभएकाले गम्भीर खालका बिरामीको उपचार यहाँ सम्भव छैन। छालासम्बन्धी उपचारका लागि सामान्य अप्रेसनबाहेक अन्य कुनै पनि अप्रेसन हुँदैन। अप्रेसन गर्नुपर्ने वा अन्य जटिल समस्या भएका कैदीबन्दीलाई अर्कै अस्पताल दौडाउनुपर्छ।

अन्यत्र लैजानुपर्ने बिरामीलाई पनि सरकारी अस्पतालमै लगिन्छ। हाल केन्द्रीय कारागार अस्पतालले वीर, त्रिवि शिक्षण, ट्रमा सेन्टरसहित देशभरका १९ अस्पतालसँग समन्वय गरेको छ। केन्द्रीय कारागार अस्पतालमा उपचार गराइरहेकालाई रेफर गर्नुपर्‍यो भने यही अस्पतालले समन्वय गरिएका अस्पतालमा पठाउँछ।

केन्द्रीय कारागार अस्पतालमा मेडिकल जनशक्ति पनि अभाव छ। हाल पाँच विशेषज्ञ चिकित्सक र अन्य ६ एमबिबिएस चिकित्सक छन्। त्यस्तै, सातजना नर्स छन् भने अन्य सहयोगी छन्। जम्मा ६७ जनाको दरबन्दी रहेको अस्पतालमा हाल ७० जना जनशक्ति छ। अस्पतालको ओपिडी सेवा बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मात्र सञ्चालन हुन्छ भने इमर्जेन्सी २४सै घण्टा खुला रहन्छ। एक बिरामीबराबर कम्तीमा दुई सुरक्षाकर्मी खटाइएको हुन्छ। उनीहरूको कुरुवाका रूपमा समेत सुरक्षाकर्मीले नै सेवा गर्छन्।

केन्द्रीय कारागार अस्पतालमा सामान्य उपचार सेवा मात्रै भएपछि अधिकांश बिरामी अन्य अस्पतालमा जाने गर्छन्। कारागार अस्पतालका सूचना अधिकारी डा. ढुंगानाले केन्द्रीय कारागार अस्पतालमा सीमितलाई मात्रै उपचार गर्न सकिने बताए। 'कारागारभित्र रहेकामा विभिन्न प्रकारका रोग देखिएको छ, अहिलेको अवस्थामा कैदीबन्दीको उपचार गर्ने विशेष अस्पताल यही अस्पताल हो,' उनले भने, 'तर, यहाँ सीमितलाई मात्रै उपचार गर्न सकिन्छ। अलि जटिल र समस्याग्रस्त बिरामी भएमा समन्वय भएका अस्पतालमा लैजान्छौं।' उनका अनुसार केन्द्रीय कारागार अस्पतालमा उपचारका लागि आउने अधिकांश उपत्यकाभित्र कैद भुक्तानी गरिरहेका बिरामी नै हुन्छन्। त्यसमा पनि केन्द्रीय कारागारकै धेरै हुने उनले बताए। कतिपयलाई काठमाडौंमै राखेर उपचार गर्नुपरेमा केन्द्रीय कारागारमा सारेर उपचारको प्रबन्ध पनि मिलाउने गरिन्छ।

यस्तै, उपत्यकाबाहिर रहेका कारागार कार्यालयले पनि नजिकको सरकारी अस्पतालमै समन्वय गरेर कैदीबन्दीको उपचार गराउँछन्। ती कारागारले जिल्ला, प्रादेशिक र संघीय अस्पतालमा उपचार गराउन लैजान्छन्। कोही बिरामीले आफैँले पैसा तिर्ने प्रतिबद्धता जनाएमा भने उसको इच्छाअनुसार निजी अस्पताल पनि लैजाने गरिएको छ।

गृहमै थन्कियो कारागार सुधार कार्यदलले दिएको प्रतिवेदन

तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठको पालामा कारागार व्यवस्थित गर्न र त्यहाँका समस्या समाधान गर्न कारागार सुधार कार्यदल गठन भएको थियो। कारागार व्यवस्थापन विभागका पूर्वमहानिर्देशक काशीराज दाहाल पनि उक्त कार्यदलमा सदस्य थिए। कार्यदलले अध्ययन गरेर कारागार सुधारका सुझावसहित प्रतिवेदन बुझायो। कैदीबन्दीलाई सीप सिकाएर उद्यममा जोड्नुपर्ने र सक्रिय जीवनशैलीले मानसिक तथा शारीरिक दुवै रूपमा स्वस्थ रहने सुझाव दिइएको थियो। तर, अहिलेसम्म पनि प्रतिवेदन गृहमै थन्किएको छ। 'मसमेत सदस्य रहेको कार्यदलले त्यतिवेलै कारागार सुधारका लागि सुझावसहितका प्रतिवेदन बुझाएको थियो, तर कार्यान्वयनमा आएको छैन,' उनले भने, 'कैदीबन्दीलाई सीप सिकाएर उद्यममा लगाउनुपर्ने, त्यसलाई घरेलु उद्योगकै रूपमा विकास गर्न सकिनेलगायत सुझाव थियो। तर, अहिले प्रतिवेदन कहाँ छ थाहा छैन।'

कारागारमै एकोहोरिन्छन् रायमाझी

नक्कली भुटानी शरणार्थी मुद्दामा केन्द्रीय कारागार सुन्धारामा रहेका टोपबहादुर रायमाझी पनि समय-समयमा कारागार अस्पतालमा उपचारका लागि आउँछन्। तर, कहिले कारागार अस्पतालसँग अनुमति लिएर वीर अस्पताल जान्छन्। 'उहाँलाई ढाडको समस्या छ, कहिलेकाहीँ यहाँ उपचारका लागि आउनुहुन्छ, कहिलेकाहीँ वीरमा जानुहुन्छ,' सूचना अधिकारी डा. ढुंगानाले भने।

कारागारमा रहेका रायमाझी पछिल्लो समय अलि फरक देखिएका छन्। सुरुसुरुमा आउँदा ठिकै देखिने उनी अचेल बढी नै निराश देखिने र एकोहोरिने गर्छन्। कारागारका जेलर कृष्णबहादुर कटुवालका अनुसार रायमाझी बिहान पत्रपत्रिका पढ्ने, आगन्तुकसँग भेट्ने र कुराकानी गर्ने गर्छन्। तर, उनले कतिपय कुरा बिर्सने गर्छन्। वेलावेलामा एकोहोरिन्छन्। सुरुमा आउँदा कारागारका कर्मचारीसँग हाँस्ने, बोल्ने उनी अचेल त्यति धेरै बोल्दैनन्।

'उहाँ यहाँ बस्न थालेको पनि धेरै नै भयो, अचेल अलि बिर्सिने बानी भएजस्तो लाग्छ, कारागारमा आउने आफन्तसँग उहाँले कुराकानी गर्नुहुन्छ, कुनै-कुनै वेला पत्रपत्रिका पनि पढ्नुहुन्छ,' कटुवालले भने। अचेल रायमाझीलाई भेट्न शीर्ष नेताहरू नआएको उनको भनाइ छ। परिवार र कार्यकर्ता भने पालैपालो भेट्न पुग्छन्।

एमसिसी...

पृष्ठ १ बाट क्रमशः

चार सय केभी क्षमताको कुल ३१५ किमि लामा चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन तथा पूर्व-पश्चिम राजमार्गको ४० किमि सडकखण्ड र मुग्लिन-नारायणगढ सडकको विशेष मर्मत एमसिसी परियोजनाअन्तर्गत छन्। २० जनवरी (७ माघ)मा ट्रम्पले एमसिसिलगायत विभिन्न फन्डमार्फतका आर्थिक सहायता ९० दिनका लागि स्थगन गरेका थिए। स्थगनको समयावधि अब ३५ दिन मात्रै बाँकी छ। त्यसपछि अमेरिकाले एमसिसीलाई निरन्तरता नदिए परियोजना के गर्ने सरकारकै हातमा रहनेछ। ठुलो रकमका परियोजना भएकाले स्रोत सुनिश्चित गर्न सरकारलाई सजिलो भने छैन।

एमसिए नेपालका सञ्चालक समिति सदस्यसमेत रहेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ सरकारले ऋण लिएर भए पनि परियोजनालाई निरन्तरता दिनुपर्ने बताउँछन्। 'जहाँसम्म अमेरिकाले यो सहायतालाई निरन्तरता दिन्छ जस्तो लाग्छ। यदि रोकियो नै भने पनि अपरिहार्य परियोजना भएकाले अरू दातृ निकायसँग ऋण लिएर वा आन्तरिक ऋण जुटाएर भए पनि अघि बढाउनुपर्छ। एमसिएका धेरै काम अघि बढेका छन्, यसलाई निरन्तरता दिनुपर्ने दायित्व पनि छ,' उनले भने।

परियोजनामा के-के छन्, के भएका छन् काम ?

चार सय केभी क्षमताको कुल ३१५ किमि लामा चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन, पूर्व-पश्चिम राजमार्गको ४० किमि सडकखण्ड र मुग्लिन-नारायणगढ सडकको विशेष मर्मत एमसिसी परियोजनाअन्तर्गत छन्।

प्रसारणलाइनतर्फ ११७ किमि लप्सीफेदी-रातमाटे-न्यु हेटौँडा, ९० किमि रातमाटे-न्यु दमौली, ९० किमि न्यु दमौली-न्यु बुटवल र १८ किमि 'न्यु बुटवल-नेपाल/भारत सीमा' प्रसारणलाइन परियोजनामा छन्। यसमध्ये 'न्यु बुटवल-नेपाल/भारत सीमा' प्रसारणलाइन निर्माणका लागि एक करोड २३ लाख ६० हजार डलर लागतमा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग गत १४ भदौमा ठेक्का सम्झौता भइसकेको छ। बाँकी २९७ किमि लामो तीन प्रसारणलाइनका लागि एमसिसी नेपालले १२ मंसिरमा ग्लोबल टेन्डर आह्वान गरेर मूल्यांकनको चरणमा छ।

त्यस्तै, सबस्टेसनतर्फ चार सय केभीका रातमाटे सबस्टेसन, नयाँ दमौली सबस्टेसन र नयाँ बुटवल सबस्टेसनको ठेक्का सम्झौता भएर निर्माणको तयारीमा छन्। रातमाटे सबस्टेसन निर्माणका लागि पाँच करोड १५ लाख डलर, नयाँ दमौलीको तीन करोड ८८ लाख ९० हजार डलर र नयाँ बुटवलको तीन करोड ५५ लाख १० हजार डलरमा सम्झौता भएको छ। ठेकेदारहरूले झन्डै ३० प्रतिशतका दरले पेस्कीसमेत लगिसकेका छन्।

सडकतर्फ ४० किमि लामो धानखोला-लमही खण्ड विशेष मर्मतका लागि ठेकेदार कम्पनी छनोट प्रक्रियामै छ। ग्लोबल टेन्डरमा १३ प्रस्ताव आएकामा आन्तरिक मूल्यांकन भइरहेको छ। नारायणगढ-मुग्लिन सडकखण्ड मर्मतका लागि भने ठेक्का आह्वान हुन बाँकी छ।

परियोजनाका लागि सरकारले चालू आव ०८१/८२ को बजेटमा १३ अर्ब ३६ करोड रुपैयाँ छुट्याएको छ। सबैभन्दा ठुलो रकम विद्युतीय संरचना निर्माणमा सात अर्ब ७७ करोड छुट्याएको छ।

एमसिएसहित १९ परियोजनाका लागि बजेट सुनिश्चित

अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाले अर्थमातहतकै एमसिए नेपालसहित १९ परियोजनाका लागि बजेट इयरमार्क गरी सम्बन्धित मन्त्रालयलाई कार्यक्रम प्रस्ताव गर्न पत्राचार गरेको छ। स्रोत रकम सुनिश्चित गरिएका आयोजनामध्ये भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना, उत्तर-दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी), पुष्पलाल राजमार्ग (मध्यपहाडी राजमार्ग), हुलाकी राजमार्ग (पुलसमेत) र काठमाडौं-तराई मधेश फास्ट ट्र्याक छन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतका दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ बारा, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, पशुपति क्षेत्र विकास कोष र लुम्बिनी विकास कोषका लागि बजेट इयरमार्क गरिएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत बुढीगण्डकी जलविद्युत् कम्पनी, बबई सिँचाइ आयोजना, भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, महाकाली सिँचाइ आयोजना (कञ्चनपुर), रानी-जमरा-कुलरिया आयोजना, सिक्टा सिँचाइ आयोजना र सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना छन्।

त्यस्तै, खानेपानी मन्त्रालयअन्तर्गत मेलम्ची खानेपानी आयोजना छ भने वन मन्त्रालयअन्तर्गत राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई बजेट रकम सुनिश्चित गरिएको छ। सरकारले प्रायः राष्ट्रिय गौरवका आयोजनालाई बजेट इयरमार्क गर्छ।

'जनतामा...

पृष्ठ १ बाट क्रमशः

अस्तव्यस्तता नै जिम्मेवार रहेको दाबी गरेको छ। सरकारका यस्ता कामले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रको स्वाधीनता र नेपाली जनताको समाजवादको यात्रामा गम्भीर चुनौती देखा पर्दै गएको मोर्चाको दाबी छ। 'सरकारको कुशासन र अस्तव्यस्तताका कारण नेपाली जनतामा एकपछि अर्को असन्तुष्टि र आक्रोश तीव्र रूपमा बढ्दै गएको छ। यसले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रको स्वाधीनता र नेपाली जनताको समाजवादको यात्रामा गम्भीर चुनौती देखा पर्दै छ,' मोर्चाले शनिबार राजधानीमा पत्रकार सम्मेलन गरी भनेको छ। मोर्चामा माओवादी, एकीकृत समाजवादी, नेसपा र नेकपा गरी चार दल आबद्ध छन्।

यस्तै, मोर्चाले सरकार बिचौलिया दलालहरूको स्वार्थसिद्धमा केन्द्रित रहेको आरोप लगाएको छ। 'राज्य सञ्चालनको स्वेच्छाचारिताका कारण देशले अप्ठेरो र संकटपूर्ण अवस्थाको सामना गरिरहेको छ। भ्रष्टाचार, कमिसन र कालोबजारीले अर्थतन्त्र संकटग्रस्त छ। नेपाली जनताको जनजीविका कहालीलाग्दो अवस्थामा छ,' मोर्चाले भनेको छ, 'सरकार बिचौलिया दलालहरूको स्वार्थसिद्धमा केन्द्रित छ। लोकतान्त्रिक मूल्य-मान्यताको उपहार गर्दै छ। अध्यादेशमार्फत सरकार चलाउने, सदन छल्ने र संसद्मा दर्ता भएका महत्त्वपूर्ण विधेयक नियन्त्रण गरी राख्नेमा उद्यत छ।'

मोर्चाले संघीय लोकतान्त्रिक गणतन्त्रको विकासमा गतिहीनता, सरकारको मनोमानी, देश एवं जनताको हितविपरीतका गलत क्रियाकलापले राजतन्त्र पुनर्स्थापनाको पक्षधरलाई सहयोग पुगेको मोर्चाको भनाइ छ। 'जनताको पैदा भएको असन्तुष्टिलाई धमिलो पानी बनाई गणतन्त्रको विरुद्धमा राजतन्त्र पुनर्स्थापनाको षड्यन्त्रमा प्रतिगामी र पुनरुत्थानवादी तत्त्वहरू लागिपरेको' मोर्चाको ठहर छ। मोर्चाले 'त्यसको सशक्त प्रतिवाद गर्नु, गणतन्त्रको रक्षा गर्नु र नेपाली विशेषताको समाजवादको दिशामा अगाडि बढ्नु वर्तमान राष्ट्रिय राजनीतिको कार्यभार भएको' निष्कर्ष निकालेको छ।

देशभक्त तथा गणतन्त्रवादी शक्तिहरू एकजुट भई प्रतिगमन र प्रतिक्रियावादीको षड्यन्त्रलाई विफल पार्न मोर्चाले आगामी १५ चैतको विरोध प्रदर्शनसहितको जनसभामा सहभागी हुन अपिल गरेको छ। प्रतिगामी र पुनरुत्थानवादी षड्यन्त्रका विरुद्ध एकता, सहकार्य र संयुक्त विरोध आन्दोलनको नेतृत्व गर्नु अहिलेको वस्तुस्थितिको अहं जिम्मेवारी बन्न गएको मोर्चाको भनाइ छ। पत्रकार सम्मेलनमा मोर्चाका शीर्ष नेताले प्रतिगामी षड्यन्त्र सफल हुन नसक्ने दाबी गरेका छन्। माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वैज्ञानिक समाजवाद स्थापना गरी जनताको जीवनमा परिवर्तन ल्याउने संकल्प मोर्चाले गरेको बताए। 'अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संविधानले समाजवादउन्मुख राज्य भनेर परिकल्पना गरेको छ। हामी त्यसलाई साकार पार्नका लागि वैज्ञानिक समाजवादसम्म जान चाहन्छौँ,' उनले भने, 'जनताको जीवनमा परिवर्तन ल्याउने एउटा नयाँ संकल्प गरेका छौँ।'

गणतन्त्र पक्षधरले आफ्नो आत्मसमीक्षा जनतामा राख्नुपर्ने र अगाडि कसरी जान चाहन्छौँ भन्ने पनि स्पष्ट भन्नुपर्ने आवश्यकता उनले औँल्याए। व्यवस्थाको रक्षा गर्दै थप उपलब्धि प्राप्त गर्न गणतन्त्र पक्षधरहरूलाई एक ठाउँमा ल्याउने प्रयास भइरहेको उनले बताए। एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पुँजीवादी व्यवस्थालाई बदल्नुपर्ने बताए। 'अहिले व्यवस्था बदल्ने कुरा आएको छ। अवश्य नै पुँजीवादी व्यवस्थालाई बदल्नुपर्छ, तर सामन्ती व्यवस्थामा जाने होइन। समाजवादी गणतन्त्रमा जानुपर्छ,' नेपालले भने।

नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले नेपालको कम्युनिस्ट आन्दोलनलाई पुनः ००६ को जस्तै एकीकृत गर्ने अभियानमा लागेको बताएका छन्। 'सिंगो नेपाली कम्युनिस्ट आन्दोलनलाई नयाँ अवधारणामा रूपान्तरणसहित ००६ सालमै लान सकिन्छ त भन्ने बहस चलिरहेको छ। हामी त्यस हिसाबले अगाडि बढेका छौँ,' विप्लवले भने।

कालोमाटोले...

पृष्ठ १ बाट क्रमशः

धेरै नै ग्याप बनेको थियो। त्यसपछि सडक विभागले त्यसलाई सुधार गर्न निर्माण कम्पनीलाई पत्राचार गरेको थियो। त्यसपछि कम्पनीले डेढ महिना काम रोकेर आवश्यक अध्ययन गरी २३ माघबाट पुनर्निर्माण सुरु गरेको थियो। गत पुस-माघमा कम्पनीले काम रोकेको थियो। निर्धारित समयमै काम सम्पन्न गर्नुपर्ने भए पनि ठेकेदार कम्पनी आरसी, समानान्तर र रिलिग्रे जेभीले उक्त भाग भत्काएर पुनर्निर्माण सुरु गरेको हो।

फ्लाइओभरको कुल लम्बाइ ४९० मिटरको छ। त्यसमा पुललाई सडकसँग जोड्न बालकुमारीतर्फबाट २८० मिटर र सातोबाटोतर्फबाट १७५ मिटर लम्बाइको र्‍याम्प बनाइँदै छ। बिचको सुपर स्ट्रक्चर (पुल)को लम्बाइ भने ३५ मिटर लामो हुनेछ। हालसम्म पुलको निर्माण सकिएको थियो भने र्‍याम्प निर्माण पनि अन्तिम चरणमा पुगेको थियो।

सडक विभागका सिनियर डिभिजनल इन्जिनियर पुजन गिरीका अनुसार विभागको निर्देशनअनुसार निर्माण कम्पनीले र्‍याम्प भत्काएर पुनर्निर्माण गरिरहेको छ। 'निर्माण सम्पन्न र्‍याम्पमा समस्या देखिएपछि विभागले पुनर्निर्माण गर्न निर्देशन दिएको थियो र सोहीअनुसार निर्माण कम्पनीले काम गरिरहेको छ,' उनले भने, 'त्यहाँ कालोमाटो रहेको थियो, जसमा लोड थपिँदै जाँदा जमिन दबिने समस्या देखियो। त्यसकै असरले यसअघि बनाइएको र्‍याम्प प्रभावित भयो। प्यानल र ब्लक खुल्दा हावा छिर्ने अवस्था आयो, तर पर्खाल भने चर्किएको थिएन। त्यसपछि निर्माण कम्पनीलाई सुधार गर्न निर्देशन दिएका थियौँ र अहिले सोहीअनुसार र्‍याम्प सुधारको काम भइरहेको छ।'

गिरीका अनुसार उक्त क्षेत्रका अन्य खण्डमा पनि कालोमाटो पाइए पनि ती भागमा भने हालसम्म कुनै समस्या देखिएको छैन। आगामी दिनमा समस्या नआउने गरी र्‍याम्पको पुनर्निर्माण भइरहेको र अहिले त्यहाँको जमिनको कालोमाटोलाई अधिकतम रूपमा दबाइएको उनको भनाइ छ। अर्थात्, अब त्यसमाथि र्‍याम्प बनाउँदा जमिन थप दब्नेछैन। यसैगरी र्‍याम्पको पर्खाल (प्यानल) जगमा पनि ढुंगाको पाइलिङ गरिएको उनको भनाइ छ।

इपिसी (इन्जिनियरिङ प्रोक्युअमन्ट एन्ड कन्स्ट्रक्सन) मोडलमा यसको ठेक्का भएको थियो। डिजाइनका क्रममा निर्माण कम्पनीले माटो परीक्षणसमेत गरेका थिए। तर, निर्माणका क्रममा भने त्यसअनुसार काम नगर्दा पुनः भत्काउनुपर्ने बाध्यता आएको स्रोतको भनाइ छ।

पछिल्लोपटक परियोजनाको समग्र भौतिक प्रगति ८२ प्रतिशतहाराहारीमा पुगेको थियो। तर, र्‍याम्प भत्काउनुपर्ने हुँदा परियोजनाको प्रगति पनि प्रभावित भएको छ। निर्माण कम्पनीले अब परियोजनामा र्‍याम्पको पुनर्निर्माण सक्काएर 'फिनिसिङ' गर्नुपर्नेछ। एप्रोच ट्र्याक, अकासेपानी व्यवस्थापन गर्नेलगायत संरचना पनि बनाउनुपर्नेछ।

यसअघि निर्माण सुरु गर्नासाथ डिजाइनमा समस्या देखिएपछि माघ ०७९ मा पनि निर्माण अवरोध भएको थियो। त्यसपछि डिजाइन परिमार्जन गरेर निर्माण सुरु गरिएको थियो। त्यसपछि डिजाइनमा समस्या नदेखिए पनि निर्माणमा भने पटक-पटक समस्या आएको देखिन्छ। त्यसले त्यहाँ ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण हुँदा यात्रुले सास्ती भोग्दै आएका छन्।

भावपुर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २००४/०९/१७

स्वर्गारोहण
वि.सं. २०८१/११/२०

स्व. डा. कमला सुवेदी

यस कम्पनीका अध्यक्ष श्री आशिष सुवेदीका ममतामयी माता पुर्व प्राध्यापक **डा. कमला सुवेदी** को यही मिति २०८१/११/२० गते ७८ वर्षको उमेरमा भएको दुःखद निधनले हामीहरु स्तब्ध भएका छौ।

स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति एंव वैकुण्ठ बासको कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै गहिरो समवेदना प्रकट गर्दछौं।

रु रु जलविद्युत परियोजना लिमिटेड
परिवार
काठमाडौं महानगरपालिका - १ काठमाडौं
(माथिल्लो हुग्दि खोला ५ मे.वा.)

सुम्निमा हाइड्रोपावर कम्पनी प्रा.लि.
परिवार
काठमाडौं महानगरपालिका - १५ काठमाडौं
(माथिल्लो पिखुवा खोला ४.९ मे.वा., पिखुवा पशुपति खोला ४.१ मे.वा.)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

घरजग्गा खाली गर्न बुद्धिमान तामाङ र टंक माया तामाङको नाममा जारी गरिएको सार्वजनिक सूचना

यस एन आई सी एशिया बैंकको नाममा दर्ता कायम रहेको झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल झापा जिल्ला, मेचिनगर नगरपालिका वडा नं. २) स्थित कित्ता नं. ३०८६ र ४२८६ को क्षेत्रफल १-४-१६-० र ०-२-२-०, झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. २ ख (हाल झापा जिल्ला, मेचिनगर नगरपालिका वडा नं. ४) स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-४-०-० र झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७ ख (हाल झापा जिल्ला, मेचिनगर नगरपालिका वडा नं. ५) स्थित कित्ता नं. ११४० र १६८२ को क्षेत्रफल ०-१-१०-० र ०-१८-१०-० विगाहको जग्गा र सो जग्गामा बनेको बैंकको स्वामित्वमा रहेको घर साविक झापा जिल्ला, बाहुनडांगी गा.वि.स. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचिनगर नगरपालिका वडा नं. २ बस्ने बुद्धिमान तामाङ (ना.प्र.नं.३४७१११६९ जारी मिति २०६२/०२/ ०२ जि.प्र.का. झापा) र साविक झापा जिल्ला, बाहुनडांगी गा.वि.स. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचिनगर नगरपालिका वडा नं. २ बस्ने टंक माया तामाङ (ना.प्र.नं.०४१००१/१५६३ जारी मिति २०६७/११/१६ जि.प्र.का. झापा) समेत ले अनधिकृत कब्जा गरी अवैध रुपमा बस्नु भएको, बैंकले उपरोक्त स्थानमा रहेको उक्त घर जग्गा खाली गर्न निज बुद्धिमान तामाङ र टंक माया तामाङलाई मौखिक तथा लिखित रुपमा पटक पटक अनुरोध गर्दा समेत हालसम्म पनि बैंकको उक्त घर जग्गा खाली नगरी अटेर गरी अनधिकृत रुपमा कब्जा गरी बस्नु भएकोले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बैंकको उक्त घरजग्गाबाट हट्नु भई बैंकको घरजग्गा खाली गर्न उहाँ लगायत अन्य अनधिकृत रुपमा बस्ने सबैलाई यसै सुचना मार्फत सूचित गरिन्छ। अन्यथा अनधिकृत कब्जालाई यस बैंकले हटाई बैंकले लिने जानकारी गराईन्छ र सो अनधिकृत कब्जा गरे वापत बैंकले क्षतिपूर्ति समेत दाबी गर्नसक्ने पनि यसै सुचना मार्फत सूचित गरिएको छ।

कार हरायो

मिति २०८१/९/२८ गते अन्दाजी दिउँसो ४:०० बजेको समयमा भक्तपुर जिल्ला सुर्यविनायक पाण्डुबजारबाट मेरो निम्न व्यहोरा भएको Grey Colour BYD Dolphin Car, 70 Kw हर्ष पावरको कार हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : Five Fingers Consulting Pvt. Ltd.
कार नं.: बा.प्र.-०१-०२९ च ६१४४
चेसिस नं.: LCOCE4CC4P1607797
इन्जिन नं.: TZ180XSF2V3166764
सम्पर्क न.: 9851243228

Infrastructure Development Office(IDO)

Khalanga, Jajarkot

Letter of Intent (LOI)

Date of Publication : 2081/12/03 (16 March, 2025)

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bid under PPMO's E-Procurement portal on 2081/10/18 that the "Letter of Intent" has been issued in favor of following bidders who are selected on financial bid having substantially responsive lowest evaluated bid price.

Contract ID NO. /Name of Project	Substantially responsive Lowest evaluated bidders	Accepted Bid Amount Including VAT & PS (Nrs)
IDO/JKT/W/NCB/BRG/42/081-082(Re), Chhedgad Managhat Bailey Bridge Chhedagad 1 and 12,Jajarkot	Aja Nirman Sewa, Kalikot	2,01,89,868.80

■ बाँकेको जयन्दु बाल सुधारगृहमा तेस्रो झडप

लागुऔषधको अखडा बन्दै सुधारगृह, बालबन्दी लुटपाटमा उत्रिएपछि स्थानीय त्रासमा



■ **एसपी तुलबहादुर कार्की**
प्रहरी प्रमुख बाँके

अथक प्रयास र मिहिनेतपछि बालबन्दीको झडप नियन्त्रणमा आएको छ। सुरुमा प्रहरीलाई गेटभित्र छिर्नसमेत दिइएको थिएन। सम्झाइबुझाइ गरी भित्र पसेर नियन्त्रणमा लिइएको छ।



■ **मोहनराम मिश्र**, डुडुवा गाउँपालिका- ६ का वडाध्यक्ष

नाइकेहरू लागुऔषध र मादक पदार्थ सेवन गरेर सुधारगृहमा जान्छन्। उनीहरूले सेवन मात्र गर्दैनन्, बिक्रीका लागि भित्र पनि लैजान्छन्। लागुऔषध नै झडपको प्रमुख कारण हो भन्नेमा दुई मत छैन।



बाँकेको डुडुवा गाउँपालिका- ६ स्थित जयन्दु बालसुधारगृह

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

बाँकेको डुडुवा गाउँपालिका- ६ स्थित जयन्दु बाल सुधारगृहमा भएको झडप करिब १८ घण्टापछि नियन्त्रणमा आएको छ। शुक्रबार राति ११ बजेबाट सुरु भएको झडप शनिबार दिउँसो २ बजे पूर्ण रूपमा नियन्त्रणमा आएको हो। झडपमा ६ जना सुरक्षाकर्मी घाइते भएका छन्।

दुई पक्षबिच होली मनाउने विषयमा विवाद सुरु भएको थियो। विवादले उग्र रूप लिएपछि एउटा समूहले त्यहाँ खटिएका प्रहरीमाथि आक्रमण प्रयास गरेपछि बाल सुधारगृहमा कार्यरत प्रहरी ज्यान जोगाउन बाहिर भागेका थिए। मूल गेट तोडफोड गरी उनीहरूले प्रहरीलाई दुई किलोमिटर टाढासम्म लखेट्दै कुटपिट गरेका छन्। कुटपिटबाट आधा दर्जन प्रहरी घाइते भएका छन्।

प्रहरीलाई लखेट्दै गएका बालबन्दीले स्थानीय पसलमा समेत लुटपाट गरेका छन्। बालबन्दीले करिब तीन लाख रुपैयाँबराबरको सामान, पैसा, मोबाइल र रिचार्ज कार्ड लुटेर लगेको पीडित फुलकुमारी कलवारले बताइन्। उनले अहिलेसम्म यस्तो घटना नदेखेको बताउँदै पसलको सटर तान्दातान्दै भित्र पसेर सामान, पैसा, मोबाइल र रिचार्ज कार्ड लुटेर लगेको गुनासो गरिन्। 'मैले यस्तो घटना अहिलेसम्म देखेको र भोगेको थिइनँ। मैले सटर बन्द गर्दै, तर उनीहरूले सटर माथि उठाएर भित्र पसी लुटपाट गर ,' उनले भनिन्, 'त्यो दृश्य अहिले पनि झलझली याद आइरहेको छ। सम्झिँदा डरले मुटु काँप्छ। अहिलेसम्म राम्रोसँग बोल्न सकिरहेकी छैन।'

झडप नियन्त्रणका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन भएको बाँकेका प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले जानकारी दिए। 'अथक प्रयास र मिहिनेतपछि बालबन्दीको झडप नियन्त्रणमा आएको छ। सुरुमा प्रहरीलाई गेटभित्र छिर्नसमेत दिइएको थिएन। सम्झाइबुझाइ गरी भित्र पसेर नियन्त्रणमा लिइएको छ,' उनले भने। स्थितिलाई नियन्त्रणमा लिन केही राउन्ड अश्रुग्यास प्रहार गरिएको उनले बताए। बालबन्दीहरूले सुधारगृहनजिकैको घरमा तोडफोड गर्नुका साथै परालको कुन्युमा आगजनीसमेत गरेका छन्। बालगृहका बालबन्दीबाट आफूहरू एकदमै असुरक्षित रहेको स्थानीयको भनाइ छ। वेलाबखत झडप भइरहने भएकाले न दिनमा चैन र न रातमा निद्राको अवस्थामा रहेको उनीहरूको भनाइ छ।

बालबन्दीबिच शुक्रबार दिउँसोदेखि नै विवाद भएको थियो। राति केही शान्त भए पनि शनिबार बिहान ११ बजेतिर बालसुधारगृहमा रहेका अढाई सय बालबन्दी एकसाथ बाहिर निस्केको स्थानीय बताउँछन्। उनीहरूले त्यहाँ कार्यरत प्रहरीलाई दुई किलोमिटर टाढासम्म लखेट्दै कुटपिट गरेको स्थानीय हेमन्तकुमार शर्माले बताए। उनले फिल्ममा देखेको दृश्य प्रत्यक्ष देखेको बताए। स्थानीयले दुःख पाउन थालेपछि यसलाई व्यवस्थित बनाउन र स्थानीयको सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने डुडुवा गाउँपालिका-६ का वडाध्यक्ष मोहनराम मिश्रले बताए। बालबन्दीहरू जबर्जस्ती घरभित्र पस्ने र प्रहरीले खानतलासी लिँदा स्थानीयले दुःख पाएको उनको भनाइ छ। बालसुधारगृह व्यवस्थित नगरिए सञ्चालन हुन नदिने उनले चेतावनीसमेत दिए।

जयन्दु बालसुधारगृह स्थानीय प्रशासनका लागि सुरक्षा चुनौती बनिरहेको छ। प्रहरीले यहाँ न बल प्रयोग गर्न पाउँछ, न त प्रहरी परिचालन नै। १८ वर्ष नपुगेका बालकलाई राख्न बनाइएको बालसुधारगृहमा ३०-३५ वर्षसम्मका बन्दीलाई राख्दा सधैँ लफडा हुने गरेको मानव अधिकारकर्मी भोला महतले बताए।

■ प्रहरीको मोटरसाइकल कब्जा गरेर लागुऔषध ओसारपसार

डुडुवास्थित जयन्दु बालसुधारगृह लागुऔषधको अखडा बनेको छ। झडप चलिरहेका वेला सुधारगृहका नाइकेले प्रहरीको मोटरसाइकल कब्जामा लिई बाहिरबाट लागुऔषध ल्याएका थिए। सुधारगृहका नाइके र उनका सहायकले प्रहरीको मोटरसाइकल कब्जामा लिएर लागुऔषध नाइट्रोजेपाम ट्याब्लेट लिएर आएको फेला परेको प्रहरीले जनाएको छ। उनले बाहिरबाटै लागुऔषध सेवन गरेर आएका थिए। बाहिर जाने बहानामा नाइके र सहायक नाइकेले ब्राउनसुगर, नाइट्रोजेपाम, भ्याट र मादक पदार्थ लैजाने गरेको स्थानीय बताउँछन्।

डुडुवा गाउँपालिका- ६ का वडाध्यक्ष मोहनराम मिश्रले सुधारगृहमा कार्यरत सुरक्षाकर्मी र नाइके तथा सहायक नाइकेहरू बाहिर गएर मादक पदार्थ सेवन गर्ने गरेको सूचना पाएको बताए। 'नाइके, सहायक नाइके र सुरक्षाकर्मी सुधारगृहबाहिर गएर सँगै मादक पदार्थ सेवन गरेको सूचना पाएको छु,' उनले भने। उनले लागुऔषध र मादक पदार्थ झडपको प्रमुख कारण भएको बताए। 'नाइकेहरू लागुऔषध र मादक पदार्थ सेवन गरेर सुधारगृहमा जान्छन्। उनीहरूले सेवन मात्र गर्दैनन्, बिक्रीका लागि भित्र पनि लैजान्छन्। लागुऔषध नै झडपको प्रमुख कारण हो भन्नेमा दुई मत छैन,' मिश्रले भने।

सुधारगृहमा गत २५ असारमा पनि दुई पक्षबिच झडप भएको थियो। खाना खाने विषयमा बालबन्दीबिच झडप हुँदा ६३ जना फरार भएका थिए। झडप भएपछि उच्छृंखल गतिविधिमा संलग्न केहीलाई नौवस्तास्थित क्षेत्रीय कारागारमा स्थानान्तरण गरिएको थियो।

■ बाल सुधारगृहमा झडपका शृंखला

३ भदौ ०८० मा भक्तपुरको सानोठिमीस्थित बालसुधारगृहमा सामान्य बिरामी परेका कमल बस्नेतको उपचारका क्रममा मृत्यु भयो। सुधारगृहका बालबन्दी आन्दोलित भए। सुधारगृहमा तोडफोड मच्चियो। उग्र बनेका बालकहरू सुधारगृहको गेट फोडी नारा-जुलुस लगाउँदै सडकमा निस्किए। घटनामा संलग्न हुने सबै वयस्क थिए। घटनामा २२ घाइते भए। २७ भदौ ०८० मा पर्सा वीरगन्ज महानगरपालिका-४ बिर्तामा रहेको बालसुधारगृहमा झड भयो। ८ भदौ ०८० मा भक्तपुर सुधारगृहमा रहेकामध्ये १८ जनालाई स्थानान्तरण गरी वीरगन्ज ल्याएदेखि आन्तरिक विवाद सुरु भएको थियो। बालकैदीहरूले भक्तपुर सुधारगृहबाट स्थानान्तरण भएर आएका १८ मध्ये १३ जनालाई सरुवा गर्न माग राखेका थिए। तर, प्रशासनले मानेको थिएन। सोही विषयलाई लिएर बालबन्दीहरूले सुधारगृहमा तोडफोड मच्चाएका थिए। भक्तपुरबाट स्थानान्तरण गरी बाँकेको नौवस्तास्थित सुधारगृहमा केही बालक लगियो। सुधारगृहमा १५ पुस ०८० मा दुई समूहबिच झडप भयो। त्यसक्रममा सुधारगृहमा रहेका असिर रावल गम्भीर घाइते भए। उग्र बनेका बालकहरूले सरकारी गाडी पनि तोडफोड गरेका थिए। सँगै उनीहरूले सुधारगृहको कोठाभित्र ओछ्याइएका पार्केट पनि झिकेर फालेका थिए।

यस्तै, ५ असोज ०८० मा पनि झडप भएको थियो। झडपमा कपिलवस्तु रुद्रपुरका करिब २१ वर्षीय सुलभ केसीको मृत्यु भएको थियो। टाउकोमा गम्भीर चोट लागेका उनको नेपालगन्ज मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको थियो। झडपमा परी १० जना घाइते भएका थिए। तोडफोडबाट सुधारगृह र कार्यालय भवनको झ्यालका सिसा फुटुनुका साथै कार्यालयमा रहेका कम्प्युटरलगायतका उपकरणमा क्षति पुगेको थियो। सुधारगृहमा रहेका प्रहरीको सरकारी गाडी र एउटा निजी मोटरसाइकलमा समेत क्षति पुऱ्याएको प्रहरीले जनाएको छ। बालसुधारगृहमा रहेका युवाको समूहले आफूले खाने थाल, कटौरा, गिलाससमेत बाहिर फालेका थिए।

१५ पुस ०७९ मा जयेन्दु बालसुधारगृहबाट जबर्जस्ती मुद्दाका धर्म थापा, कृष्ण नगरकोटी र अविनाश पुन तथा कर्तव्य ज्यान मुद्दाका पुरन चौधरी फरार भएका थिए। पछि पक्राउ गरेर उनीहरूलाई २९ माघमा बाँकेबाट सरुवा गरी सानोठिमी ल्याइएको थियो। सुधारगृहस्थित कैदीबन्दीलाई कारागार तोडफोड गर्न र भगाउन उक्साउने कार्यमा उनीहरूको भूमिका थियो। त्यसअघि उनीहरू कपिलवस्तुस्थित सुधारगृहमा थिए। त्यहाँ रहँदा बदमासी गरेपछि उनीहरूलाई सरुवा गरेर बाँके लगिएको थियो।

■ प्रतिनिधिसभा क्यालेन्डर

पाँचवटा प्रतिस्थापनसहित ६ विधेयक पारित गर्ने कार्यसूची

नयाँ पत्रिका

प्रतिनिधिसभाले १५ चैतसम्मको क्यालेन्डर तयार पारेको छ। शनिबार बसेको कार्यव्यवस्था तथा परामर्श समिति बैठकले १५ चैतसम्म सातवटा बैठक गर्ने गरी कार्यतालिका पारित गरेको हो। कार्यतालिकाअनुसार १५ चैतभित्र अध्यादेश प्रतिस्थापन विधेयक पारित गरिसक्ने कार्यसूची तय गरिएको छ।

सरकारले १८ माघमा ६ वटा विधेयक दुवै सदनमा पेस गरेको थियो। सत्तापक्ष दलकै असहमतिका कारण भूमि विधेयक होल्ड गरेर पाँचवटा विधेयक स्वीकृत भई प्रतिस्थापन विधेयक सरकारले संसद्मा दर्ता गरेको छ। पाँचमध्ये दुइटा सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमा बुधबार सैद्धान्तिक छलफल भई सांसदहरूले संशोधन राख्ने प्रक्रियामा गएको छ।

नयाँ क्यालेन्डरअनुसार आइतबार बस्ने प्रतिनिधिसभा बैठकमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, निजीकरण (पहिलो संशोधन) विधेयक र आर्थिक तथा व्यावसायिक वातावरण सुधार विधेयकमाथि सैद्धान्तिक छलफल गर्ने कार्यसूची छ। नयाँ क्यालेन्डरअनुसार सोमबारको बैठकमा सुशासनसम्बन्धी र सहकारीसम्बन्धी विधेयकमाथि प्राप्त संशोधनसहित सदनमा दफावार छलफल र पारित गर्ने कार्यसूची छ।

६ चैतमा बस्ने बैठकमा सशस्त्र प्रहरीसम्बन्धी विधेयक समितिमा पठाउने कार्यसूची छ। यसैगरी, नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकमाथि प्राप्त संशोधनसहित सदनमा दफावार छलफल र पारित गर्ने कार्यसूची छ। ७ चैतको बैठकमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर चलाउने कार्यसूची छ। यसपछि अध्यादेश प्रतिस्थापन गर्न ल्याएका बाँकी तीनवटा विधेयकमाथि प्राप्त संशोधनसहित सदनमा दफावार छलफल गरेर पारित गर्ने कार्यसूची छ। क्यालेन्डरअनुसार अर्को बैठक १३ चैतमा बस्नेछ। बैठकमा नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयकमा सैद्धान्तिक छलफल गर्ने कार्यसूची छ। १४ चैतमा बस्ने बैठकमा नेपाल हवाई सेवा प्राधिकरण र नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयकमाथि सैद्धान्तिक छलफल गर्ने कार्यसूची छ। यसैगरी, निकासी पैठारी (नियमन) विधेयकलाई दफावार छलफलका लागि समितिमा पठाउने कार्यसूची पनि छ। १५ चैतमा बस्ने बैठकमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयकलाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाउने कार्यसूची छ।

प्रतिनिधिसभामा ७ चैतमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर हुँदै छ। शनिबारको कार्यव्यवस्था परामर्श समिति बैठकमा प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रमलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो। सत्तापक्षले सांसदका प्रश्नमा काँटछाँट गर्नुपर्ने प्रस्ताव गरेका थिए। प्रतिपक्षीले भने प्रश्न सोध्न पाउने सांसदको स्वतन्त्रतामा बन्देज लगाउने अधिकार नभएको भन्दै प्रतिवाद गरेका थिए। सभामुख र उपसभामुखले सांसदले शिष्ट भाषामा प्रश्न सोध्न पाउने र प्रधानमन्त्रीले पनि जवाफ दिनुपर्ने धारणा राखेका थिए।

बिआरआईअन्तर्गत नयाँ परियोजनालाई प्राथमिकता दिन सभामुखको माग

काठमाडौं/ सभामुख देवराज घिमिरेले बिआरआईअन्तर्गत नयाँ परियोजनालाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन्। उनले नेपाल-चीन सम्बन्धको चर्चा गर्दै सहकार्य अझ प्रभावकारी बनाउँदै पारस्परिक हितका क्षेत्रमा थप लगानीको आवश्यकता औंल्याए। फाउन्डेसन फर पिस, डेभलपमेन्ट एन्ड सोसोलिजमले शनिबार राजधानीमा गरेको बेल्ट एन्ड रोड इनिसियटिभ (बिआरआई) र नेपाल-चीन सहकार्यसम्बन्धी 'काष्ठमण्डप डायलग'मा घिमिरेले लगानी सम्भावनालाई सही रूपमा पहिचान गरी अघि बढ्नुपर्नेमा जोड दिए।

'बिआरआईमार्फत दुवै देशाबिचको सहकार्य अझै मजबुत हुँदै गएको छ। बिआरआई नेपालका लागि केवल पूर्वाधार विकासको माध्यम मात्र नभई आर्थिक वृद्धिका नयाँ ढोका खोल्ने अवसर पनि हो,' उनले भने, 'नेपाल र चीनको ऐतिहासिक सम्बन्ध, आपसी विश्वास, समझदारी र मैत्रीपूर्ण सहकार्यमा आधारित छ। दुवै देशबिच भौतिक पूर्वाधार विकास, सडक, रेलमार्ग, ऊर्जा, सूचना प्रविधि तथा व्यापारिक सहकार्यलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता छ।' कार्यक्रममा पूर्वप्रधानमन्त्री झलनाथ खनालले बिआरआई नेपालको हितमा रहेको बताउँदै देशले राष्ट्रिय आवश्यकता र हितका आधारमा अधिकतम उपयोग गर्नुपर्नेमा जोड दिए। खनालले बिआरआईबारे पश्चिमा देशले गलत प्रचार गरेको दाबी गरे। 'चीनले आफ्नो विश्वव्यापी प्रभुत्वका लागि बिआरआई ल्याएको भन्ने प्रचार भइरहेको छ', उनले भने।

प्याड डिस्पोजल मेसिन जडानपछि छात्रालाई सहज

सल्यानमा **दीपक शर्मा**



महिनावारीका समयमा छात्राहरूले प्रयोग गरेका स्यानिटरी प्याड सुरक्षित ढंगले व्यवस्थापन गर्न सिद्ध कुमाख गाउँपालिकाका सबै माध्यमिक तहका विद्यालयमा प्याड डिस्पोजल मेसिन जडान गरिएको छ। 'सुरक्षित महिनावारी, हाम्रो जिम्मेवारी' भन्ने नाराअनुसारको कामलाई सुरक्षित र स्वच्छ बनाउन पालिकाले प्रयोग भइसकेको स्यानिटरी प्याड सुरक्षित व्यवस्थापन गर्न उपकरण जडान गरेको हो।

स्यानिटरी प्याडको प्रयोगसँगै यसको सुरक्षित व्यवस्थापनमा देखिएको चिन्ता समाधानमा हुने विश्वास लिइएको सिद्ध कुमाख गाउँपालिकाले जनाएको छ। सिद्धकुमाख गाउँपालिकाले पालिकामा ६ वटा माध्यमिक विद्यालयमा निःशुल्क प्याड वितरणसँगै प्याड नष्ट गर्ने मेसिन जडान गरेको गाउँपालिका अध्यक्ष भरत गिरीले जानकारी दिए। 'छात्राहरू महिनावारी भएको समयमा विद्यालयमै नआउने, प्रयोग गरेको प्याडलाई व्यवस्थापन गर्न गाह्रो हुनेलगायतका थुप्रै समस्या थिए। हामीले प्याड उपलब्ध गराएका थियौं, तर प्रयोग गरिएको प्याड व्यवस्थापनमा चासो दिएका थिएनौं,' उनले भने। छात्राहरूको चाहना, माग र आवश्यकताका आधारमा सबै विद्यालयमा प्याड डिस्पोजल मेसिन जडान गरिएको जसले छात्रा र शिक्षिकालाई सहज भएको उनको भनाइ छ। प्याड डिस्पोजल मेसिनले वातावरण सफा राख्न पनि मद्दत मिल्ने अध्यक्ष गिरीले बताए।

विद्यालयमा सात सय विद्यार्थीमध्ये प्याड प्रयोग गर्ने छात्राहरूको संख्या तीन सय हाराहारी छ। मेसिन जडानपछि प्रयोग भइसकेको प्याडको व्यवस्थापनले सहज भएको निराजन माध्यमिक विद्यालय सिद्ध कुमाख-३ ढोरचौरका प्रधानाध्यापक धर्मराज घर्तीले बताए। मागका आधारमा गाउँपालिकाले खरिद गरेको प्याड विद्यालयले विद्यार्थीलाई निःशुल्क उपलब्ध गराउँदै आएकोसमेत उनको भनाइ छ। 'विद्यालयमा प्याड व्यवस्थापनको उचित व्यवस्था नभएकाले जलाउनेलगायतका व्यवस्थापनले वातावरण दूषित हुने गरेको गुनासो आएको थियो, तर यो डिस्पोजल मेसिनले प्याडलाई जलाएर धुलो बनाइदिन्छ, यसले वातावरणमा सकारात्मक असर पारेर स्वस्थ बनाउँछ,' उनले भने। विगतमा प्याड व्यवस्थापन गर्ने ठाउँ नहुँदा शौचालय निकै दुर्गन्धित हुने गरेकोमा प्याड नष्ट गर्ने मेसिन जडानपछि सहज भएको निराजन माध्यमिक विद्यालयमका कक्षा ९ मा अध्ययनरत छात्रा ग्रिष्मा बोहराले बताइन्।

ngpl
डाँदी ग्रुप पावर लिमिटेड
Ngadi Group Power Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३., महाराजगंज, चक्रपथ, फोन नं.: ०१-५७०५१५९/५७०५६०८
इमेलः nyadigroup06@gmail.com / वेभसाइट :www.ngpl.com.np
को
बोलकबोल (गोप्य शिल्ड टेन्डर) खोलिने बारेको सूचना
डाँदी ग्रुप पावर लिमिटेडको हकप्रद शेयरको लागि मिति २०८१/०९/२३ गतेका दिन देखि २०८१/१०/२९ गते सम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा सर्वसाधारणतर्फ ८,७३,०६१.२२५ कित्ता शेयरहरुका लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २१ प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल प्रकृयाद्वारा बिक्री गर्न मिति २०८१/११/२० गतेदेखि २०८१/११/२८ गतेभित्र आवेदन माग गरिएकोमा सो अवधीभित्र प्राप्त भएका बोलपत्रहरु देहाय बमोजिमको मिति, समय र स्थानमा खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
बोलपत्र खोल्ने मिति, समय र स्थानः
मिति : २०८१/१२/०४ गते सोमबार।
समय : बिहान ७ : ०० बजे।
स्थान : सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ।
बिक्री प्रबन्धकः
Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ०१-५९७०७४७, फ्याक्सः ०१-४५२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

घरभित्रैबाट बालिकामाथि यौनहिंसा, बुबा र दाजुविरुद्ध मुद्दा

काठमाडौं महानगरपालिकाले गऱ्यो बालिकाको उद्धार, बन्दी प्रत्यक्षीकरणको मुद्दामा अदालतबाट महानगरको पक्षमा फैसला

नयाँ पत्रिका

देशको संघीय राजधानी काठमाडौंमै एक बालिकामाथि घरभित्रैबाट बाल यौन दुर्व्यवहार भएको छ। काठमाडौं महानगरपालिकाले ती बालिकालाई उद्धार गरेकोमा प्रहरीले दुर्व्यवहारमा संलग्न सहोदर बुबा तथा दाइ (ठुलोबुबाको छोरा) विरुद्ध मुद्दा दायर गरेको छ।

काठमाडौं महानगरपालिका-४ बस्ने ४५ वर्षीय व्यक्तिले आफ्नै छोरीमाथि लामो समयदेखि यौन दुर्व्यवहार गर्दै आएको महानगरपालिकाले जनाएको छ। बुबासँगै दाजुविरुद्ध पनि मुद्दा दायर भएको हो। दुवैजना धरौटीमा छुटेकोमा हाल मुद्दा विचाराधीन छ।

कक्षा ७ मा अध्ययनरत ती बालिकामाथि यौन दुर्व्यवहार हुँदै आएको सूचना गत ४ पुसमा महानगरपालिकाको हटलाइनमा आएको थियो। तत्कालै महानगरपालिकाले उद्धार गरेर उनलाई बालमनोपरामर्श दिएको थियो। जस क्रममा बालिकाले आफूमाथि ३ कक्षामा पढ्दादेखि नै यस्तो दुर्व्यवहार हुँदै आएको बताएपछि प्रहरीमा उजुरी परेर अनुसन्धान भई मुद्दा दायर भएको हो।

बालिका हाल महानगरपालिकाकै संरक्षणमा एक संस्थामा बसेर पढ्दै आएकी छिन्। उनलाई महानगरपालिकाले गैरकानुनी रूपमा संरक्षणमा राखेको भन्दै परिवारले मुद्दा दायर गरेकोमा उच्च अदालत पाटनले महानगरपालिकाकै पक्षमा आदेश दिएको छ। न्यायाधीश अञ्जु उप्रेती ढकाल र टीकाराम आचार्यको संयुक्त इजलासले निवेदकको मागबमोजिम 'निजको छोरीलाई जिम्मा लगाउनुपर्ने अवस्था देखिएन' भन्दै महानगरपालिको पक्षमा फैसला सुनाएको हो।



'यसमा निवेदकको छोरीउपरमा निजको बाबु तथा दाजुसमेतले बाल यौन दुरुपयोग गरेको भन्ने जाहेरी परी काठमाडौं जिल्ला अदालतमा मुद्दा परी विचाराधीन रहेको भन्ने देखिएको, निवेदकको छोरीलाई काठमाडौं महानगरपालिकाको अनुरोधमा अस्थायी संरक्षण संस्थामा संरक्षण दिई राखिएको पाइएको, उक्त संस्थाले यौन हिंसामा परेका बालबालिकालाई परामर्श, शिक्षा तथा संरक्षण दिई आएको र समय-समयमा आमासँग भेटघाट गर्न दिइरहेको भन्ने देखिएको र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५० को उपदफा (८)को व्यवस्थासमेतका आधारमा निवेदन दाबीबमोजिम गैरकानुनी नियन्त्रणमा राखेको भनी मान्न सकिएन,' गत २५ फागुनको फैसलामा भनिएको छ, 'तसर्थ, निवेदकको मागबमोजिम निजको छोरीलाई जिम्मा लगाउनुपर्ने अवस्था देखिएन। निवेदकले आफ्नो छोरीलाई भेट्न मागेका बखत भेटघाट गर्न दिनु, सोको प्रबन्ध मिलाइदिनु भनी विपक्षी काठमाडौं महानगरपालिका र संस्थाका नाममा आदेश जारी हुने ठहर्छ।'

■ ७३ बालबालिकाको उद्धार

काठमाडौं महानगरपालिकाले विगतमा पनि हिंसा र शोषणमा पर्दै आएका बालबालिकाको उद्धार गर्दै आएको छ। काठमाडौं महानगरपालिकाका बालकल्याण अधिकारी शान्ता पहाडीका अनुसार वैशाखयता हालसम्म ४१ बालक र ३२ बालिका गरी ७३ बालबालिकाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये ३८ जना बाल संरक्षणगृहमा छन् भने ३४ जनालाई पारिवारिक पुनर्मिलन गराइएको महानगरले जनाएको छ। उद्धारपछि सातजनाको मुद्दा न्यायिक प्रक्रियामा अघि बढाइएको छ, जसमा चारजनाको जबर्जस्ती करणी, दुईजनाको बाल यौन दुर्व्यवहार र एकजनाको कुटपिट तथा दास बनाइएको घटना समावेश छन्। महानगरपालिकाले लुम्बिनी प्रदेश सभा सदस्य रेखा शर्माको घरबाट समेत एक बालिकाको उद्धार गरेको थियो। जसमा महानगरपालिकाले उनीविरुद्ध प्रहरीमा उजुरी दिएकोमा सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने निर्णय गरेपछि हाल राष्ट्रिय मानवअधिकार आयोगले सो घटनाको अनुसन्धान गरिरहेको छ।

LITTLE ANGELS' SCHOOL
ADMISSIONS OPEN FOR 2082
(Grades I-VII)
DAY SCHOLARS
BOARDERS
DAY BOARDING
National Curriculum alongside Cambridge Primary Assessment
9:00 AM - 3:00 PM
(ON OFFICE DAYS)
For further details, please contact
01-5915112
01-5915113
01-5915114
015912769
Day Boarding
Hattiban, Lalitpur, Nepal
info@las.edu.np
www.las.edu.np

राजनीति र प्रशासनबिचको द्वन्द्व कहिलेसम्म ?

नेपालमा राजनीति र प्रशासनबिचको द्वन्द्व शासकीय सुधारका आममुद्दामा भन्दा पनि पद, प्रतिष्ठा, दम्भ र निहित स्वार्थ केन्द्रित देखिन्छ



● मेघराज शंकर

अग्रलेख

मुलुक एकात्मक शासनबाट संघात्मक प्रणालीमा रूपान्तरण भएको दश वर्ष भइसक्दा पनि राजनीति र प्रशासन परिपक्व बन्न सकेका छैनन्। विकास, सेवा प्रवाह र राजनीतिक शक्ति सन्तुलनका क्रममा राजनीति र प्रशासनबिचको द्वन्द्व झनै चर्कंदो अवस्थामा छ। यसले विकास र सुशासनको अवस्था मात्र कमोजर बनाएको छैन, लोकतन्त्रप्रति नागरिकको विश्वाससमेत कमजोर बनाएको छ।


हुनत राजनीति र प्रशासनबिचको सम्बन्ध सार्वजनिक प्रशासनको क्षेत्रमा लामो समयदेखि बहसको विषय बन्दै आएको हो। मूलतः अमेरिकी विद्वान् उल्ड्रो विल्सनले सन् १८८७ मा एक लेखमार्फत राजनीतिले प्रशासनका लागि काम सिर्जना गर्ने र प्रशासनले निष्पक्ष भएर सक्षमतासाथ कार्यसम्पादन गर्ने भन्ने द्वैधतावादी अवधारणा प्रस्तुत गरेपछि यस विषयमा राजनीतिक, प्राज्ञिक तथा प्रशासनिक क्षेत्रमा बहस हुँदै आएको छ। बीसौँ शताब्दीको पहिलो दशकमा जर्मन दार्शनिक म्याक्स वेवरले आधुनिक कर्मचारीतन्त्रका रूपमा त्यसका विशेषता परिभाषित गरेपश्चात् राजनीतिक क्षेत्रमा प्रशासनलाई बुझ्न र व्यवहार गर्न अझ स्पष्ट वैचारिक आधार तयार गरेको छ।

सन् १९१५ ताका विल्सनले तत्कालीन अमेरिकी कर्मचारीतन्त्रबारे भनेका छन्- प्रशासनको विषाक्त वातावरण, बिग्रिएको अवस्था, अन्योल तथा निष्क्रिय पदहरू (सिनिक्युरिज्म) र वासिंटनका कार्यालयमा बारम्बार देखा पर्ने भ्रष्टाचारले अमेरिकामा प्रशासनको अर्थ के हो भन्ने विषयमा स्पष्ट हुन सक्ने अवस्था छैन।' विल्सन पहिलो विश्वयुद्धको नेतृव गर्ने अमेरिकी राष्ट्रपति पनि हुन्। त्यो वेला पनि अमेरिकी राष्ट्रपति तत्कालीन प्रशासनसँग सन्तुष्ट हुन नसकेको तथ्य उनको यस भनाइले पुष्टि गर्छ। अमेरिकी कर्मचारीतन्त्रबारे विल्सनको अनुभवको झन्डै एक सय दश वर्षपछि वर्तमान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कर्मचारीतन्त्रलाई 'गुप्त सत्ता (डिप स्टेट)' र 'दलदलमा फसेको भ्रष्टतन्त्र'को संज्ञा दिँदै कर्मचारीलाई बर्खास्त गर्ने र केही सरकारी निकाय खारेज गर्नेसम्मको कडा कदम चालेका छन्। अर्कातर्फ कर्मचारीबाट यस कदमको विरोध हुन थालेको छ। यसले देखाउँछ, राजनीति र प्रशासनबिचको द्वन्द्व कहिलेसम्म र कुन हदसम्म कायम रहन्छ भन्ने अनिश्चित छ।

तत्कालीन रुसको अक्टोबर क्रान्तिपछि समाजवादी कार्यक्रकमलाई साथ नदिएको र परिवर्तित राजनीतिक प्रणालीअनुसार बदलिन नचाहेको भनेर लेनिन र स्टालिनले कर्मचारीतन्त्रको घोर विरोध गरेका थिए। उनीहरूले कर्मचारीतन्त्रलाई प्रतिक्रान्ति गराउने शक्तिका रूपमा लिएका थिए भन्ने गरिन्छ। साथै चीनमा माओत्सेतुङले कर्मचारीतन्त्रलाई खराब रूपमा प्रस्तुत गर्दै सन् १९६७ मा 'ट्वेन्टी मेनिफेस्टेसन्स अफ ब्युरोक्रेसी' अर्थात् 'कर्मचारीतन्त्रका बीस रूपहरू' जारी गरेका थिए। त्यसमा उनले कर्मचारीतन्त्रलाई अत्यन्तै निकृष्ट रूपमा प्रस्तुत गरेका थिए। चीनको सांस्कृतिक क्रान्तिका क्रममा 'कर्मचारीतन्त्रको विरोध गर' भन्ने घोषणा जारी गरिएको थियो। आधुनिक चिनीयाँ विकासका सूत्रधार देङस्याओ पिङले सन् १९८० को पार्टी तथा राष्ट्रको सुदृढीकरणसम्बन्धी कार्यक्रममा कम्युनिस्ट पार्टी र राष्ट्रको सुधारका लागि कर्मचारीतन्त्रलाई एक खतरनाक दोषका रूपमा उल्लेख गर्दै कर्मचारीतन्त्रका खराब चरित्रको सूची तयार गरेर घोषणा गरेका थिए। भारतका प्रसिद्ध पूर्वप्रशासक तथा अमेरिकाका लागि भारतीय पूर्वराजदूत आरके नेहरूका अनुसार ब्रिटिस सरकारको पालामा कर्मचारीलाई ए, बी र सी गरी तीन समूहमा विभाजन गरेर सोही आधारमा उपयोग, संरक्षण र उपेक्षाको व्यवहार गरिन्थ्यो।

नेपालमा ०१३ मा निजामती सेवा ऐन जारी भएपश्चान् कर्मचारीतन्त्रको औपचारिक सुरुवात भएको हो। पञ्चायती व्यवस्थाको प्रारम्भसँगै योग्यता प्रणालीबाट कर्मचारी छनोट गर्ने निकाय लोकसेवा आयोगलाई भंग गर्दै शासकको तजबिजमा कर्मचारी नियुक्त गरियो। २०३२ सालको प्रशासन सुधार समितिको सिफारिसमा राजनीतिक नियुक्ति बन्द गरियो, तर पर्चा खडा गरेर कर्मचारी हटाउने प्रथा कायमै थियो। ०४६ सालको प्रजातन्त्र स्थापनासँगै यो प्रथाको अन्त्य भयो। बहुदलीय व्यवस्थाको पुनर्स्थापनाअघि राजनीति र प्रशासनबिच द्वन्द्वभन्दा पनि राजनीतिक व्यवस्थाबाट प्रशासनमाथि गरिएको मनोमानी दमन थियो। प्रशासन संयन्त्र राजनीतिक मनोमानीप्रति देखिने गरी प्रतिक्रिया जनाउन सक्ने अवस्थामा थिएन, किनकि यो आफैँमा सुरक्षित थिएन। त्यसैले आफ्नै स्वार्थ र सुरक्षाका लागि पञ्चायती शासकको छत्रछायामा रह्यो।

मुलुकमा बहुदलीय प्रजातन्त्र हुँदै लोकतान्त्रिक गणतन्त्र स्थापनापछि प्रशासनले पनि राजनीतिका खराब निर्णयविरुद्ध प्रतिक्रिया जनाउन सक्ने अवस्था सिर्जना भयो। कानुनद्वारा नै पेसागत सुरक्षा सुनिश्चित गरियो र यसलाई अझ सशक्त बनाउन ट्रेड युनियनको समेत व्यवस्था गरियो। तर, दुर्भाग्य नै भन्नुपर्छ, राजनीतिले पूर्ण लोकतान्त्रिक चरित्र धारण नगर्दा र प्रशासनले व्यावसायिक धर्म निर्वाह गर्न नसक्दा राजनीति र प्रशासनबिचको द्वन्द्व निहित स्वार्थमा अल्झिन पुगेको छ। कर्मचारीको अधिकारकै लागि भनेर स्थापित ट्रेड



युनियन र लोकतान्त्रिक अधिकारलाई नै प्रयोग गरेर राजनीतिज्ञ र प्रशासक राज्यशक्ति र स्रोतको दोहनतर्फ द्वन्द्व उद्यत् हुन गएको छ। यसमा ट्रेड युनियनलाई पनि गतिलो हतियार बनाइएको छ।

इतिहास र अभ्यास हेर्दा सामान्यतया राजनीति र प्रशासनबिच हुने द्वन्द्व दुई स्वरूपमा प्रकट हुने गर्छ। पहिलो, निरन्तर भइरहने द्वन्द्व। यस प्रकारको द्वन्द्व राजनीतिक तथा सामाजिक चेतनाको स्तरसँग बढी सम्बन्धित हुने भएकाले तत्काल अन्त्य हुँदैन। यस्तो द्वन्द्वले मुलुकको राजनीतिलाई झिनामसिना विषयमा अल्झाउने र प्रशासनलाई सुस्त र भुत्ते बनाउने तथा समग्रमा शासन प्रणालीलाई नै अशक्त बनाउने गर्छ। दोस्रो, खास परिस्थिति र मुद्दाका आधारमा हुने बृहत् द्वन्द्व। यस प्रकारको द्वन्द्व बृहत्तर राजनीतिक परिवर्तनको अवस्था र सरकारको नेतृत्वले आमूल परिवर्तन गर्न चाहेको अवस्थामा देखिने गर्छ। यस्तो द्वन्द्व प्रायः लामो सयमसम्म लम्बिँदैन। यसले राजनीति र प्रशासनिक क्षेत्रमा व्यापक सुधारको माग गर्छ।

नेपालमा राजनीति र प्रशासनबिच विगतदेखि नै अन्तरसंघर्ष चल्दै आएको भए पनि पछिल्ला दिनमा संघीय सरकारका तीन तहबिच र तहभित्रै चरम विवाद बढ्न थालेको छ। यस प्रकारको विवाद राजनीतिक संस्कार र सामाजिक चेतनाको स्तरसँग बढी सम्बन्धित छ। मूलतः नेपालमा राजनीति र प्रशासनबिचको द्वन्द्व शासकीय सुधारका आममुद्दामा भन्दा पनि पद, प्रतिष्ठा, दम्भ र निहित स्वार्थका लागि हुने गरेको देखिन्छ।

राजनीतिले प्रशासनको पदमा योग्यता प्रणालीलाई आत्मसात् गर्नेभन्दा पनि राजनीतिक आस्था तथा दलगत स्थार्थको आधारमा नियुक्ति र बढुवा गर्ने परिपाटी नियमित कर्मजस्तै हुन पुगेको छ। प्रशासनको नेतृत्वले पनि पेसागत मर्यादाभन्दा पदीय लोभलाई प्राथमिकता दिने हुँदा द्वन्द्वको स्थिति देखा पर्छ। जस्तै- अर्थ र गृह मन्त्रालयलगायत केही महत्त्वपूर्ण मानिने मन्त्रालयका सचिव र मुख्यसचिव नियुक्तिको विषयमा भएको विवादले कुनैवेला संयुक्त सरकार नै धर्मराउने अवस्था आएको चर्चा पनि नौलो होइन। जसरी पञ्चायती शासकले आफूअनुकूल कर्मचारी नियुक्ति गरेर आफूले भनेअनुसार काम गर्नेलाई संरक्षण गर्ने र भनेको नमान्नेलाई पर्चा खडा गरेर हटाउँथे, त्यस्तै प्रकारले अहिले पनि भनेको मान्ने कर्मचारीलाई संरक्षण गर्ने तथा लाभका पदहरूको जिम्मा दिने र भनेको नमान्ने कर्मचारीलाई उपेक्षा गर्ने र हैरानी दिने गरिएको छ। एकै वर्षमा सातपटकसम्म सचिवको सरुवा हुनु यही प्रवृत्तिकै उपज हो। नामै किटेर 'यो मान्छे' कार्यालय प्रमुख चाहिन्छ वा यो सचिव चाहिन्छ भनेर रोजेर जिम्मेवारी दिने र स्वार्थअनुसार काम गराउने कार्य सामान्य बन्ने गरेको छ। एउटै पदीय हैसियतको कर्मचारीले हुँदैन भनेको कार्यलाई अर्को गएर हुन्छ भनेर निर्धक्क निर्णय गर्नु पेसागत दक्षताभन्दा पनि स्वार्थको द्वन्द्व हो, तर यस्तो गर्न उच्च तहका केही कर्मचारी हिच्किचाउँदैनन्। पछिल्लो समय प्रमुख जिल्ला अधिकारी खटाउँदासमेत सम्बन्धित जिल्लाका सांसदलाई सोधेर खटाउने वा सांसदले रोजेको व्यक्तिलाई खटाउने गरिएको चर्चा छ। यसरी रोजेर वा सोधेर खटाएको कर्मचारीले निष्पक्ष कार्य सम्पादन गर्ला भनेर कसरी विश्वास गर्नु ?

> राजनीति र प्रशासनबिचको द्वन्द्व झनै चर्कंदो अवस्थामा छ। यसले विकास र सुशासनको अवस्था मात्र कमजोर बनाएको छैन, लोकतन्त्रप्रति नागरिकको विश्वाससमेत कमजोर बनाएको छ।

प्रतिष्ठाको लडाइँ नेपाली राजनीति र प्रशासनको विशेषताजस्तै भएको छ। यसले द्वन्द्वलाई प्रत्युत्पादक दिशातर्फ लगिरहेको छ। संघीय सरकार र काठमाडौं महानगरपालिकाबिच कर्मचारी खटनपटनका विषयमा सिर्जना भएको विवाद एउटा ज्वलन्त उदाहरण हो। संघीय सरकारले खटाएको प्रमुख प्रशासकीय अधिकृतलाई काठमाडौं महानगरपालिकाले भ्रष्टाचारको अभियोग लगाएर अनुसन्धान गरेको र सो ठाउँमा अर्को प्रमुख प्रशासकीय अधिकृत पठाइदिन संघीय सरकारलाई अनुरोध गर्दा नपठाएपछि विवाद झनै चुलिएको छ। यो विषय पद्धतिभन्दा पनि प्रतिष्ठाको लडाइँमा केन्द्रित भएको छ। त्यति मात्र होइन, धेरै स्थानीय तहमा प्रमुख प्रशासनकीय अधिकृत संघीय सरकारले खटाउन नसकेको र स्थानीय तहले नियुक्ति गरेका निमित्त प्रशासकीय प्रमुख पनि संघ सरकारले खारेज गरिदिएपछि जनप्रतिनिधि आक्रोशित बन्ने गरेका छन्। अर्कातर्फ स्थानीय तहमा खटिएका कर्मचारी र जनप्रतिनिधिबिच टकराव बढ्न जाँदा कर्मचारीमाथि कुटपिटसमेत हुने गरेका घटना बाहिर आएका छन्।

संघीय मन्त्रालयमा पनि राजनीति र प्रशासनको स्वार्थको द्वन्द्व उत्तिकै सिर्जना हुने गरेको छ। मन्त्री र सचिव तथा विभागीय प्रमुखबिच वेलावेला हुने द्वन्द्वले निर्णय प्रक्रिया र दैनिक प्रशासन सञ्चालनसमेत प्रभावित हुने गर्छ। हाल ऊर्जामन्त्री र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकबिचको टकराव यसैको एउटा उदाहरण हो। त्यति मात्र नभई मन्त्रिपरिषद्ले कर्मचारीको विषयमा गरेका निर्णयसमेत विवादित हुने गरेका छन्। हालै मात्र स्वास्थ्य सचिवमा कनिष्ठलाई बढुवा गरेको भन्ने विषयले संसद्मा समेत चर्चा पायो। राजनीति र प्रशासनबिच हुने द्वन्द्वको मारमा राजनीतिको अनुकूल हुन नसक्ने कर्मचारी पर्ने गरेका छन्। समग्रमा यसको असर नागरिक र देशलाई परिरहेको छ। यसको अर्थ राजनीतिज्ञले खराब काम गर्न मात्र प्रशासनलाई प्रयोग गर्छन् भन्ने होइन। तर, यो वा त्यो भनेर कर्मचारी छान्नु वा प्रक्रियाबाहिरैबाट निर्णय गराउन खोज्नुले प्रशासनिक व्यावसायिकताको अवमूल्यन गरी यसले स्वार्थको द्वन्द्वलाई नै प्रश्रय दिन्छ। नीति-निर्माताले व्यक्ति रोज्नेभन्दा पनि प्रणाली बनाउन जोड दिनुपर्ने हो, तर त्यसो हुन सकिरहेको छैन।


नेपालमा हुने राजनीति र प्रशासनबिचको द्वन्द्वमा न त राजनीतिले प्रशासनको सुधार गर्न हस्तक्षेप गर्न सक्छ, न त प्रशासनले राजनीतिले गरेका खराब निर्णयलाई अवज्ञा नै गर्न सक्छ। यसले केवल स्वार्थी समूहलाई शासन शक्ति र स्रोतको दोहन गर्न अनुकूल वातावरण बनाउन मात्र मद्दत गर्छ। राजनीतिक पदाधिकारी तथा कर्मचारीमा राष्ट्रिय हितका लागि त्याग समर्पण र सदाचारिताको विकास नभएसम्म द्वन्द्वको स्तर पनि निहित स्वार्थमै केन्द्रित हुनेछ। ठुलो त्याग र समर्पणले मात्र राजनीति र प्रशासनबिचको सम्बन्ध सुधार हुन सक्छ।

(शंकर नेपाल सरकारका उपसचिव हुन्)

---

३ प्रश्न

व्यवस्थापिका संसद्को अर्थ समितिका सभापति **सन्तोष चालिसे**लाई



प्रिबजेट छलफल कति जरुरी हुन्छ ?

प्रिबजेट छलफल भयंकर जरुरी हुन्छ। यसमा छलफल नगरी सुखै छैन। माग भएअनुरूपका सबै कार्यक्रम बजेटमा अटाउन सक्दैनन्। अर्थ मन्त्रालयले हरेक मन्त्रालयका सरोकारवाला सबैलाई बजेटको सिलिङ तोकेर पठाइसकेको छ। अब यो विधेयक अधिवेशन अन्त्य र बजेट अधिवेशन सुरु हुनुअघि यसमा प्रभावकारी रूपमा घनीभूत छलफल हुनेछ।

यस्तो छलफललाई हामीकहाँ किन कर्मकाण्डी बनाउने गरिन्छ ?

यस्तो महत्त्वपूर्ण विषयमा हुने छलफललाई कर्मकाण्डी बनाउने भन्ने प्रश्नै उठ्दैन। झन् यतिखेर दुई ठुला दल सरकारमा छन्। आगामी बजेट र नीति तथा कार्यक्रमसित दुई ठुला दलको अस्तित्व जोडिएको छ। सानो चुकले पनि यिनको अस्तित्वमाथि प्रश्न उठ्न सक्छ। जनताका आकांक्षा धेरै छन्। तिनलाई सकेसम्म सम्बोधन गर्नकै लागि पनि प्रिबजेट छलफललाई प्रभावकारी बनाउनु जरुरी छ। तत्कालका लागि केही पर सरे पनि यो छलफल रोकिन्न र यसलाई कर्मकाण्डी होइन, प्रभावकारी बनाइनेछ। अबका दिनमा हुने यस्तो छलफलबाट आउने सल्लाह र सुझावलाई बजेट एवं नीति तथा कार्यक्रममा समेटेर सरकार अघि बढ्छ।

यसलाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?

यो बजेट अधिवेशनमा ३२ विधेयक पारित गर्नुपर्ने अवस्था छ। त्यसका लागि हामी ठेलमठेल रूपमा आआफ्ना गतिविधिमा व्यस्त छौँ। हरेक समितिमा विधेयकको चाङ छन्। मेरै नेतृत्वको समितिमा पनि ६ वटा विधेयक छलफलमा छन्। चारवटामा यसै साताभित्र छलफल सक्छौँ। यसले गर्दा कामको चाप अलि बढी नै छ। खाना खाने समयको तालमेल मिलाउनसमेत सकस भइरहेको छ। त्यसैले, प्रिबजेट छलफल ओझेलमा परेजस्तो देखिएको हो। तर, हामी आगामी दिनमा त्यसलाई प्रभावकारी बनाएरै अघि बढ्नेछौँ।

प्रेरक प्रसंग

सफल बन्ने सूत्र

मानिसको जीवनमा अनेकौँ बाधा आइपर्छन्। यस्ता बाधाका कारण जीवनमा कैयौँ प्रयत्न गर्दा पनि उसलाई सफलता हात लाग्दैन। यस्तो अवस्थामा सफलता हात पार्नका लागि आचार्य चाणक्यका निम्न सुझावलाई जहिल्यै ध्यानमा राख्नु उपयुक्त हुन्छ।

मानसिक तनावबाट बच्नुहोस् : जब जीवनमा कुनै बाधा आइपर्छ, त्यतिखेर मानिसले सबैभन्दा पहिले आफ्नो मानसिक स्थितिलाई सुदृढ बनाउन सक्नुपर्छ। मानसिक तनाव हटाउने प्रयास गर्नुपर्छ। सकारात्मक विचार मनमा ल्याउनुपर्छ। आफ्नो मिहिनेतमाथि विश्वास गरेर कामलाई निरन्तरता दिनुपर्छ। तब मात्र सफलता प्राप्त गर्न सकिन्छ।

निराश नभई संघर्ष गर्नुहोस् : लगातार खोपिरहँदा ठुल्ठुला पत्थरमा पनि प्वाल पार्न सकिन्छ। नदीमा घोटिँदा-घोटिँदा ठुल्ठुला ढुंगा पनि ससाना चिटिक्कका आकृतिमा परिणत हुन सक्छन्। ठिक त्यसरी नै निरन्तर संघर्ष गरिरहने हो भने हामीलाई एक न एक दिन अवश्य सफलता प्राप्त हुन्छ। तर, त्यसका लागि हामी निराश नभई कर्मको मार्गमा निरन्तर संघर्षरत रहनुपर्छ।



सफलता पाउन इमानदारीपूर्वक काम गर्नुहोस् : पूर्णतः निष्ठा र इमानदारीपूर्वक कुनै काम गरेपछि मात्र सफलता हात लाग्छ। त्यसैले, कुनै पनि काम गर्दा इमानदारी नछाड्नुहोस्। यसले तपाईंलाई अवश्यै सफलता दिलाउँछ।

सकारात्मक बन्नुहोस् : कुनै पनि कार्यमा सफलता पाउनका लागि सकारात्मक सोच हुनु जरुरी छ। सकारात्मक सोचविना सफलता पाउन सकिन्न। हरेक काम गर्दा सकारात्मक सोच राख्नुका साथै उत्साहपूर्वक काम गर्नु पनि जरुरी छ। सकारात्मकता र उत्साहले तपाईंलाई जहिल्यै सफलता दिलाउँछन्। आचार्य चाणक्यद्वारा प्रस्तुत सफलताका यी सूत्र जहिल्यै मनन गरौँ र जीवनमा सफल बनौँ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

महानगरले राम्रो गर्‍यो

काठमाडौं महानगरले फागु पर्वपछि फोहोर भएको नयाँसडक, वसन्तपुर, इन्द्रचोकलगायत क्षेत्रमा तत्काल सरसफाइ गरी पानीले पखाल्नेसमेत व्यवस्था गरेको देख्दा खुसी लाग्यो। पछिल्लो समयमा महानगरले जे गरिरहेको छ, त्यसले यस क्षेत्रकै लागि सकारात्मक योगदान दिँदै आएको छ। अहिलेको यो सरसफाइ पनि त्यसैको निरन्तरता हो। वास्तवमा यसरी सहर सरसफाइ गर्ने अभियानलाई भविष्यमा पनि निरन्तरता दिइयो भने सहरको सौन्दर्य जोगाउन सहज हुनेछ। काठमाडौं महानगरले जे गर्‍यो, त्यो बिल्कुलै राम्रो गर्‍यो।

● **सुमित्रा व्यञ्जनकार**, कालिमाटी, काठमाडौं

नदी र चुरे दोहन रोक

स्थानीय सरकार आइसकेपछि स्थानीय नदीनालाबाट भइरहेको गिट्टी, ढुंगा र बालुवाका दोहन रोकिने आशा धेरैले गरेका थिए। तर, स्थानीय सरकारका प्रतिनिधि नै त्यस कार्यका संरक्षक भइदिँदा त्यस्तो अवैध कार्य रोकिने आशा गर्नु नै व्यर्थ साबित हुँदै गएको छ। अझ कतिपय स्थानीय तहमा त नदी र चुरे क्षेत्र दोहनमा अगाडि रहेकाहरू नै नेतृत्वमा पुगेका छन्। नदी र चुरे क्षेत्रको दोहन रोक्नैपर्छ। तर, रोक्ने कसले ?

● **विष्णु विक**
सामाखुसी, काठमाडौं

भक्तपुरबाट सिकून् अरूले

स्थानीय तहमा नेतृत्व गर्ने दल र नेतृत्वकर्ता नेताको सुझबुझ, भिजन, कार्यदक्षता र जाँगर हुने हो भने हरेक स्थानीय तहमा भक्तपुर नगरपालिकाले जस्तै या त्योभन्दा पनि अझै राम्रो काम गरेर देखाउन सकिन्छ। अहिलेका स्थानीय तहसित बजेट र अधिकार दुवै छ। कर्मचारी अन्य साधन स्रोत पनि छ। तैपनि, त्यहाँ विकास निर्माण भइरहेको छैन। यसमा आफू पनि नगर्ने र राम्रो गर्नेहरूबाट पनि नसिक्ने नेतृत्व जिम्मेवार छ।

● **भावना ध्वजु**
सानेपा, ललितपुर

कता हरायो मौलिक होली ?

असत्यमाथि सत्यको विजयोत्सवका रूपमा आपसमा रंग लगाएर शुभकामना साटासाट गरी मनाइने महान् पर्व होली आजकल उच्छृंखलताले भरिन थालेको छ। पश्चिमेली संस्कृतिको सबैभन्दा ठुलो प्रभाव यस पर्वमाथि परेको छ। ठुलाको आशीर्वादस्वरूप रंग लगाई खेलिने होली आजकल रिस साध्ने बहाना बन्दै गएको छ। 'बुरा ना मानो होली है' को नाममा मानिसले उच्छृंखल गतिविधिलाई बढावा दिन थालेका छन्। केही मानिसले जबर्जस्ती रंग दल्ने, अपरिचित व्यक्तिलाई समेत दुर्व्यवहार गर्ने र जबर्जस्ती मादक पदार्थ सेवन गराउनेजस्ता गलत कार्य गर्न थालेका छन्।

होलीमा फागु होरी र चैतीको भाका बिर्सेर अश्लील तथा उच्छृंखल प्रकारका विदेशी गीत-संगीतलाई प्राथमिकता दिन थालिएको छ। पहिला ठुलाबडाको आशीर्वाद लिई आपसमा खुसी साटासाट गरी मनाइने पर्व आजकल मादक पदार्थ सेवनको बहाना बन्न थालेको देखिन्छ। मादक पदार्थ सेवन गरी होलीको नाममा अभद्र व्यवहार गर्ने, झैझगडा गर्ने प्रवृत्ति पनि समाजमा मौलाउँदै गएको छ। यसै वर्षको होलीमा पनि यस्तै अवस्था देखियो। यस्तै रहिरह्यो भने आउँदा वर्षमा भोलिको मौलिकता पूर्णतः हराएर जाने खतरा देखिन्छ। आउने पुस्ताले मौलिक होली नै हेर्न नपाउने डरले हामीलाई त्रसित बनाउँदै छ हामीलाई।

त्यसैले, आगामी वर्षको होलीदेखि सबैले यो पर्वको मूल भावना नबिर्सी आपसी प्रेम, सद्भाव र सम्मान कायम राखेर रमाइलो गर्ने वातावरण सिर्जना गर्नुपर्छ। हामीले बिर्सिंदै गएको मौलिक संस्कृतिलाई प्रवर्द्धन गर्दै अब आउने वर्षमा सभ्य, सुरक्षित र मौलिक होली खेल्नुपर्छ र आफ्नो मौलिक संस्कृति जोगाउनुपर्छ।

● **प्रत्यूषकुमार झा**, वीरगन्ज पब्लिक कलेज
वीरगन्ज, पर्सा
pjha54652@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नेपालमा विद्यालय स्वास्थ्य कार्यक्रम

विद्यालय स्वास्थ्य कार्यक्रम कार्यान्वयनका लागि अभिभावक, समुदाय र स्वास्थ्यकर्मीबिच बलियो सहकार्य आवश्यक छ



● शारदा शर्मा

विद्यालय स्वास्थ्य कार्यक्रम विद्यार्थीको शारीरिक, मानसिक, सामाजिक, भावनात्मक र शैक्षिक अवस्था विकास गर्न योजनाबद्ध स्वास्थ्यसम्बन्धी क्रियाकलाप या सेवाहरूको एकीकृत कार्यक्रम हो। यो कार्यक्रम स्वास्थ्य सेवाको पहुँचलाई विद्यालयसम्म विस्तार गर्न र विद्यार्थीसँगै विद्यालयका शिक्षक तथा कर्मचारीको स्वास्थ्य अवस्था सुधारका लागि गरिएको हो।

विद्यालय स्वास्थ्य कार्यक्रमले विद्यार्थीको जीवनस्तर सुधार्न र स्वस्थ भविष्य निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। कार्यक्रमले सिकाइलाई असर गर्ने स्वास्थ्य समस्याको प्रारम्भिक पहिचानका लागि स्क्रिनिङ गर्ने, आवधिक शारीरिक मूल्यांकन गर्ने, रोकथाम गर्न सकिने सरुवा रोगको जोखिम कम गर्न खोप प्रदान गर्ने, सानातिना रोगका लागि सजिलै पहुँचयोग्य स्वास्थ्य सेवा प्रदान गर्ने, पहिचान भएका जटिल खालका वा शंकास्पद समस्याका लागि उपयुक्त एजेन्सीलाई 'रेफरल' गरी विद्यालयमा स्वास्थ्य संकटको यथाशीघ्र व्यवस्थापन गर्दै स्वास्थ्य प्रवर्द्धन र रोगको रोकथामका लागि स्वास्थ्य शिक्षा प्रदान गर्ने काम गर्छ।

नेपालको राष्ट्रिय स्वास्थ्य नीति ०७६ को रणनीतिक उद्देश्यअनुरूप प्रत्येक विद्यालयमा कम्तीमा एकजना स्वास्थ्यकर्मी परिचालन गरी विद्यालयको स्वास्थ्य अवस्था सुधार गर्ने अवधारणा स्वास्थ्य नीतिले लिएको पाइन्छ। नेपाल सरकारले विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा विद्यालय स्वास्थ्य समन्वय समिति बनाउने व्यवस्था गरेको छ। त्यसैगरी प्रत्येक विद्यालयमा यस कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्न विद्यालय स्वास्थ्य एकाइ राख्नुका साथै विद्यालयमा नर्सको व्यवस्था गर्ने नीति लिइएको छ। जसअन्तर्गत विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका २०७६ हालको संशोधन २०८१ ले यस कार्यक्रमलाई संस्थागत गरेको छ। नेपालमा लागू भएको यस निर्देशिका विद्यालयमा स्वास्थ्य र नर्सिङ सेवालाई बढावा दिन, स्वास्थ्य प्रवर्द्धन, रोगको रोकथाम, स्वस्थ विद्यालय र सिकाइमैत्री वातावरण सिर्जना गर्न जोड दिने कुरामा केन्द्रित छ। नेपालको पोषणसम्बन्धी राष्ट्रिय सर्वेक्षण, २०१६ का अनुसार विद्यालयका ४० प्रतिशत विद्यार्थी पोषणसम्बन्धी समस्यामा छन्। यसले विद्यालय स्वास्थ्यको आवश्यकता थप महत्त्वपूर्ण बनाउँछ। नेपालमा विद्यालय स्वास्थ्य कार्यक्रमका उद्देश्य निम्नानुसार छन् :

- विद्यालयस्तरबाटै बालबालिकालाई स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने
- विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्ने
- स्वास्थ्य, सफा र सिकाइमैत्री वातावरण तयार गर्ने
- व्यवहार परिवर्तनमा आधारित स्वास्थ्य शिक्षा दिने
- स्वास्थ्यसँग सम्बन्धित विद्यालय कार्यक्रम कार्यान्वयन गर्ने
- किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य प्रवर्द्धन गर्नुका साथै महिनावारी स्वास्थ्य व्यवस्थापन गर्ने
- विद्यालय उमेरका बालबालिकाको मानसिक स्वास्थ्य प्रवर्द्धन गर्ने
- प्राथमिक उपचार सेवा प्रदान गर्ने
- समयमै स्वास्थ्य समस्या पहिचान तथा रोकथाम गरी जटिलता देखिएमा सम्बन्धित अस्पतालमा प्रेषण गर्ने
- विद्यार्थीको विद्यालय छोड्ने दर घटाउने

विद्यालय स्वास्थ्य कार्यक्रमको सफल कार्यान्वयनमा विद्यालय नर्सको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि नर्सले नेतृत्वदायी भूमिका वहन गर्छन्। विद्यालयको वातावरण सिक्न सिकाउनका लागि सुरक्षित एवं बालबालिका तथा किशोर-किशोरीमैत्री बनाउन सहयोग गर्ने, विद्यार्थीद्वारा



विद्यार्थीलाई चेतनामूलक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने, अभिभावकसँग समन्वय गर्ने, विद्यार्थीलाई स्वस्थ जीवनशैलीसँग सम्बन्धित आचरण सिकाउनुका साथै सकारात्मक सोचको समेत विकास गर्न मद्दत गर्ने र स्थानीय तहसँग आवश्यक समन्वय गर्नेजस्ता विभिन्न भूमिका विद्यालय नर्सले निर्वाह गर्छन्। विद्यालय नर्सको मुख्य जिम्मेवारी प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक परामर्श सेवा, स्वास्थ्य परीक्षण एवं प्राथमिक उपचार र प्रेषण सेवा रहेका छन्। आर्थिक वर्ष ०७९/८० को वार्षिक स्वास्थ्य प्रतिवेदनको तथ्यांकअनुसार स्वास्थ्य सेवा विभाग नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा र विभिन्न प्रदेश सरकारको सहयोगमा सञ्चालित विद्यालय स्वास्थ्य कार्यक्रममा हाल १०११ विद्यालयमा नर्स कार्यरत छन्। साथै, केही निजी विद्यालयले पनि आफ्नै लागतमा यो कार्यक्रम लागू गरेका छन्।

नेपालमा विद्यालय स्वास्थ्य कार्यक्रमका विभिन्न चुनौती छन्। धेरै विद्यालयमा स्वास्थ्यसम्बन्धी आधारभूत संरचनाको अभाव छ। जस्तै- सफा पिउने पानीको सुविधा, शौचालयको सरसफाइ र स्वास्थ्य सामग्रीको कमी आदि। अझै पनि धेरै विद्यालयमा स्वास्थ्य शिक्षा र स्वास्थ्य सेवा पुर्‍याउन पर्याप्त साधन छैनन्। विद्यालय स्वास्थ्य नर्सको महत्त्व र स्वास्थ्य कार्यक्रमका लाभबारे समुदाय र अभिभावकको सचेतना अझै कम छ। यसमा सुधार गर्नका लागि व्यापक प्रचार-प्रसार र विद्यालय स्वास्थ्य कार्यक्रम कार्यान्वयनका लागि अभिभावक, समुदाय र स्वास्थ्यकर्मीको सहकार्य आवश्यक छ।

विद्यालय स्वास्थ्य कार्यक्रम बालबालिकाको सर्वाङ्गीण विकासका लागि अत्यन्तै प्रभावकारी कार्यक्रम हो। विद्यालय स्वास्थ्य कार्यक्रमको सफल कार्यान्वयनका लागि अभिभावक र समुदायको सक्रिय सहभागिता आवश्यक छ। नेपालमा पनि विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्राथमिकतामा राखी देशका सबै विद्यालयमा सञ्चालन गर्न सरकार र समुदायको सहकार्य हुनु जरुरी देखिन्छ। जसमा विद्यालय नर्सको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। स्वस्थ जीवन नै सिकाइको प्रमुख आधार हो। तसर्थ, विद्यालय स्वास्थ्य कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके कम स्रोतसाधन परिचालन गरी रोगहरूको जोखिम कम गर्न, स्वस्थ र सभ्य समाज निर्माण गर्न सकिन्छ।

(शर्मा पोखरा नर्सिङ क्याम्पसकी सहप्राध्यापक हुन्)

गाजाको मौन महामारी र अन्तर्राष्ट्रिय समुदायको बेवास्ता

गाजामा अहिले विश्वमै धेरै अंगभंग भएका बालबालिका छन्। तर, त्यहाँको ध्वस्तप्रायः स्वास्थ्य प्रणाली उनीहरूको उपचार तथा हेरचाह गर्न असमर्थ छ।



भग्नावशेष अस्पताल र अस्थायी क्लिनिक दीर्घरोगीलाई हेरचाह गर्नसमेत सक्षम छैनन् भने अपांगता भएका व्यक्तिहरूको हेरचाह गर्ने त झनै टाढाको कुरा भयो। रफाह सीमानाका अहिले पुनः बन्द गरिएको छ। घाइतेहरू अब उपचारका लागि सीमापारि यात्रा गर्न नसक्ने भएका छन्।



● हदिल आवाद

हदिल अवाद गाजाकी एक लेखक र नर्स हुन्। नोभेम्बर २०२३ मा इजरायली सेनाले छापा मार्नुअघि उनी अल सिफा अस्पतालमा काम गर्थिन्।

गाजामा युद्धविराम सुरु भएको दुई महिना भइसकेको छ। तर, युद्धविरामबिच पनि इजरायली सेनाले प्यालेस्टिनीहरूलाई मारिरहेका छन्। तथापि, अहिलेका लागि निरन्तरको बमबारी भने रोकिएको छ। गाजापट्टीमा प्रवेश अनुमति दिइएका धेरै प्रकारका अत्यावश्यक सहायता फेरि दुई हप्तादेखि रोकिएका छन्। त्यसअघिको डेढ महिनामा प्रवेश गरेका सामग्रीले गाजाको नामेटजस्तै बनेको स्वास्थ्य सेवा प्रणालीलाई पुनर्जीवित गर्न सक्दैन। यति धेरै अस्पताल र क्लिनिक नष्ट गरिएका छन् कि मानवीय सहायताकर्मी संस्थाहरूले घाइतेलाई आधारभूत हेरचाह प्रदान गर्नसमेत पाल टाँगेर सेवा दिनुपर्ने अवस्था छ। यसअघि पठाइएका चिकित्सा आपूर्तिहरू पनि निखिँदै गएका छन्।

यो निरन्तर पीडाको बीचमा गाजाको स्वास्थ्य सेवा प्रणाली उठ्ने तयारी गर्दै थियो। तर, अहिले तिनले पाउने सेवा रोकिएपछि त्यसमा पनि विराम लागेको छ। स्वास्थ्य प्रणाली नागरिक जनसंख्यालाई दुःख दिने स्वास्थ्य संकटहरूलाई सम्बोधन गर्न सक्ने स्थितिमा छैन। अहिले गाजावासीलाई सताइरहेकोमध्ये सबैभन्दा जटिल समस्या अंगभंगको उपचारमा देखिएको छ। इजरायलको १५ महिना लामो अन्धाधुन्ध बमबारीले गर्दा गाजामा अंगभंग भएकाको संख्या डरलाग्दो छ।

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२३ अक्टोबर ७ देखि सेप्टेम्बर २०२४ सम्म गाजामा गम्भीर प्रकारको शारीरिक चोट भोगेका मानिसको संख्या २२ हजार ५०० थियो। तिनमा गम्भीर चोटपटक, अंगभंग भएका, मेरुदण्डको आघात, मस्तिष्कमा चोटपटक र शरीरका धेरै भागमा जलन भोगेका बिरामी थिए। नरसंहारकारी युद्ध चरमचुलीमा पुग्दा सहायता एजेन्सीहरू र चिकित्सा संस्थाहरूले गाजामा हरेक दिन १० भन्दा बढी बालबालिकाले एक वा दुई अंग गुमाइरहेको रिपोर्ट सार्वजनिक गरिरहेका थिए। कैयौंलाई एनेस्थेसियाविना नै शल्यक्रिया गराउनुपर्ने बाध्यता थियो। यस भेगको स्वास्थ्य प्रणाली बमबारीको निसानामा परेर पूर्ण रूपमा ध्वस्त नभएको भए धेरैको हातखुट्टा बचाउन सकिने बताइएको छ।

डिसेम्बरमा संयुक्त राष्ट्र संघले गाजामा 'विश्वमै उच्च प्रतिव्यक्ति अंगभंग भएका बालबालिकाको संख्या' रहेको बताएको थियो। जुलाई २०२४ मा, अल-अक्सा सहिद अस्पतालको स्थलगत भ्रमणका क्रममा मैले यसलाई प्रत्यक्ष रूपमा देखेको थिएँ। गाजामा सञ्चालनमा रहेको अन्तिम अस्पतालमध्ये एक सो अस्पतालमा बमबारीमा परेर घाइते भएका केयौँ मानिस ल्याइपुऱ्याइएको थियो। स्वास्थ्यकर्मी घाइतेहरूलाई मद्दत गर्न संघर्ष गरिरहेका थिए।

त्यहाँ स्वास्थ्यकर्मीको चरम अभाव देखेर म आफैँ पनि मद्दतका लागि अघि सरेँ। मैले हेरेको पहिलो बिरामी चार वर्षीया टाला नामकी नानी थिइन्। बमका कारण आफ्नो एउटा खुट्टा गुमाएकी टाला रोइरहेकी थिइन्। आफैँ गम्भीर घाइते भएकीले उनकी आमा उनको तीव्र रोदनलाई शान्त पार्न आउन सकिनन्। मैले ती सानी केटीको मलमपट्टी फेर्न र दुखाइ निवारक औषधि दिनबाहेक केही गर्न सकिनँ। त्यसपछि मैले अब्दुल्लाह नामको एक युवकलाई देखेँ, जो गम्भीर घाइते भएकाले बेहोस अवस्थामा थिए। अस्पताल ल्याइएपछि उनको शरीरमा अल्झिरहेको बाँकी खुट्टा काटिएको थियो। उनका बुबाले मलाई अब्दुल्लाहकी हजुरआमा र एकजना बहिनीको मृत्यु भएको बताए।

म फेरि डिसेम्बर २०२४ मा सो अस्पताल गएको थिएँ। त्यतिबेला मेरो भेट तीन वर्षीया हनान र डेढ वर्षकी मिस्कसँग भयो। हनानको दुवै खुट्टा काटिएको थियो भने बहिनी मिस्कको एउटा खुट्टा बाँकी थियो। इजरायली बमबारीमा तिनीहरूकी आमा मारिएकी थिइन्। तिनीहरूकी काकीले मलाई उनीहरूको हेरचाह गर्न कठिनाइ भोगिरहेको बताइन्। बम विस्फोटले एउटा खुट्टा गुमाएकी मिस्कले भर्खरै उठ्न सिकेकी थिइन्। हनान भने उनका उमेरका अन्य बालबालिकाको खुट्टामा ध्यान दिने उमेरकी भएकीले वेलावेला आफ्नो खुट्टा किन छैनन् भनेर सोध्थिन्।

यो त इजरायली बमबाट खुसी खोसिएका हजारौँ बालबालिकाको भोगाइको सानो अंश मात्र हो। तिनीहरू सधैँका लागि दौडन र आफ्ना साथीहरूसँग काँधमा काँध मिलाएर खेल्न असमर्थ बनाइएका छन्। एकातर्फ शरीरको अंग गुमेको पीडा, अर्कोतर्फ त्यसको उपचार तथा आधारभूत हेरचाहको अभाव, उनीहरू दोहोरो पीडा भोग्न बाध्य छन्।

उसो त यो नरसंहारकारी युद्धअघि नै गाजाले ठुलो संख्याको अंगभंगका बिरामीको उपचार गरिरहेको थियो। यसअघिका इजरायली आक्रमण र शान्तिपूर्ण प्रदर्शनमाथि गरिएका आक्रमणले अघिल्लो चरणका अंगभंगका बिरामी निर्माण गरेको थियो। तर, त्यो समय पीडितको उपचार र हेरचाह गर्ने केही संस्थाहरू राम्ररी काम गरिरहेका थिए। 'हमाद हस्पिटल फर रिह्याबिलिटेसन एन्ड प्रोस्थेटिक्स' अंगभंग भएका बिरामीलाई 'प्रोस्थेटिक्स' प्रदान गर्न सक्षम थियो। विभिन्न परियोजना मानसिक आघात परेकाहरूलाई मनोसामाजिक सहयोग र उपचारमा सक्रिय थिए। अहिले यी सबै हराइसकेका छन्। नरसंहारकारी युद्धको पहिलो केही हप्ताभित्र हमाद अस्पताल ध्वस्त भएको थियो।

भग्नावशेष अस्पताल र अस्थायी क्लिनिकहरू दीर्घरोगीलाई हेरचाह प्रदान गर्नसमेत सक्षम छैनन् भने अपांगता भएका व्यक्तिहरूको हेरचाह गर्ने त झनै टाढाको कुरा भयो। रफाह सीमानाका अहिले पुनः बन्द गरिएको छ। घाइतेहरू अब उपचारका लागि सीमापारि यात्रा गर्न नसक्ने भएका छन्। कृत्रिम अंग, बैसाखी र ह्विलचेयरजस्ता सहायक उपकरणको चरम अभाव देखिएको छ। तर, त्यस्ता सामग्रीलाई समेत गाजा पठाउन रोकिएको छ। गाजाको स्वास्थ्य क्षेत्रले भोगेको विनाशको पुनर्निर्माण गर्न वर्षौं लाग्न सक्छ। इजरायलले सामूहिक दण्डको रूपमा सहायता रोक्ने कार्य जारी राख्यो भने समय झन् लम्बिनेछ। र, यस अवधिमा अंगभंग भएका व्यक्तिहरू अनिवार्य रूपमा आवश्यक हेरचाह र पुनर्स्थापनाको अभावबाट मात्र नभई निको नहुने गहिरो मनोवैज्ञानिक आघातबाट पनि पीडित हुनेछन्। यो गाजाको लुकेको महामारी हुनेछ।

- अल जजिराबाट

इतिहासमा आज



सन् २०१४ : एक लोकप्रिय जनमतसंग्रहमा क्रिमियाले युक्रेनबाट अलग भएर रुसी संघमा सामेल हुने पक्षमा मतदान गऱ्यो। धेरै देशको विरोधका बाबजुद रुसले पछि यस क्षेत्रलाई आफ्नो कब्जामा लियो।

- **सन् १९३५** : एडोल्फ हिटलरले जर्मनमा पुनः हतियार प्रयोगको आदेश दिनुका साथै भर्साइल सन्धिको उल्लंघन गरे।
- **सन् १९४५** : दोस्रो विश्वयुद्धको समयमा अमेरिकी पनडुब्बीहरूले जापानी टापु इवो जिमा कब्जा गरे।
- **सन् १९६२** : रोबर्ट गुडार्डले पहिलो तरल-इन्धन सञ्चालित रकेट प्रक्षेपण गरे।
- **सन् १९६८** : अमेरिकी सेनाबाट सयौँ निःशस्त्र भियतनामी नागरिकको आमसंहार। आमसंहारमा मारिएका ५०४ व्यक्तिमा थुप्रै बालबालिका पनि थिए।
- **सन् १९७८** : अन्तरिक्षयान सोयोजु २६ पृथ्वीमा फर्कियो।
- **सन् १९७८** : कच्चा तेलबाहक अमोको काडिजबाट फ्रान्सको तटीय क्षेत्रमा दुई लाख २३ हजार टन कच्चा तेल पोखियो।
- **सन् १९८४** : एक-अर्काका आन्तरिक दुस्मनलाई सहयोगमा निषेध लगाउने सन्धिमा मोजाम्बिक र दक्षिण अफ्रिकाबिच हस्ताक्षर।
- **सन् १९८८** : कुर्दिस सहर हलाब्जामा विषाक्त ग्यास आक्रमण हुँदा पाँच हजार गैरसैनिक नागरिकको मृत्यु। यो युद्ध अपराध इराकका अत्याचारी शासक सद्दाम हुसेनको आदेशमा भएको मानिन्छ।

आत्मसमर्पण गर्न युक्रेनी सेनालाई पुटिनको आह्वान

किभ/ रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले रुसी भूभाग कुर्स्कमा रहेका युक्रेनी सेनालाई आत्मसमर्पण गर्ने आह्वान गरेका छन्। युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले रुसी नेताले युद्धविरामको पहललाई बिथोल्न खोजेको आरोप लगाइरहेका वेला पुटिनको आह्वान आएको हो। गत अगस्टमा युक्रेनले कब्जा गरेको अधिकांश भूभाग पुनः कब्जा गर्दै रुसले पछिल्लो सातादेखि कुर्स्कको पश्चिमी सीमा क्षेत्रमा तीव्र प्रतिकार गरेको छ। रुसी टेलिभिजनमा प्रसारण भएको सम्बोधनमा पुटिनले भने, 'हामी अमेरिकी राष्ट्रपति ट्रम्पको आह्वानप्रति सहानुभूति राख्छौँ।' उनले अगाडि भने, 'यदि उनीहरूले हतियार त्यागेर आत्मसमर्पण गरे भने उनीहरूलाई जीवन र सम्मानजनक व्यवहारको प्रत्याभूति हुनेछ।' पुटिनले युक्रेनका हजारौँ सैनिकलाई रुसी सेनाले पूर्ण रूपमा घेरेको र उनीहरू निकै खराब र कमजोर अवस्थामा रहेको दाबी गरे।

ट्रम्पले 'मैले राष्ट्रपति पुटिनलाई उनीहरू (रुसी जमिनमा रहेका युक्रेनी सेना)को जीवन रक्षा गर्न जोडदार अनुरोध गरेको छु। यदि रुसले त्यहाँ उनीहरूविरुद्ध आक्रमण गरेमा यो एक भयानक नरसंहार हुनेछ, जुन दोस्रो विश्वयुद्धपछि कहिल्यै देखिएको थिएन।' युक्रेनको सैन्य नेतृत्वले उक्त आरोपको खण्डन गरेको छ। युक्रेनका सैन्य जनरल स्टाफले सामाजिक सञ्जालमा लेखेका छन्, 'हाम्रो युनिटलाई कुनै खतरा छैन।'

अमेरिकी विदेश नीतिको परिवर्तनशील परिदृश्य र विश्वव्यापी प्रभाव

अमेरिकी विदेश नीतिमा हालको परिवर्तनले विश्वमा अमेरिकाको भूमिकाको महत्त्वपूर्ण पुनः मूल्यांकनलाई प्रतिबिम्बत गर्छ। परिवर्तित अमेरिकी विदेश नीति आफैँमा विवादपूर्ण भए पनि उसका साझेदारले ठुलो क्षेत्रीय जिम्मेवारी बताउने गर्छन्। ट्रम्प प्रशासनको 'अमेरिका पहिलो' सिद्धान्तअन्तर्गत सुरु भएको र नाटकीय रूपमा विकसित हुँदै गएको यो रूपान्तरणले अन्तर्राष्ट्रिय भूराजनीति, गठबन्धन संरचना र विश्वव्यापी स्थिरतामा गहिरो प्रभाव पार्छ। संयुक्त राज्य अमेरिकाले आफ्नो रणनीतिक प्राथमिकतालाई पुनः परिभाषित गर्दै जाँदा चीनलगायत अन्य राष्ट्र आफ्नै विदेश नीति र विश्वव्यापी स्थितिको पुनर्मूल्यांकन गर्न बाध्य छन्। ट्रम्प युगमा प्रमुख निर्णयहरूले बहुपक्षीय सहयोगभन्दा अमेरिकी हितलाई प्राथमिकता दिने लेनदेन दृष्टिकोणलाई जोड दिएको छ। यी कार्यले विश्वव्यापी संस्थाप्रति व्यापक शंका र परम्परागत गठबन्धन फलदायी हुनुको सट्टा बोझिलो भएको विश्वासलाई प्रतिबिम्बित गरेका छन्।

ट्रम्प प्रशासनले बाइडेनका केही बयानबाजीलाई कम गर्दै साझेदारसँगको दायित्वलाई पुनर्विचार गर्ने प्रवृत्तिलाई धेरै हदसम्म निरन्तरता दिएको छ। यो परिवर्तन अमेरिकी शक्तिको सीमाको मान्यताबाट प्रेरित छ। यद्यपि, यसले पश्चिमा प्रभावशाली विश्वव्यापी प्रणालीको समर्थकको रूपमा अमेरिकाको परम्परागत भूमिकाबाट पछि हट्ने संकेत पनि गर्छ, जसले अन्तर्राष्ट्रिय व्यवस्थाको भविष्यबारे प्रश्न उठाउँछ। इतिहासले देखाउँछ कि विश्वव्यापी शक्ति गतिशीलतामा संक्रमणले प्रायः अस्थिरता निम्त्याउँछ। उदाहरणका लागि युरोपमा नाटोभित्र ठुलो बोझ बाँडफाँड गरिनुपर्ने अमेरिकी जोडबलले ट्रान्सएट्लान्टिक सम्बन्धलाई तनावपूर्ण बनाएको छ र युरोपेली सहयोगीले सुरक्षा सुनिश्चितकर्ताको रूपमा अमेरिकाको विश्वसनीयतामाथि प्रश्न उठाएका छन्।


यस परिवर्तनशील परिदृश्यमा चीनको दृष्टिकोण रणनीतिक व्यावहारिकता र यसको प्राचीन परम्परामा आधारित दार्शनिक सिद्धान्तहरूको संयोजनले आकार दिएको छ। तियानसिया (सबै स्वर्गमुनि)को अवधारणाले एक सामञ्जस्यपूर्ण विश्व-व्यवस्थाको परिकल्पना गर्छ, जहाँ राज्यहरू साझा नैतिक ढाँचाअन्तर्गत सहअस्तित्वमा रहन्छन्। यो विश्व दृष्टिकोणले स्थिरता र पारस्परिक सम्मानलाई जोड दिन्छ, जुन अमेरिकाको लेनदेन र प्रायः टकरावको दृष्टिकोणसँग तीव्र रूपमा भिन्न छ। कन्फ्युसियन मूल्य-मान्यताले चीनको कूटनीतिलाई थप जानकारी दिन्छ, नैतिक नेतृत्व, परोपकार र राज्यबिचको सद्गुण सम्बन्धमा जोड दिन्छ। व्यवहारमा, यो जबर्जस्तीभन्दा संवाद र सहयोगका लागि प्राथमिकतामा रूपान्तरण भएको छ। उदाहरणका लागि युक्रेन द्वन्द्वमा चीनले अमेरिकाको अधिक हस्तक्षेपकारी अडानविपरीत शान्तिपूर्ण वार्ताको वकालत गर्दै र बाह्य हस्तक्षेपको विरोध गर्दै एक अद्वितीय अडान कायम राखेको छ।

आर्थिक रूपमा चीनले आफ्नो विश्वव्यापी संलग्नतालाई गहिरो बनाएर अमेरिकी संरक्षणवाद र रणनीतिक नियन्त्रणको प्रतिक्रिया दिएको छ। बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) र एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी)जस्ता पहलले चीनको व्यापार सम्बन्धलाई विविधीकरण गर्ने र पश्चिमी बजारमा यसको निर्भरता कम गर्ने लक्ष्य राखेको छ। यी प्रयासले चीनको आर्थिक लचिलोपनलाई मात्र बलियो बनाउँदैनन्, बरु यसलाई अझ समतामूलक विश्वव्यापी आर्थिक व्यवस्थालाई आकार दिन एक प्रमुख खेलाडीको रूपमा पनि उभ्याउँछ। साथै, चीनले आफ्नो रणनीतिक स्वायत्तता कायम राखिरहेको छ र विविध विदेश नीति अपनाउँदै छ। यो दृष्टिकोणले चीनको दीर्घकालीन दृष्टिकोणलाई प्रतिबिम्बित गर्छ, जहाँ यसले ठुला शक्ति प्रतिद्वन्द्वितामा फसेर आफ्नो प्रभाव जमाउन सक्छ।

परम्परागत अमेरिकी सहयोगीहरूको रूपमा युरोप र जापान जटिल र अनिश्चित परिदृश्यमा अगाडि बढ्दै छन्। ठुलो बोझ बाँडफाँडका लागि अमेरिकी मागले आन्तरिक रूपमा विभाजित र आर्थिक चुनौतीसँग जुझिरहेका युरोपेली राष्ट्रमा चिन्ता सिर्जना गरेको छ। म्युनिख सुरक्षा सम्मेलनमा अमेरिकी उपराष्ट्रपति भान्सको हालैको टिप्पणी (भान्सले युरोपेली शासनको आलोचना गर्नुका साथै अमेरिकी सुरक्षाको मूल्यमाथि प्रश्न उठाए)ले ट्रान्सएट्लान्टिक सम्बन्धलाई अझ तनावपूर्ण बनाएको छ। यसैबिच, जापानले चीनसँगको आर्थिक सम्बन्धविरुद्ध अमेरिकासँगको आफ्नो गठबन्धनलाई सन्तुलनमा राख्ने नाजुक कार्यको सामना गरिरहेको छ। चीनबाट आर्थिक रूपमा अलग पार्ने अमेरिकी दबाबले जापानको लागि महत्त्वपूर्ण चुनौती खडा गरेको छ। जापान चिनियाँ बजार र आपूर्ति शृंखलामा अमेरिकामाथि धेरै निर्भर छ। फलस्वरूप, जापानले आफ्नो साझेदारीलाई विविधीकरण गर्न र क्षेत्रीय कूटनीतिमा थप सक्रिय भूमिका खेल्न खोजिरहेको छ।

निष्कर्षमा, अमेरिकी विदेश नीतिको रूपान्तरणले विश्वव्यापी भूराजनीतिमा महत्त्वपूर्ण प्रभाव पार्छ। यसले बहुध्रुवीय विश्वको अनुकूलनलाई प्रतिबिम्बित गरे पनि क्षेत्रीय अस्थिरतादेखि बहुपक्षीय संस्थामा क्षयीकरणसम्मका जोखिम निम्त्याउँछ। चीनका लागि यो परिवर्तनले चुनौती र अवसर दुवै प्रस्तुत गर्छ। आफ्नो दार्शनिक परम्परा र रणनीतिक व्यावहारिकतालाई आत्मसात् गरी चीनले आफूलाई स्थिरीकरण गर्ने शक्ति र अझ समतामूलक विश्वव्यापी व्यवस्थाको विजेताको रूपमा प्रस्तुत गरिरहेको छ। अमेरिकाले आफ्नो भूमिकालाई पुनः परिभाषित गर्दै जाँदा अन्तर्राष्ट्रिय सम्बन्धको भविष्य प्रमुख शक्तिहरूको यो जटिल परिदृश्यलाई दूरदर्शिता र बुद्धिमत्ताका साथ अगाडि बढाउने क्षमतामा निर्भर हुनेछ। स्थिर र सामञ्जस्यपूर्ण विश्वव्यापी व्यवस्था सुनिश्चित गर्न संवाद, सहयोग र पारस्परिक सम्मानका सिद्धान्त आवश्यक हुनेछन्। अनिश्चितताको यस युगमा प्रमुख खेलाडीले गरेका छनोटले आगामी दर्शकका लागि अन्तर्राष्ट्रिय सम्बन्धको मार्गलाई आकार दिनेछन्। विश्व आफ्नो भूराजनीतिक कथामा एक नयाँ अध्यायमा प्रवेश गर्दै छ, जसले सावधानीपूर्वक मार्ग पहिचान गर्दै साझा समृद्धि र शान्तिका लागि प्रतिबद्धता व्यक्त गर्छ।

- चाइना डेलीबाट



> अमेरिकी विदेश नीतिको रूपान्तरणले विश्वव्यापी भूराजनीतिमा महत्त्वपूर्ण प्रभाव पार्छ। यसले बहुध्रुवीय विश्वको अनुकूलनलाई प्रतिबिम्बित गरे पनि क्षेत्रीय अस्थिरतादेखि बहुपक्षीय संस्थामा क्षयीकरणसम्मका जोखिम निम्त्याउँछ। चीनका लागि यो परिवर्तनले चुनौती र अवसर दुवै प्रस्तुत गर्छ।

दक्षिण अफ्रिकी राजदूतलाई देशनिकाला गर्ने घोषणा



राजदूत इब्राहिम रसुल

वासिंटन डिसी/ अमेरिकाले वासिंटनका लागि दक्षिण अफ्रिकाका राजदूतलाई देशनिकाला गर्ने भएको छ। विदेशमन्त्री मार्को रुबियोले दक्षिण अफ्रिकी राजदूत इब्राहिम रसुलले अमेरिका र राष्ट्रपति डोनाल्ड ट्रम्पलाई घृणा गरेको आरोप लगाउँदै उनलाई देशनिकाला गर्ने घोषणा गरेका हुन्। 'संयुक्त राज्य अमेरिकाका लागि दक्षिण अफ्रिकाका राजदूतलाई अब हाम्रो महान् देशमा स्वागत छैन्,' राजदूतलाई देशनिकाला गर्ने घोषणा गर्दै रुबियोले लेखेका छन्, 'इब्राहिम रसुल अमेरिकालाई घृणा गर्ने एक जातिगत राजनीतिज्ञ हुन्।' दक्षिण अफ्रिकी राष्ट्रपतिको कार्यालयले शनिबार दक्षिण अफ्रिकाका राजदूतलाई देशनिकाला गर्ने अमेरिकी निर्णय 'खेदजनक' भएको बताएको छ।

'उनलाई हामीसँग छलफल गर्न आवश्यक छैन। उनलाई अमेरिकामा अस्वीकार्य व्यक्ति मानिनेछ,' विदेशमन्त्रीले भने। कूटनीतिक शिष्टाचार र विशेष सुविधाको दुरुपयोग गर्ने, कूटनीतिक मर्यादाको उल्लंघन गर्ने व्यक्तिलाई 'होस्ट कन्ट्री'ले अस्वीकार्य व्यक्ति घोषणा गर्न सक्छ।

वासिंटन र प्रिटोरियाबिचको बढ्दो तनावबिच राजदूतलाई देशनिकाला गर्नु अमेरिकाको एक दुर्लभ कदम हो। ट्रम्पले गत फेब्रुअरीमा दक्षिण अफ्रिकालाई दिइने अमेरिकी सहयोग रोक्का गरेका थिए। गत हप्ता ट्रम्पले दक्षिण अफ्रिकाका किसानलाई संयुक्त राज्य अमेरिकामा बसोवास गर्न स्वागत गरिएको भन्दै सरकारले गोराहरूको भूमि 'जफत' गरिरहेको आरोप दोहोऱ्याएका थिए। ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन्, 'सुरक्षाका कारण दक्षिण अफ्रिकाबाट आएका कुनै पनि किसान परिवारलाई त्यस देशबाट पलायन हुनुपरेमा नागरिकताको द्रुत मार्गको व्यवस्था गर्दै उनीहरूलाई संयुक्त राज्य अमेरिकामा आमन्त्रित गरिनेछ।' दक्षिण अफ्रिकी मूलका अर्बपति इलन मस्कले दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाको सरकारमाथि 'खुलेआम रंगभेदी स्वामित्वसम्बन्धी कानुन' रहेको आरोप लगाउँदै आएका छन्। मस्क ट्रम्पका निकटतम सहयोगीमध्येका एक हुन्।

अनुसन्धान गर्ने जुम्लाको बागवानीमै पाइँदैन आलुको बिउ



जुम्लामा **मानदत्त रावल**

जुम्लाको चन्दननाथ नगरपालिकामा अहिले आलु रोप्ने सिजन हो। तर, आलुको विषयमा अनुसन्धान गर्ने बागवानी अनुसन्धान केन्द्र राजिकोटमा समेत आलुको बिउ छैन। बागवानीमा समेत बिउ नपाउँदा बारी बाँझै राख्नुपरेको कृषकको गुनासो छ। चन्दननाथ नगरपालिका- १, आचार्यवाडाका जयकृष्ण आचार्यले १० किलो आलुको बिउ जुम्लामा पाउन नसकिएको बताए। उनले भने, 'जुम्लामा अहिले आलु अभाव छ। विकट भूभागमा काहींकतै अलि-अलि होला, तर पर्याप्त छैन। आलुको बिउ पाउन पनि कृषकलाई समस्या भएको छ।' बागवानी अनुसन्धान केन्द्र राजिकोटका कृषि प्राविधिक सहायक हरि सुवेदीका अनुसार बागवानीमा पाँच टन आलु उत्पादन भएको थियो। बागवानीमा पाँच जातको आलु उत्पादन हुने उनले बताए। जुम्ली लोकल, खुमल सेतो, डेजिरे, जनकदेव र कुफ्रिज्योति नामको आलु उत्पादन हुने गरेको छ। उनले भने, 'प्रतिकिलो ५० रुपैयाँमा दुई टन बिउ आलु बिक्री गरेका छौं। बाँकी समुदायमा आधारित आलुखेती गर्ने गरेका छौं। बाँकी बिउ आलु त्यही रोप्न बिक्री-वितरण गरेका छैनौं।'

कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीका अनुसार जिल्लामा आलु उत्पादन क्षेत्र वृद्धि हुँदै गएको छ। उनका अनुसार आर्थिक वर्ष ०८०/०८१ मा दुई हजार दुई सय ४५ हेक्टर क्षेत्रफलमा आलुखेतीबाट ३४ हजार चार सय ५० मेट्रिकटन उत्पादन भएको थियो। त्यसैगरी, ०८१/०८२ मा दुई हजार दुई सय ९० हेक्टर क्षेत्रफलमा खेती हुँदा ३५ हजार नौ सय ३० मेट्रिकटन उत्पादन भएको छ।

आलु उत्पादन हरेक वर्ष वृद्धिसँगै खपत पनि बढ्दा बिउ आलु पाउन समस्या भएको उनको भनाइ छ। प्रमुख अधिकारीले भने, 'आलु बजारीकरणमा अनुदान छ। तर, जुम्लामा २० क्विन्टल आलु संकलन गर्न मुस्किल छ। यहाँका कृषकले २० क्विन्टल आलु संकलन नगरेकै कारण अनुदान रकम कार्यान्वयनमा ल्याउन सकिएको छैन।'

सिजनमा आलु धेरै उत्पादन भए पनि अफ सिजनमा बाहिर जिल्लाबाट आलु ल्याउनुपर्ने अवस्था छ। त्यसकारण यहाँ आलु उत्पादनमा वृद्धि गर्नुका साथै भण्डारको पनि व्यवस्थापन गर्नुपर्ने उनले बताए। आलुखेतीको क्षेत्र विस्तार प्रवर्द्धन र बजारीकरणका लागि गत साता चन्दननाथ नगरपालिका- ५ को मुख्य बजार कृष्णमन्दिर प्रांगणमा बिउ आलु मेला प्रदर्शनी गरिएको कृषि विकास कार्यालयका प्रमुख अधिकारीले बताए। उनले भने, 'कृषि विकास कार्यालय, भूमि समस्या समाधान आयोग जिल्ला समिति जुम्ला, बागवानी अनुसन्धान केन्द्र राजिकोट र नेपाल पत्रकार महासंघ शाखा जुम्लाको बिउ आलु प्रदर्शनी मेला गरिएको हो।'

जिल्लाका आठवटै स्थानीय तहको उच्च भागमा फल्ने आलु संकलन गरी कृष्णमन्दिर प्रांगणमा बिउ आलु प्रदर्शनी मेला गरिएको भूमि समस्या समाधान आयोग, जिल्ला समिति जुम्लाका विज्ञ सदस्य सुमन आचार्यले बताए। उनले भने, 'जुम्लामा विशेष गरी दुई सिजन, तीनमहिने र ६ महिनामा फल्ने आलु रहेको छ। आलुको बजारीकरण र वृद्धि गर्नका लागि कृषकलाई प्रोत्साहित गर्न प्रदर्शनी मेला गरिएको हो।'

तिलाको ढिपु, हिमाको पाथरखोला, सिँजाको जुडु भाडगाउँ, कनकासुन्दरीको बोता, पातारासीको तिर्ख, तातोपानीको टोप्लालगायतको उच्च भूभागमा उत्पादन हुने आलु संकलन गरिएको आयोगका विज्ञ सदस्य आचार्यले बताए।

यहाँ विशेष गरी दुई सिजनमा तीनमहिने र ६ महिनामा फल्ने आलु रोप्ने कृषि तालिका रहेको छ। आलु उत्पादन मौसममा मूल्य कम हुने र बेमौसममा मूल्य बढी हुने गर्छ। मूल्यवृद्धि भएको समयमा आलु अभाव हुने गरेको विज्ञ सदस्य आचार्यले बताए। उनले भने, 'अहिले बेमौसममा आलुको मूल्य उच्च ६०-७० रुपैयाँ पुगेको देखिन्छ। तर, कृषकले उत्पादनको परिश्रमअनुसार मूल्य पाउने गरेका छैनन्। कृषकको लागत, परिश्रम र दूरीका आधारमा पनि मूल्य निर्धारण हुन आवश्यक छ।'

स्थापना भयो उपभोक्ता अदालत

उपभोक्ताले आफू ठगिएको महसुस गरे अब क्षतिपूर्ति माग गर्दै अदालतमा जाने बाटो खुला

प्रधानन्यायाधीश भन्छन्– सन्तुलित न्याय उपभोक्ता अदालतको विशेष जिम्मेवारीमा पर्छ

मीनराज बसन्त/नयाँ पत्रिका

उपभोक्ताले मूल्य, गुणस्तर या अन्य कुनै पक्षबाट आफू ठगिएको महसुस गरे अब अदालतमा क्षतिपूर्ति माग गर्दै जाने बाटो खुला भएको छ। उपभोक्ता संरक्षण ऐन जारी भएको ६ वर्षपछि शनिबार सरकारले उपभोक्ता अदालत स्थापना गरेसँगै गुणस्तरहीन सेवा र वस्तुको प्रयोगबाट उपभोक्ता पीडित हुनुपर्ने अवस्था आउने प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले बताए।

विश्व उपभोक्ता दिवसको अवसर पारेर उद्घाटन गरिएको उपभोक्ता अदालतको काम-कारबाही भने आइतबारबाट हुनेछ। यसले काठमाडौं उपत्यकाका उपभोक्तासम्बन्धी मुद्दा हेर्नेछ। 'एकातर्फ खुला बजार, प्रतिस्पर्धी अर्थतन्त्र, बजार संरक्षण तथा व्यावसायिक सुगमताको विषय रहन सक्छ भने अर्कोतर्फ कोही निरीह उपभोक्ता वा गुणस्तरहीन सेवा र वस्तुको प्रयोगबाट पीडित पक्ष हुन सक्छ,' उनले भने, 'यस्तोमा सन्तुलित न्याय गर्ने कुरा यस अदालतको विशेष जिम्मेवारीमा पर्ने अवस्था रहन्छ।' राउतले उपभोक्ता अदालतले सुरुवातमा स्थापित गरेको न्यायिक कवचले उपभोक्ताको अधिकार संरक्षण गर्ने कुरामा आत्मसात् गर्नुपर्ने धारणा राखे। त्यस्तै, यस अदालतबाट थालनी गरिएका काम-कारबाही र स्थापित गर्दै जाने न्यायिक अभ्यासले नै उपभोक्ता विधिशास्त्र थप विकसित र समुन्नत हुँदै जाने उनको भनाइ थियो।





सरकारले संविधानको धारा ४४ को मौलिक हक कार्यान्वयन गर्न ०७५ सालमा उपभोक्ता संरक्षण ऐन जारी गरेको थियो। तर, ऐन जारी भएको लामो समयसम्म अदालत गठन हुन नसक्दा संविधानको उक्त व्यवस्था कार्यान्वयनमा आउन सकेको थिएन। उपभोक्ताले पनि आफू ठगिएको गुनासो लिएर जाने ठाउँ पाएका थिएनन्। तर, अब भने त्यो संविधानको धारा ४४ कार्यान्वयन हुनुका साथै उपभोक्ता आफू ठगिएमा उपभोक्ता अदालत जान सक्ने बाटो पनि खुलेको छ। उपभोक्ता अधिकारकर्मी ज्योति बानियाँले अदालत स्थापना भएको दिन जनताका लागि विशेष दिन भएको बताए। अहिले तीन जिल्लामा मात्रै सीमित गरेर उपभोक्ता अदालत स्थापना भएको भन्दै उनले सातै प्रदेशस्तरमा पुऱ्याउनुपर्ने बताए।

स्वच्छ र प्रतिस्पर्धी बजार स्थापित गर्न भूमिका खेल्छ : उद्योगमन्त्री



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उपभोक्ता अदालतले स्वच्छ र प्रतिस्पर्धी बजार स्थापित गर्दै उपभोक्ताको अधिकार सुरक्षित गर्ने बताए। जनताको बदलिँदो आकांक्षालाई सम्बोधन गर्न स्वच्छ र प्रतिस्पर्धी बजार प्रणाली आवश्यक रहेको भन्दै उनले यसप्रति सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो। मन्त्री भण्डारीले उपभोक्ता अदालतको कामले नेपाली बजारमा गुणस्तर व्यवस्थापन, मूल्य नियमन र उपभोक्ता गुनासोको सम्बोधनजस्ता क्षेत्रमा सुधार ल्याउन प्रभावकारी भूमिका निभाउने विश्वास व्यक्त गरे। उपभोक्ता अदालतको सुरुवाती दिनहरूमा आवश्यक पर्ने सबै प्रकारका वित्तीय, भौतिक र स्रोत-साधनको व्यवस्थापन गर्न मन्त्रालयका तर्फबाट प्रतिबद्धता जनाए।

यस्तो छ उपभोक्ता अदालतको कार्यक्षेत्र

कुनै वस्तु तथा सेवाको खरिद गर्दा स्वास्थ्य तथा जिउ-धनमा हानि-नोक्सानी भए उपभोक्ताले उजुरी लिएर अदालत जान पाउने व्यवस्था छ। स्थानीय तथा प्रदेशस्तरीय निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा कैफियत भेटिएका आधारमा उत्पादक, विक्रेता वा वितरकलाई कारबाहीका लागि अदालतसमक्ष निवेदन दिएर सजाय निर्धारण गर्न सक्ने व्यवस्था छ। उपभोक्ताले क्षतिपूर्तिको दाबीसहित अदालतमा उजुरी दिएको खण्डमा मुद्दा लाग्छ। उपभोक्ता ऐनले सात दिनभित्र क्षतिपूर्तिको दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। व्यवसायीबाट जरिवाना वा क्षतिपूर्ति असुलउपुर गर्नुपर्ने दाबीसहित सरकारी निकाय (खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर तथा नापतौल विभाग, औषधि व्यवस्था विभागलगायत)ले समेत मुद्दा लड्न सक्नेछन्। सरकारी निकायले नागरिकलाई जबर्जस्ती कुनै कसुरमा जरिवाना तोकेको खण्डमा न्यायका लागि उपभोक्ता अदालत जान पाउने ढोका खुलेको छ।

तीन जिल्लाको कार्यक्षेत्र

काठमाडौं, भक्तपुर र ललितपुरका उपभोक्ताको गुनासो सुनुवाइ गर्ने गरी २१ माघको मन्त्रिपरिषद् बैठकले उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको थियो। अदालतको अध्यक्षमा जिल्ला अदालत, काठमाडौंका न्यायाधीश रामप्रसाद शर्मा तोकिएका छन्। त्यस्तै, न्यायसेवाका सहसचिव सदस्य रहने व्यवस्थाअनुसार विशेष अदालतका प्रवक्ता गेहेन्द्र रेग्मी तोकिएका छन् भने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव आनन्द पोखरेल पनि अदालतको सदस्य तोकिएका छन्। उपभोक्ता अदालतका सदस्य न्यायाधीश रेग्मीले उपभोक्तालाई परेको मर्काको विषयमा यो अदालतले छिटो न्याय सम्पादन गर्ने बताए।

जलविद्युत्हरूले सडक स्तरोन्नति गर्न सघाउने

म्याग्दीमा **कमल खत्री**

म्याग्दीको रघुगंगा गाउँपालिकामा निर्माणाधीन जलविद्युत् आयोजनाले गाउँपालिका क्षेत्रका सडक स्तरोन्नति गर्न सहयोग गर्ने भएको छ। गाउँपालिकामा निर्माणाधीन पाँच जलविद्युत् आयोजना र स्थानीय सरोकारवालाबिच शुक्रबार भएको छलफलमा आयोजनाले प्रभावित क्षेत्रको जीर्ण सडक स्तरोन्नति गर्ने प्रतिबद्धता जनाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले जानकारी दिए।

गाउँपालिकामा ४० मेगावाटको राहुघाट, २२ दशमलव पाँच मेगावाटको ठुलोखोला 'ए', ३५ दशमलव पाँच मेगावाटको राहुघाट मंगले, २१ दशमलब तीन मेगावाटको ठुलोखोला र ४८ दशमलव पाँच मेगावाटको अपर राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन्।



त्यसमध्ये बेनी-जोमसोम सडकखण्डको घुमाउने तालदेखि मौवाफाँट हुँदै बाँध रहने बुक्लसम्मको सडकलाई तत्काल ग्राभेलसहित स्तरोन्नति गर्न रघुगंगा हाइड्रोपावरले लिखित प्रतिबद्धता गरेको गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले बताए। ठेकेदार कम्पनी जयप्रकाश एसोसिएट्स लिमिटेडले आयोजनालाई सडक हस्तान्तरण गरेपछि कालोपत्रे गर्न हाइड्रोपावरले ८० प्रतिशत र अन्य आयोजनाहरूले उत्पादन क्षमताका आधारमा बाँकी २० प्रतिशत लागत व्यहोर्ने सहमति भएको उनले बताए। त्यसैगरी, मौवाफाँटदेखि दमनाम, चिमखोला हुँदै पाल्लेखर्कसम्मको मोटरबाटो स्तरोन्नति गर्न तुँदी पावर, संयुक्त ऊर्जा र ठुलोखोला हाइड्रोपावरले चालू आवमै थप एक करोड ५० लाखबराबरको काम गर्ने सहमति भएको छ। आयोजना प्रभावित भिँ र पाखापानीमा समेत आयोजनाले चालू आवमै सडक स्तरोन्नतिमा २५-२५ लाख रुपैयाँ बजेट दिने भएको छ।

पेट्रोल ५ र डिजेलमा ४ रुपैयाँ मूल्य घट्यो

नयाँ पत्रिका

नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्यमा भारी कटौती गरेको छ। आयल निगमले शनिबार रातिबाट लागू हुने गरी प्रतिलिटर पेट्रोलमा पाँच रुपैयाँ र डिजेल तथा मट्टीतेलमा चार रुपैयाँ घटाएको जनाएको छ।



मूल्य घटेपछि उपत्यकामा पेट्रोल एक सय ६३ रुपैयाँ र डिजेल तथा मट्टीतेल समान एक सय ५१ रुपैयाँ प्रतिलिटर कायम भएको छ। इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट शनिबार दिउँसो घटेर नयाँ मूल्य आएकाले नेपाली बजारमा समायोजन गरिएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए। आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले विश्व उपभोक्ता अधिकार दिवसको अवसर पारेर पेट्रोलियम पदार्थको मूल्यमा उपभोक्तालाई राहत हुने गरी निर्णय गरेको जानकारी दिए।

'शनिबार दिउँसो आइओसीबाट पेट्रोल, डिजेल र मट्टीतेल खरिदको नयाँ मूल्य प्राप्त भएको थियो। त्यसपछि शनिबार नै सञ्चालक समिति बैठक बसेर आइओसीले घटाएर पठाएको भन्दा बढी दरमा नेपाली बजारमा मूल्य घटाउने निर्णय भएको छ,' उनले भने। उनका अनुसार आइओसीले पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ ४८ पैसा घटाएर पठाएको थियो, तर नेपाली बजारमा प्रतिलिटर पाँच रुपैयाँका दरले घटाइएको छ।

'घटाइएको मूल्य चेकजाँच गरेर मात्रै पम्पबाट इन्धन खरिद गर्न उपभोक्तालाई आग्रह गर्दछु,' भट्टले भने। यसपटक आइओसीले हवाई इन्धन र ग्यासको नयाँ मूल्य नपठाएकाले नेपाली बजारमा पनि समायोजन गरिएको छैन। आइओसी र निगमबिच भएको समझदारीअनुसार प्रत्येक १५ दिनमा नेपाललाई नयाँ खरिद मूल्य पठाउने व्यवस्था छ। १ तारिखमा सबै पेट्रोलियम र १५ तारिखमा पेट्रोल, डिजेल र मट्टीतेलको मात्रै नयाँ खरिददर आइओसीले पठाउने गरेको छ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project Office of Urban Development and Building Construction Chitwan

Invitation for Bids (IFB)

Notice No: 12/081/82, First Date of Publication: B.S. 2081/12/03 (16th March, 2025)

1. **Project Office of Urban Development and Building Construction, Chitwan** invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding (NCB). Bidding is open to all eligible Nepalese Bidders.

Contract No	Description of Works	Key Qualification Criteria/ Estimated Amount (Excluding VAT & Contingencies)	Bid Security Amount (Nrs)	Bid document Price (Nrs)	Remarks
PUDBC/CHITWAN/NCB/ WORKS/69/081/082	Construction of Plant Research Center Office Building, Hetauda, Makawanpur.	Average Annual Turnover: Rs 28,183,000.00 Contract of Similar size and nature, Construction of at least one RCC Frame Structure Building Work of value at least NRs. 13,156,000.00 Completed within last 10 years.	6,60,000	5,000	Single Stage-Double Envelope Bidding Procedures
PUDBC/CHITWAN/NCB/ WORKS/70/081/082	Construction of Nagar Hospital Building, Kalika Na pa, Chitwan	8,553,929.32	2,60,000	3,000	
PUDBC/CHITWAN/NCB/ WORKS/71/081/082	Road, Drain with Footpath and Cycle lane at Buddha chowk-Gauriganj HP chowk (2nd phase), Krishnapur, Bharatpur Metropolitan city	16,937,268.97	5,10,000	3,000	
PUDBC/CHITWAN/NCB/ WORKS/72/081/082	Upgradation of road from Nepal Nahar Chowk to Bharatiya Nahar Chowk, Susta Ga Pa, Nawalparasi West	8,552,901.90	2,60,000	3,000	

2. Complete Set of Bidding Documents with detailed information may be downloaded from the PPMO's E-Portal – www.bolpatra.gov.np/egp (e GP II). **Information to deposit the cost of bidding document in Bank**: **a.** Name of Bank: Rastriya Banijjya Bank, Bharatpur, Chitwan **b**. Name of Office: PUDBC, Chitwan **c.** Office Code: 347013101 **d.** Office Revenue Account No: 1000200010000 **e.** Revenue Head No: 14229. Electronic Bid must be submitted on or before 12:00 hours on 2081/01/02 (15th April, 2025). The Bids will be electronically opened at 13:00 hours on 2081/01/02 (15th April, 2025).

Project Chief

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: हेड टावर चापाचली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-४१११११७/७८/८८, फ्याक्सः +९७७-१-४१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३७७८८ मा SMS पठाउनुहोस्
सम्पर्क फोन.: +९७७-१-४३६७२४/४३९८८६० (ह्वयजटेन्जनः ३०८/२२४/२२६)

घरजग्गा खाली गर्न अमृत बहादुर बुढाथोकी र भुपाल बुढाथोकी को नाममा जारी गरिएको सार्वजनिक सूचना

यस एन आई सी एशिया बैंकको नाममा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ८ र ७ (हाल झापा जिल्ला बिर्तामोड न.पा. वडा नं. ०३) स्थित कित्ता नं. २० र ९३०७ को क्षेत्रफल ९१५ र ३६० (वर्ग मिटर)को जग्गा र सो जग्गामा बनेको बैंकको स्वामित्वमा रहेको घर सावित झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला बिर्तामोड न.पा. वडा नं. ३ बस्ने भुपाल बुढाथोकी (ना.प्र.नं.०१२८३१८ जारी मिति २०५८/०२/२४ जि.प्र.का.झापा) र सावित तेह्रथुम जिल्ला, जलजले गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला बिर्तामोड न.पा. वडा नं. ३ बस्ने अमृत बहादुर बुढाथोकी (ना.प्र.नं.६०३/२७६७०) ले अनधिकृत कब्जा गरी अवैध रुपमा बस्नु भएको, बैंकले उपरोक्त स्थानमा रहेको उक्त घर जग्गा खाली गर्न निज भुपाल बुढाथोकी र अमृत बहादुर बुढाथोकीलाई मौखिक तथा लिखित रुपमा पटक पटक अनुरोध गर्दा समेत हालसम्म पनि बैंकको उक्त घर जग्गा खाली नगरी अहेर गरी अनधिकृत रुपमा कब्जा गरी बस्नु भएकोले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बैंकको उक्त घरजग्गाबाट हट्नु भई बैंकको घरजग्गा खाली गर्न उहाँ लगायत अन्य अनधिकृत रुपमा बस्ने सबैलाई यसै सुचना मार्फत सूचित गरिन्छ । अन्यथा अनधिकृत कब्जालाई यस बैंकले हटाई बैंकले लिने जानकारी गराईन्छ र सो अनधिकृत कब्जा गरे वापत बैंकले क्षतिपूर्ति समेत दाबी गर्नसक्ने पनि यसै सुचना मार्फत सूचित गरिएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: हेड टावर चापाचली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-४१११११७/७८/८८, फ्याक्सः +९७७-१-४१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३७७८८ मा SMS पठाउनुहोस्
सम्पर्क फोन.: +९७७-१-४३६७२४/४३९८८६० (ह्वयजटेन्जनः ३०८/२२४/२२६)

घरजग्गा खाली गर्न अर्जुन नेपालीको नाममा जारी गरिएको सार्वजनिक सूचना

यस एन आई सी एशिया बैंकको नाममा दर्ता कायम रहेका चितवन जिल्ला, सावित मेघौली गा.वि.स वडा नं. ५ स (हाल भरतपुर म.न.पा वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल ०-०-१०-० (१६९.३० ब.मी.) र ०-७-३.५-० (२४२९.६७ ब.मी.) (विगाह) को जग्गा र सो जग्गामा बनेको बैंकको स्वामित्वमा रहेको घरजग्गा सावित चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ९ (हाल रत्ननगर न.पा. वडा नं. ३) बस्ने अर्जुन नेपाली(ना.प्र.नं.०४१२०५ जारी मिति २०६५/०७/०६ जि.प्र.का.चितवन) ले अनधिकृत कब्जा गरी अवैध रुपमा बस्नु भएको, बैंकले उपरोक्त स्थानमा रहेको उक्त घर जग्गा खाली गर्न निज अर्जुन नेपालीलाई मौखिक तथा लिखित रुपमा पटक पटक अनुरोध गर्दा समेत हालसम्म पनि बैंकको उक्त घर जग्गा खाली नगरी अहेर गरी अनधिकृत रुपमा कब्जा गरी बस्नु भएकोले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बैंकको उक्त घरजग्गाबाट हट्नु भई बैंकको घरजग्गा खाली गर्न उहाँ लगायत अन्य अनधिकृत रुपमा बस्ने सबैलाई यसै सुचना मार्फत सूचित गरिन्छ । अन्यथा अनधिकृत कब्जालाई यस बैंकले हटाई बैंकले लिने जानकारी गराईन्छ र सो अनधिकृत कब्जा गरे वापत बैंकले क्षतिपूर्ति समेत दाबी गर्नसक्ने पनि यसै सुचना मार्फत सूचित गरिएको छ ।

नागरिक लगानी कोषको प्रभातफेरी



काठमाडौं/ नागरिक लगानी कोषले ३५औँ वार्षिकोत्सवको अवसरमा शनिबार प्रभातफेरी कार्यक्रम आयोजना गरेको छ। कोषले ४ चैतमा औपचारिक रूपमा ३५औँ वार्षिकोत्सव कार्यक्रम मनाउँदै छ। प्रभातफेरीमा कोष सञ्चालक समितिका अध्यक्ष, सदस्य तथा कार्यकारी निर्देशकलगायत सम्पूर्ण कर्मचारीको सहभागिता थियो। कोष कार्यालयपरिसरबाट ब्यानरसहित सुरु भएको प्रभातफेरी कार्यक्रम तीनकुने, सिनामंगल, पुरानो बानेश्वर हुँदै कोषपरिसरमा आएर सम्पन्न भएको छ। कोषले विगतदेखि नै वार्षिकोत्सवको अवसर पारी विभिन्न खेलकुद तथा रक्तदानका कार्यक्रम गर्दै आइरहेको छ।

बिमा प्राधिकरणको कार्यकारी निर्देशकमा सुवेदी



काठमाडौं/ नेपाल बिमा प्राधिकरणको कार्यकारी निर्देशकमा सुशीलदेव सुवेदी नियुक्त भएका छन्। १ चैतमा बसेको प्राधिकरणको सञ्चालक समिति बैठकले पदपूर्ति समितिको सिफारिसमा निर्देशक सुवेदीलाई कार्यकारी निर्देशक पदमा बढुवा गर्ने निर्णय गरेको हो। नवनियुक्त कार्यकारी निर्देशक सुवेदीले शुक्रबारदेखि नै कार्यभार सम्हालेका छन्।

पोखरा फाइनान्सका सिइओ गुरुङले लिए शपथ



काठमाडौं/ पोखरा फाइनान्सका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रकाश गुरुङले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन्। फाइनान्सको सञ्चालक समिति बैठकले गुरुङलाई १ चैतदेखि लागू हुने गरी सिइओमा नियुक्त गरेको थियो। नवनियुक्त सिइओ गुरुङले केन्द्रीय कार्यालय, न्युरोड पोखरामा संस्थाका अध्यक्ष राजकुमार गुरुङसमक्ष पद तथा गोपनीयताको शपथग्रहण गरेका हुन्। अध्यक्षले सिइओ गुरुङलाई बधाई तथा शुभकामना दिँदै संस्थागत सुशासनबाट संस्थाको प्रतिष्ठालाई पुनः उचाइमा पुऱ्याउन र व्यावसायिक सफलता हासिल गर्न शुभकामना दिए। त्यस्तै, सिइओ गुरुङले हाल संस्थामा रहेका चुनौती समाधान गर्दै संस्थाको प्रगति सँगसँगै निक्षेपकर्ता, कर्मचारी र सेयरधनीको हितका लागि प्रयत्नशील रहने प्रतिबद्धतासमेत व्यक्त गरे।

नबिल बैंक लिमिटेडको शाखा कार्यालय स्थानान्तरण हुने सम्बन्धी सूचना

यस बैंकको निम्न लिखित स्थानमा अवस्थित शाखा कार्यालय, हालको स्थानबाट स्थानान्तरण भई नयाँ परिसरबाट यहि मिति २०८१ चैत्र १० गते, तदनुसार 23rd March, 2025 देखि संचालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै स्थानान्तरण हुनलागेको शाखा कार्यालयमा रहेका लकर तथा ग्राहक महानुभावका खाताहरु सोही शाखा नजिकैको शाखा कार्यालयमा स्थानान्तरण गरि सेवा सुचारु रहने व्यहोरा समेत जानकारी गराउदछौं।

हालको शाखा	हालको ठेगाना	स्थानान्तरण हुने शाखा कार्यालयको नाम	स्थानान्तरण हुने शाखा कार्यालयको ठेगाना	लकर तथा खाता स्थानान्तरण भई सेवा सुचारु रहने शाखा	लकर तथा खाता स्थानान्तरण भई सेवा सुचारु रहने शाखाको ठेगाना	हालको शाखा कार्यालय बाटको दुरी
इटहरी पश्चिम लाईन	सुनसरी जिल्ला, इटहरी उ.म.न.पा वडा नं. ६, इटहरी	बेलबारी	मोरङ जिल्ला, बेलबारी न.पा वडा नं. १, बेलबारी	इटहरी	सुनसरी जिल्ला, इटहरी उ.म.न.पा वडा नं. ९, इटहरी	१५ कि.मि.

माथि उल्लेखित शाखा कार्यालयमा रहेको लकरमा ग्राहक महानुभावहरुले कुनै टुटफुट हुने सामानहरु राख्नु भएको भएमा लकर सार्नु अगावै मिति २०८१ चैत्र ०६ गते बुधबारका दिनसम्ममा साबिकको शाखा कार्यालयबाट कार्यालय समय (बिहान १० बजे देखि दिउँसो ३ बजे) भित्र निकाल्नुहुन बिनम्र अनुरोध गर्दछौं, अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति पुग्न गएमा बैंक जिम्मेबार नरहने व्यहोरा समेत जानकारी गराउँदछौं।

इटहरी पश्चिम लाईन शाखा : ०२५-५८२४११/ ०२५-५८२५२२

इटहरी शाखा : ०२५-५८१४००

NABIL BANK®

प्रशासन विभाग, घण्टाघर, कमलादी, काठमाण्डौ फोन नं. ०१-५९७१८७१

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: होली माउन्ट ग्यालरी,** प्रोप्राईटर तथा जमानीकर्ता: लक्ष्मण परियार दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फ.नं ८४०९/०७०/०७१, दर्ता मिति: २०७१/०२/२५, ठेगाना: जिल्ला कास्की, पोखरा उ.म.न.पा. वडा नं ६
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: लक्ष्मण परियार** स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा नगर पञ्चायत वडा नं. ३, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६, बाबु: अक्कल बहादुर परियार, बाजे: नर बहादुर परियार
	जमानीकर्ता: १) ग्रेसी परियार, स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६, बाबु: लक्ष्मण परियार, बाजे: अक्कल बहादुर परियार, **२) शोभा परियार,** स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ३, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६, बाबु: मन बहादुर भण्डारी, ससुरा: अक्कल बहादुर परियार, पति: लक्ष्मण परियार, **३) एस्थर परियार,** स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६, बाबु: लक्ष्मण परियार, बाजे: अक्कल बहादुर परियार
२)	**१) ऋणी फर्म: राज होटल एण्ड लज,** प्रोप्राईटर तथा जमानीकर्ता: राज कुमारी महतो दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), नवलपुरमा उ.प्रा.फ.द.नं. ३२४/०७६/०७७, दर्ता मिति: २०७६/०६/०१, ठेगाना: जिल्ला नवलपरासी, कावासोती न.पा. वडा नं. १५
	२) ऋणी: राज कुमारी महतो स्थायी ठेगाना: नवलपरासी जिल्ला, कावासोती गा.वि.स. वडा नं. ९, हालको ठेगाना: नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ९, बाबु: मान वहादुर महतो, ससुरा: सिखाराम थारु, पति: डिल्लीराम थारु
३)	**१) ऋणी फर्म: कर्माचार्य ब्रदर्श मिनरल वाटर वेभरेज इन्डष्ट्रिज,** प्रोप्राईटर तथा जमानीकर्ता: विनोद कुमार कर्माचार्य दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, पर्वतमा प्रा.फ.नं. ९७६/०६६/०६७, दर्ता मिति: २०६७/०२/३०, ठेगाना: जिल्ला पर्वत, शिवालय गा.वि.स. वडा नं. ९
	२) ऋणी: विनोद कुमार कर्माचार्य स्थायी ठेगाना: पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ९, हालको ठेगाना: पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ४, बाबु: पुस्कल कुमार कर्माचार्य, बाजे: मति प्रसाद कर्माचार्य
	३.ऋणी फर्म: अपु पोलिमर प्रा.लि., संचालक/शेयरधनी: विनोद कुमार कर्माचार्य र अस्मिता कर्माचार्य दर्ता नं.: नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. १८१६३९/०७४/०७५, दर्ता मिति २०७४/०९/२६, ठेगाना: जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. १०
	कर्जाको किसिम: महिला उद्यमशिल कर्जा **४) ऋणी: देवी श्रेष्ठ कर्माचार्य** ठेगाना: पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ४, बाबु: ज्ञान प्रसाद श्रेष्ठ, ससुरा: पुस्कल कर्माचार्य, पति: विराट कर्माचार्य
	जमानीकर्ता: १) अस्मिता कर्माचार्य, ठेगाना: पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ४, बाबु: विनोद कुमार कर्माचार्य, बाजे: पुस्कल कुमार कर्माचार्य, **२) विनोद कुमार कर्माचार्य,** स्थायी ठेगाना: पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ९, हालको ठेगाना: पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ४, बाबु: पुस्कल कुमार कर्माचार्य, बाजे: मति प्रसाद कर्माचार्य, **३) विराट कर्माचार्य,** स्थायी ठेगाना: पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ९, हालको ठेगाना: पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ४, बाबु: पुस्कल कर्माचार्य, बाजे: मति प्रसाद कर्माचार्य, **४) कल्पना कर्माचार्य,** ठेगाना: पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ९, बाबु: रामकुमार श्रेष्ठ, ससुरा: पुस्कल कुमार कर्माचार्य, पति: विनोद कुमार कर्माचार्य
४)	**१) ऋणी फर्म: सारा किराना एण्ड कोल्ड स्टोर,** प्रोप्राईटर तथा जमान:कर्ता: तुल्सा चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपुरमा प्रा.फ.द.नं.: १९४०/०७७/०७८, दर्ता मिति: २०७८/०१/२१, ठेगाना: जिल्ला नवलपरासी, मध्यविन्दु न.पा. वडा नं. ४
	२) ऋणी: तुल्सा चौधरी स्थायी ठेगाना: नवलपरासी जिल्ला, नारायणी गा.वि.स वडा नं. ६, हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ४, बाबु: नेत्र बहादुर चौधरी, ससुरा: मेघ नाथ थारु, पति: हिरामणी चौधरी
	कर्जाको किसिम-व्यक्तिगत कर्जा **३) ऋणी: हिरामणी चौधरी** ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ४, बाबु: मेघ नाथ थारु, बाजे: सानो विकाराम थारु
५)	**१) ऋणी फर्म: शितल बहुउद्देश्यिय कृषि फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: रविन्द्र पौडेल दर्ता नं.: पर्यटन तथा उद्योग कार्यालय, कास्की, गण्डकी प्रदेशमा उद्योग दर्ता नं २५०६०/०७९/०८०, दर्ता मिति : २०७९/०९/११, ठेगाना : जिल्ला कास्की, अन्नपूर्ण गा.पा. वडा नं. ५, भ्रोवान
	२) ऋणी: वेदी पौडेल स्थायी ठेगाना: कास्की जिल्ला, सल्यान गा.वि.स. वडा नं. ९, हालको ठेगाना: कास्की जिल्ला, अन्नपुर्ण गा.पा. वडा नं. ५, बाबु: पुर्ण भद्र शर्मा, ससुरा: टीकाराम उपाध्याय, पति: पृथु प्रसाद पौडेल
६)	**१) ऋणी फर्म: सितल ट्रेडर्स,** प्रोप्राईटर तथा जमानतकर्ता - उमानन्द शर्मा दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय पर्वत, कुश्मा, गण्डकी प्रदेशमा प्रा.फ.र.नं.: ३२६१, दर्ता मिति: २०७९/०५/३०, ठेगाना: जिल्ला पर्वत, कुश्मा न.पा. वडा नं. ५
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: उमानन्द शर्मा** स्थायी ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १५, हालको ठेगाना: पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. ५, बाबु: खगेश्वर शर्मा, बाजे: महा शर्मा
७)	**१) ऋणी फर्म: देवचुली अटो सेल्स,** प्रोप्राईटर तथा जमानीकर्ता: मनुषा पौडेल (श्रेष्ठ) दर्ता नं.: घरेलु तथा साना उद्योग किर्यालय नवलपरासीमा प्रा.फ.र.नं. २८५/११७७०, दर्ता मिति: २०७५र०५/२०, ठेगाना: जिल्ला नवलपरासी, देवचुली न.पा. वडा नं. १३
	२) ऋणी: मनुषा पौडेल (श्रेष्ठ) स्थायी ठेगाना: नवलपरासी जिल्ला, प्रगतिनगर गा.वि.स वडा नं. १, हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३, बाबु: भुपेन्द्र श्रेष्ठ, ससुरा: रामकृष्ण पौड्याल, पति: शरद पौड्याल
८)	**१) ऋणी: चन्द्र बहादुर क्षेत्री** स्थायी ठेगाना: बाग्लुङ्ग जिल्ला, पैयुपाटा गा.वि.स. वडा नं. ७, हालको ठेगाना: बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न.पा. वडा नं. ३, बाबु: जङ्ग बहादुर क्षेत्री, बाजे: नन्दलाल क्षेत्री
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) पुष्पा कुमारी क्षेत्री** स्थायी ठेगाना : बाग्लुङ्ग जिल्ला, पैयुपाटा गा.वि.स. वडा नं. ७, हालको ठेगाना: बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न.पा. वडा नं. ३, बाबु: नरेश्वर पौडेल, ससुरा: जंग बहादुर क्षेत्री, पति: चन्द्र बहादुर क्षेत्री
	जमानीकर्ता: १) चन्द्र बहादुर क्षेत्री, स्थायी ठेगाना: बाग्लुङ्ग जिल्ला, पैयुपाटा गा.वि.स. वडा नं. ७, हालको ठेगाना: बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न.पा. वडा नं. ३, बाबु: जङ्ग बहादुर क्षेत्री, बाजे: नन्दलाल क्षेत्री **२) चिरायु रिजाल,** स्थायी ठेगाना: बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न.पा. वडा नं. १३, हालको ठेगाना: बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न.पा. वडा नं. ३, बाबु: चन्द्र बहादुर क्षेत्री, बाजे: जङ्ग बहादुर क्षेत्री
९)	**ऋणी कम्पनी: सलोमी कृषि फार्म प्रा.लि.,** संचालक/शेयरधनी तथा जमानीकर्ता: प्रकाश बलामी, नारायण कुमार भट्टराई, संगम पौडेल, सरोज बुढाथोकी क्षेत्री दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं.: २५४१६७/०७७/०७८, दर्ता मिति: २०७७/१०/१५, ठेगाना: जिल्ला मकवानपुर, थाहा न.पा. वडा नं. १
१०)	**१) ऋणी कम्पनी: बास्डोल निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.,** संचालक तथा जमानीकर्ता: जयन्द्र तामाङ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १८१८०५/०७४/०७५, दर्ता मिति: २०७४/१०/०५, ठेगाना: जिल्ला काभ्रेपलाञ्चोक, बनेपा न.पा. वडा नं. १२
	२. ऋणी फर्म: बाँसडोल गोठडाँडा कृषि फर्म, संचालक तथा जमानीकर्ता: जयन्द्र तामाङ दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा प्रा.फ.नं.घ.वि. ५५३९/०७१/०७२, दर्ता मिति: २०७१/०७/०२, ठेगाना: जिल्ला काभ्रेपलाञ्चोक, महेन्द्रज्योति गा.वि.स. वडा नं. ४
	३. ऋणी: अस्मिता तामाङ स्थायी ठेगाना: काभ्रे जिल्ला, महेन्द्रज्योति गा.वि.स. वडा नं. ४, हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ७ बाबु: सानुकान्छा तामाङ, ससुरा: इन्द्रमान तामाङ, पति: जयन्द्र तामाङ
	४. ऋणी: जयन्द्र तामाङ स्थायी ठेगाना: काभ्रे जिल्ला, महेन्द्रज्योति गा.वि.स. वडा नं. ४, हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ७ बाबु: इन्द्रमान तामाङ, बाजे: चन्द्र बहादुर तामाङ
११)	**१) ऋणी: प्रमिला घिताल** स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला, थाङपालधाप गा.वि.स. वडा नं. ३, हालको ठेगाना: काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ४, बाबु: गोकुल कुमार घिताल, ससुरा: ग्रिहेराज वस्ताकोटी, पति: भोला बहादुर वस्ताकोटी
	२) भोला बहादुर वस्ताकोटी स्थायी ठेगाना : काठमाण्डौं जिल्ला, शंखरापुर न.पा. वडा नं. १, हालको ठेगाना: काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ४, बाबु: ग्रिहेराज वस्ताकोटी, बाजे: ऋषि प्रसाद वस्ताकोटी

नोट: ऋणी तथा प्रोप्राइटरबाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	**१) ऋणी फर्म: दिप्ती गल्ला भण्डार,** प्रोप्राईटर तथा जमानीकर्ता: सिता कुमारी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवा, प्रा.फ.नं. ९३१७/०७७/०७८, दर्ता मिति २०७७/०७/०३, ठेगाना: जिल्ला सर्लाही, गोडैता न.पा. वडा नं. २	
	धितोको विवरण	
	१) रामएकवाल महतोकी छोरी, बद्री महतो कोइरीकी बुहारी, शत्रुधन महतोकी पत्नी, सर्लाही जिल्ला, बेल्बाजब्दी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३ मा बस्ने सिता कुमारीको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बबरगंज गा.वि.स. वडा नं. ६ (हाल: चन्द्रनगर गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ७०८ र १४४ को क्षेत्रफल क्रमश: ०-१-८-११ र ०-९-१० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) रामएकवाल महतोकी छोरी, बदरी महतो कोइरीकी बुहारी, शत्रुधन महतोकी पत्नी, सर्लाही जिल्ला, बेल्बाजब्दी गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३ बस्ने सिता कुमारीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १ (हाल: लालबन्दी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १५७८ को क्षेत्रफल ०-१८-४-८ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ३) दिप्ती गल्ला भण्डार को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताको विवरण	
	१) सिता कुमारी २) शत्रुधन महतो	
	२) ऋणी: सिता कुमारी स्थायी ठेगाना: सर्लाही जिल्ला, बेल्बाजब्दी गा.वि. वडा नं. ७, हालको ठेगाना: सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३, बाबु: राम एकवाल महतो, ससुरा: बद्री महतो कोइरी, पति: शत्रुधन महतो	
	धितोको विवरण	
	रामएकवाल महतोकी छोरी, बदरी महतो कोइरीकी बुहारी, शत्रुधन महतोकी पत्नी, सर्लाही जिल्ला, बेल्बाजब्दी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई (हाल सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३) मा बस्ने सिता कुमारीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. १ (हाल: लालबन्दी न.पा. वडा नं. ५) स्थित कित्ता नं. १५७८ को क्षेत्रफल ०-१८-४-८ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताको विवरण	
	शत्रुधन महतो	
	३) ऋणी फर्म: दिया जेनरल स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: सिता कुमारी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवा, प्रा.फ.नं. ८९७८/०७७/०७८, दर्ता मिति २०७७/०४/१८, ठेगाना: जिल्ला सर्लाही, लालबन्दी न.पा. वडा नं. ५	
	धितोको विवरण	
	१) रामएकवाल महतोकी छोरी, बदरी महतो कोइरीकी बुहारी, शत्रुधन महतोकी पत्नी, सर्लाही जिल्ला, बेल्बाजब्दी गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३ बस्ने सिता कुमारीको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सिमरा भगवतीपुर गा.वि.स. वडा नं. ७क (हाल गोडैता न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६२४ को क्षेत्रफल ०-६-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) दिया जेनरल स्टोर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताको विवरण	
	१) शत्रुधन महतो २) सिता कुमारी	
	कर्जाको किसिम: बिना धितो कर्जा **४) ऋणी: शत्रुधन महतो** स्थायी ठेगाना: सर्लाही जिल्ला, वेल्वा जब्दी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३, बाबु: बदरी महतो कोइरी, बाजे: विष्णु महतो कोइरी	
	जमानीकर्ताको विवरण	
	सिता कुमारी, स्थायी ठेगाना: सर्लाही जिल्ला, बेल्बाजब्दी गा.वि.स वडा नं. ७, हालको ठेगाना: सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ३, बाबु: रामएकवाल महतो, ससुरा: बद्री महतो कोइरी, पति: शत्रुधन महतो	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

चर्च ब्वाइजलाई मेचीनगर गोल्डकप



पाँचौं मेचीनगर गोल्डकप फुटबल ट्रफीका साथ चर्च ब्वाइजका खेलाडी ।

रमेश सुवेदी / नयाँ पत्रिका

चर्च ब्वाइज युनाइटेड पाँचौं मेचीनगर गोल्डकप फुटबल प्रतियोगिताको च्याम्पियन बनेको छ । मेचीनगरस्थित काँकडभिट्टा खेल मैदानमा शनिबार सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजले आयोजक काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टरलाई १-० ले हराउँदै उपाधि हात पारेको हो । चर्च ब्वाइज पहिलोपटकको प्रयासमै विजेता बनेको हो ।

> सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजले मोफसलमा चौथो उपाधि जित्ने क्रममा काँकडभिट्टालाई १-० ले हरायो

यस सिजन मोफसलमा चर्च ब्वाइज निकै छाएको छ । मोफसलमा आयोजित गोल्डकप मध्ये नौमध्ये आठवटा फाइनलमा चर्च ब्वाइजले स्थान बनाएको थियो । यसक्रममा चर्च ब्वाइजले झापा, बागमती तथा फाल्गुनन्द गोल्डकप हात पारेको थियो । चौथो उपाधिका रूपमा चर्च ब्वाइजले मेचीनगर जितेको हो । झापामै तीन दिनअघि विराट गोल्डकपको फाइनलमा चर्च ब्वाइज श्री स्टारसँग १-० ले पराजित भएको थियो । चर्च ब्वाइजले तीन दिनपछि झापामै उपाधि जितेर घर फर्किएको छ ।

मेचीनगर गोल्डकपसँगै चर्च ब्वाइजले १० लाख र उपविजेता काँकडभिट्टाले पाँच लाख प्राप्त गरेका छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी आयोजक काँकडभिट्टाका कप्तान खामिर गिल्सान राई घोषित भएका छन् । घरेलु मैदानमा पहिलोपटकको फाइनलमै च्याम्पियन बन्ने सपना आयोजक काँकडभिट्टा अधुरो भएको छ । च्याम्पियन भएसँगै चर्च ब्वाइजका प्रशिक्षक सुमन श्रेष्ठ खुसी देखिए । 'सिजनको अन्तिम मोफसलको सुखद अन्त्य भयो । योजनाअनुसार उपाधि जित्न सफल भयौं । सेमिफाइनल र फाइनल नै निकै रोमाञ्चक भयो,' श्रेष्ठले भने ।

काँकडभिट्टाका प्रशिक्षक मुन्ना सुब्बाले रणनीतिअनुसार खेल्न नसकेको प्रतिक्रिया दिएका छन् । 'हामीले योजनाअनुसार खेल्नै सकेनौं । फाइनल थर्डमा चुक्यौं,' उनले भने, 'मिडफिल्डरमा पनि राम्रो भएन । घरेलु समर्थकलाई घरमै उपाधि जिताउन सकेनौं । यसपटक तेस्रो मोफसल प्रतियोगितामा खेलेको टोली पहिलोपटक फाइनलमा स्थान बनाएको थियो ।

समीरको निर्णायक गोल

चर्च ब्वाइजलाई च्याम्पियन बनाउन प्लेयर अफ दी म्याच स्ट्राइकर समीर तामाङले गोल गरे । उनले खेलको ११औं मिनेटमा निर्णायक गोल गरेका थिए । आयोजकका हेमन्त लिम्बूले गरेको गल्तीको फाइदामा उनले सहजै डिबक्सबाट टोलीलाई १-० को अग्रता दिलाए । खेलमा थप गोल हुन नसक्दा उनकै गोल निर्णायक बन्यो । हालै सिंगापुर र मलेसिया खेल्न राष्ट्रिय टोलीको प्रारम्भिक टोलीमा स्थान बनाए पनि समीर अन्तिममा बाहिरिएका हुन् । त्यसपछि उनी मेचीनगर गोल्डकपको सेमिफाइनल र फाइनल खेल्न चर्च ब्वाइजसँग आबद्ध भए । प्रतियोगिताको पहिलो खेलमा चर्च ब्वाइजले नेपाल सुपर लिग (एनएसएल) टोली झापा एफसीलाई सडनडेथमा हराएको थियो । त्यस्तै, चर्च ब्वाइजले सेमिफाइनलमा शीर्ष डिभिजन प्रतिद्वन्द्वी मच्छिन्द्र फुटबल क्लबविरुद्ध ४-३ को पुनरागमन जित निकालेको हो । काँकडभिट्टाले पहिलो खेलमा भारतीय टोली जर्जियन एफसीलाई ४-२ ले पराजित गरेको थियो । आयोजक टोलीले सेमिफाइनलमा धरान एफसीलाई सडन डेथमा हरायो ।

खामिर सर्वोकृष्ट खेलाडी

आयोजक काँकडभिट्टाका कप्तान खामिर गिल्सान राई प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी भएका छन् । उनले ५१ हजार रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगिताको उच्च गोलकर्तामा मच्छिन्द्रका युसुफ मलिक र चर्च ब्वाइजकै अवयोमी फकुन्ले छन् । दुवैले समान तीन गोल गरेका थिए । उनीहरूले जनही २५ हजार रुपैयाँ पाएका छन् । उत्कृष्ट रक्षक आयोजकका दिवस उराव, उत्कृष्ट गोलरक्षकमा चर्च ब्वाइजका टिकेन्द्र थापा र उत्कृष्ट प्रशिक्षक चर्च ब्वाइजकै सुमन श्रेष्ठ घोषित भएका छन् । तिनैले समान २१ हजार पाएका छन् । उदीयमान खेलाडी आयोजकका पर्शु राई घोषित हुँदै १५ हजार प्राप्त गरे । २४ फागुनबाट सुरु भएको गोल्डकपमा आठ टोली सहभागी थिए । विजेतालाई कोशी प्रदेश मुख्यमन्त्री हिक्मत कार्की र प्रतियोगिताको संयोजक श्रीप्रसाद मैनालीलगायतले पुरस्कृत गरेका थिए ।

घरेलु समर्थकअघि गाह्रो भयो

• **सुमन श्रेष्ठ**, प्रशिक्षक, चर्च ब्वाइज

गोल्डकप जित्दा निकै खुसी छौं । सेमिफाइनल निकै गाह्रो भएको थियो । फाइनलमा पनि घरेलु टोलीसँग खेल्दा सोचेभन्दा कठिन भयो । समीरको आगमनले खेलमा सुधार भयो । यसले प्रतियोगिता जित्न सहज भयो । नेपाल सुपर लिगअघि अन्तिम उपाधि जित्न सफल भयौं । समग्रमा नौ प्रतियोगिता खेल्दा आठ फाइनल खेल्यौं । चार उपाधि जितेका छौं । यसलाई राम्रो मान्नुपर्छ । मच्छिन्द्रसँगको सेमिफाइनल भने सधैंलाई यादगार बन्यो ।

फिनिसिङमा चुक्यौं

• **मुन्ना सुब्बा**, प्रशिक्षक, काँकडभिट्टा

हामी फाइनल डर्थमा चुक्यौं । खेलाडीले राम्रो खेलेका हुन् । तर, अवसर बनाउँदा पनि गोल निस्किएन । फिनिसिङमा चुक्दा तीन-चार अवसर गुमाएका थियौं । हामीले मिडफिल्डमा राम्रो खेल्न सकेनौं । मिडफिल्डरबाटै फुत्केको बलमा गोल भएको थियो । डिफेन्समा केही समस्या थिएन । समग्रमा प्रतियोगितामा राम्रो गर्‍यौं । खेलेको तीन प्रतियोगितामा यसैमा फाइनल पुगेका थियौं । यो उपाधि जिताउन नसक्दा सम्पूर्ण समर्थकसँग माफी माग्छु ।

■ प्रधानमन्त्री कप

आर्मीको चौथो जितमा तृतराजको शतक

नयाँ पत्रिका

त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री एकदिवसीय (पिएम) कप क्रिकेट प्रतियोगितामा लगातार चौथो जित दर्ता गरेको छ । सिद्धार्थनगरमा शनिबार भएको खेलमा आर्मीले कोशी प्रदेशलाई सात विकेटले हराएको हो । जितले पनि आर्मी अंक तालिकाको शीर्ष स्थानमा उक्लन सकेन । अर्को विभागीय टोली नेपाल पुलिस क्लब शीर्ष स्थानमा उक्लेको छ । आर्मी र पुलिसले समान चार खेलबाट आठ अंक जोडेका छन् । तर, रनरेटमा आर्मी दोस्रो स्थानमा झरेको हो ।

कोशीमाथि सानदार जित निकाल्दा आर्मीका ओपनर तृतराज दासले शतकीय योगदान दिएका थिए । पहिलो ब्याटिङ गरेको कोशीले ४९.३ ओभरमा सबै विकेट गुमाएर २३० रन बनाएको थियो । प्रत्युत्तरमा आर्मीले ४७.१ ओभरमा तीन विकेट गुमाएर २३१ रन जोडेको थियो । तृतराजले १३९ बलमा ११२ रनको योगदान दिए । उनले आफ्नो शतकीय इनिङ्समा १४ चौका र एक छक्का प्रहार गरेका थिए ।

उनले बसिर अहमदसँग चौथो विकेटका लागि अविजित १२० रनको साझेदारी गर्दै टोलीलाई जित दिलाए ।

आर्मीको ब्याटिङमा बसिरले ६२ बलमा ६ चौकाको सहयोगमा ६१ रन जोडे । कप्तान विनोद भण्डारीले ४८ बलमा २७ रन बनाए । यसअघिको ब्याटिङमा कोशीका सुभन गहतराजले ५७ बलमा सात चौकाको सहयोगमा ५१ रनको योगदान दिएका थिए । यसैगरी, मध्यक्रमका सुजन थपलियाले ५४ बलमा ४२ रन तथा सोनु अन्सारीले ७४ बलमा ४४ रन जोडेका थिए । सुजनले चार चौका र दुई छक्का प्रहार गरेका थिए । सोनुले चार चौका प्रहार गरे । सन्दीप ढुंगानाले १५ बलमा समान एक चौका र छक्का प्रहार गरी २१ रन जोडे । बलिङको क्रममा सोमपाल कामीले ३७ रनमा चार विकेट लिए । आकाश चन्दले ५.३ ओभरमा २५ रन खर्चेर दुई विकेट लिए । सहाव आलमले १० ओभरमा ४६ रन दिँदै दुई विकेट हात पारे । कोशीले चारै खेल गुमाएको छ । कोशी तालिकाको पुछारमा छ ।

पुलिस १९३ रनले विजयी

प्रतियोगिताअन्तर्गत १७औं खेलमा नेपाल पुलिस क्लबले मधेश प्रदेशलाई १९३ रनको फराकिलो अन्तरले पराजित गरेको छ । लमहीमा भएको खेलमा पुलिस ४९.५ ओभरमा २८८ रनमा अलआउट भयो । प्रत्युत्तरमा मधेश २६.१ ओभरमा ९५ रनमा समेटिँदा पुलिसले सानदार जित निकालेको हो । पुलिसको जितमा पुनः एकपटक स्पिनर ललितनारायण राजवंशीले घातक बलिङ गरेका थिए । उनले २८ रन खर्चेर पाँच विकेट हात पारेका थिए । यसअघि उनले नेपाल एपिएफविरुद्ध १८ रन खर्चेर ६ विकेट हात पारेका थिए ।

पुलिसको ब्याटिङमा ओपनर अर्जुन साउदले ७३ बलमा सात चौकाको सहयोगमा ४७ रन जोडे । दिलीप नाथले ७० बलमा ४५ रन बनाए । उनले चार चौका र एक छक्का प्रहार गरे । यसैगरी, आरिफ सेख र कप्तान दीपेन्द्रसिंह ऐरीले मध्यक्रम ब्याटिङ बलियो बनाए । दीपेन्द्रले ३६ बलमा चार छक्का र पाँच चौकाको सहयोगमा ६३ रनको योगदान दिए ।

सेखले ५४ बलमा चार चौका र एक छक्का प्रहार गरी ५५ रन बनाए । मधेशका रूपेश सिंहले ६२ रन खर्चेर चार विकेट लिए । मधेशको ब्याटिङमा दीपेश दासले दुई चौका र एक छक्का प्रहार गरी सर्वाधिक ३१ रनको योगदान दिए ।



> मधेशविरुद्ध आर्मीका तृतराजले १३९ बलमा ११२ रनको योगदान दिए

खेल संक्षेप

उमा कुङ्फुमा बागमती च्याम्पियन

काठमाडौं / बागमती प्रदेशले सातौं राष्ट्रिय उमा कुङ्फु प्रतियोगिताको उपाधि शनिबार जितेको छ । सर्वाधिक १९ स्वर्ण जित्दै बागमती टिम च्याम्पियन बनेको हो । राष्ट्रिय उमा कुङ्फु संघको आयोजनामा भएको प्रतियोगितामा कोशी प्रदेश १३ स्वर्णसाथ दोस्रो र तेस्रो स्थानमा रहेको गण्डकी प्रदेशले ७ स्वर्ण जित्यो । प्रतियोगिताको पुरुषमा राकेश कुलुङ राई तथा महिलामा आरोनिया श्री उत्कृष्ट खेलाडी घोषित भएको आयोजक संघका अध्यक्ष सन्जितकुमार राईले जनाएका छन् । उत्कृष्ट दुवै बागमतीका हुन् । एकदिन आयोजना भएको प्रतियोगिताको सान्डा, ताइची र प्यादर्नमा गरी जम्मा ३९ स्पर्धामा १ सय ७५ खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।



प्रियान्सु र भोज अन्तिम आठमा

काठमाडौं / युनिटीका प्रियान्सु क्षेत्री र एपिएफ क्लबका भोजबहादुर गुरुङ तेस्रो यलम्वर राष्ट्रव्यापी खुला ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलमा शनिबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । प्रतियोगितामा प्रियान्सु नेपाल प्रहरीका कविर केसीलाई २-० को सेटमा हराए । भोजले तन्दुरी हाउसका हिमान्सु मगरलाई २-० को सेटमा निराश पारे । पुरुष एकलमा धादिङका सुजन थापाले देवीनगरका सक्षम ढकाललाई २-१ ले हराए । कैलालीका रोशन साउदले फिटनेस पार्कका अमन डंगोललाई २-० ले पाखा लगाए । नेपाल प्रहरीका हीरा राईले कैलाली शिशिर राणालाई २-१ ले निराश पारे ।

ह्विलचियर बास्केटबल हुने

काठमाडौं / अन्तरउपत्यका क्लबस्तरीय ह्विलचियर बास्केटबल प्रतियोगितामा ४ देखि ५ चैतसम्म हुने भएको छ । नेपाल स्पाइनल कर्ड इन्जुरी खेलकुद संघले प्रतियोगिताको पुरुषतर्फ सात र महिलातर्फ ६ टोलीले सहभागिता जनाउने पक्का गरेको जनाएकोछ । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ ।

पुरुषतर्फ समूह 'ए'मा एपिएफ र आर्मीसहित स्पाइनल कोर्ड इन्जरी नेटवर्क नेपाल र ह्विलचियर स्पोर्ट्स् एसोसिएसन छन् । अर्को समूहमा बिआइए, नेपाल आदिवासी जनजाति अपांग संघ र आयोजक टोली रहेका छन् । महिलाको समूह 'ए'मा एससिआइएनएन, निडवान र आयोजक टोली एनएससिआइए छन् ।

बुढानीलकण्ठ टिम विजेता

काठमाडौं / बुढानीलकण्ठ डोजोले प्रथम बुढानीलकण्ठ मेयर कप काठमाडौं उपत्यकाव्यापी सितोरियो कराते प्रतियोगिताको उपाधि शनिबार जितेको छ । बुढानीलकण्ठले १२ स्वर्ण, ५ रजत र १० कांस्य जितेको प्रतियोगिता संयोजक प्रेम लामाले जनाएका छन् । प्रतियोगितामा गोल्फुटार ५ स्वर्ण, ५ रजत र ५ कांस्यसाथ दोस्रो भयो । तेस्रो स्थानको श्रीयन्त्रले ३ स्वर्ण, ४ रजत र ३ कांस्य हात पाच्यो । १ स्वर्ण, ३ रजत र ३ कांस्यसाथ स्टार स्कुल चौथो स्थानमा रह्यो । बुढानीलकण्ठमा भएको प्रतियोगिताको पुरुषमा बुढानीलकण्ठका लक्ष्मण बराल तथा महिलामा गोल्फुटारकी सुष्मा राई उत्कृष्ट खेलाडी घोषित भए । पुरुषमा श्रीयन्त्रका गोइदुप तामाङ र महिलामा क्यामेलियाकी विशिका मगर उदीयमान खेलाडी चुनिए । मूलपानी डोजोले अनुशासित टिमको ट्रफी हात पार्दा प्रोग्रेसिभ स्कुल मार्च पास्टमा उत्कृष्ट ठहरियो ।



मञ्जुश्री ट्रेल रेसमा अर्जुन च्याम्पियन

नयाँ पत्रिका

नेपालको चर्चित मञ्जुश्री ट्रेल रेस (एमटिआर)को पाँचौं संस्करणमा नेपालका अर्जुन कुलुङ राई विजेता बनेका छन् । मञ्जुश्री ट्रलको प्रमुख इभेन्ट एक सय माइल्स दौड अर्जुनले २६ घण्टा २९ मिनेट २५ सकेन्ड समय लगाएर उपाधि हात पारेका हुन् । नेपालकै मिलन कुलुङ राई २८:१५:२५.३ टाइमिङका साथ लगातार दोस्रोपटक उपविजेता भएका छन् । नेपालका शेर थारू २८:४७:०६.२ सकेन्डसहित तेस्रो भए । विजेता अर्जुनले ७५ हजार, मिलनले ४० हजार र शेरले २० हजार रुपैयाँ पुरस्कार पाएका छन् ।

सय किमि दौडमा विशाल राई १३:२९:०४ सकेन्ड समयका साथ च्याम्पियन बने । गोपाल तामाङले १३:३९:०७ सकेन्डमा दोस्रो स्थान र निरोज भट्ट १४:१२:३५ सकेन्डका साथ तेस्रो भएका छन् । सय किमि दौड महिलातर्फ नेपालकी रसिला तामाङ पहिलो भइन् । रसिलाले १७:५८:०५ सकेन्डमा दौड सकाइन् । छोकी शेर्पा १८:१५:०५ सकेन्ड समय लगातार दोस्रो भइन् । फ्लेर मोउतज्वले २० :४३:०५ सकेन्ड समय लगाएर तेस्रो स्थानमा रहिन् । यसैगरी, ५० किमि पुरुष दौडमा मानकुमार रोक्का मगर (०६:४२:२५ सकेन्ड)का साथ पहिलो भए ।

लोकेन्द्र राई (०६:४६:३८ सकेन्ड) दोस्रो र धीरबहादुर बुढा (०६:५९:५९ सकेन्ड) तेस्रो भएको आयोजकले जनाएको छ । ५० किमि महिला दौडमा प्रिया राई पहिलो, कल्पना बुढा दोस्रो र राज्य लक्ष्मी रावल तेस्रो भए । प्रियाले निर्धारित दूरी ०७:४६:०५ सकेन्डमा पूरा गरिन् । यसैगरी, कल्पनाले ०८:१६:०६ सकेन्ड र राज्यलक्ष्मीले ०८:४०:५२ सकेन्ड समय लगाए ।



> नेपालकै चर्चित रेसको उपाधि जित्न अर्जुन कुलुङले २६ घण्टा २९ मिनेट २५ सेकेन्ड समय खर्चे

३० किमिमा राजन पहिलो

प्रतियोगिताअन्तर्गत ३० किमि दौडमा राजन मेयोङबाले पहिलो स्थान हात पार्न ३:४३:०३ सकेन्ड समय लगाए । युवकराज बुढा (४:०३:२२ सकेन्ड) दोस्रो र अक्कल बढवाल (४:३७:०१ सकेन्ड) तेस्रो भए । ३० किमि महिलातर्फ अस्मी तामाङ ६:३४:०३ सकेन्ड समयमा दौड पूरा गरी च्याम्पियन बनिन् । कथेरिना हल दोस्रो र रिन्छे दोला लामा तेस्रो भए । कथेरिनाले निर्धारित दूरी ०८:२४:०६ सकेन्डमा पूरा गरिन् । यसैगरी, रिन्छेले ०८:५३:०० सकेन्ड समय लगाइन् ।

१० किमि पुरुषतर्फ नेपालका सुमन नापित र महिलातर्फ अमेरिकाकी बोराह लिम विजेता बने । सुमनले ५२ मिनेट ४२ सकेन्डमा निधारित दूरी पूरा गरे । यसैगरी, उदयबहादुर श्रेष्ठ ५३ मिनेट ३० सकेन्डसहित दोस्रो र हरि तामाङ ५५ मिनेट ०२ सकेन्डसहित तेस्रो भए । अमेरिकी लिमले १० किमि महिला इभेन्ट जित्न ५२ मिनेट ४० सकेन्डमा दौड पूरा गरिन् । मञ्जुश्री ट्रेल रेसमा सय माइल्समा ८१, सय किमिमा ५२, ५० किमिमा १३१, ३० किमिमा ९८ र १० किमिमा १९१ धावक-धाविकाले सहभागिता जनाएका थिए ।

राष्ट्रिय टोलीमा परेनन् नेमार

एजेन्सी

स्ट्राइकर नेमार जुनियर ब्राजिलियन राष्ट्रिय फुटबल टोलीबाट बाहिरिएका छन् । चोटका कारण नेमारले टोलीमा स्थान बनाउन नसकेका हुन् । उनी अक्टोबर २०२३ देखि टोलीबाट बाहिर नै छन् । नेमारलाई गत महिनाको ब्राजिलले आफ्नो टोलीमा समावेश गरेको थियो । तर, सान्तोसबाट प्रतिस्पर्धा गर्ने क्रममा दायाँ घुँडामा चोट लागेपछि उनी एक महिना मैदानबाहिर छन् । बायाँ घुँडामा लागेको चोट पूर्ण ठिक नहुँदा उनलाई विश्वकप छनोटबाट बाहिर राखिएको संघले जनाएको छ । २ मार्चमा ब्रागान्टिनोको क्वार्टरफाइनलाम उनी घाइते भएका थिए । चोटग्रस्त हुँदै मैदानबाट बाहिरिनुअगाडि उनले उत्कृष्ट फ्रिकिक गोलसमेत गरेका थिए । ब्राजिलियन फुटबल संघले नेमारसँगै म्यानचेस्टर सिटीका गोलरक्षक एडर्सन र फ्लेमेन्गोका डानिलोलाई पनि टोलीबाट हटाएको छ ।



रियल म्याड्रिडका युवा स्ट्राइकर एन्ड्रिकले नेमारको स्थान लिने छन् । लियोनका गोलरक्षक लुकास पेरी र फ्लेमेन्गोका डिफेन्डर एलेक्स सान्ड्रोले टोलीमा स्थान बनाएका छन् ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट



यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com